त्रैमासिक बुलेटिन
दर्ता नं.: ३२/२०७५ पाल्पा

# हाम्रो तानसेन

वर्ष १, पूर्णाङ्क ३, कार्तिक २०७५
Our Tansen
Quarterly Bulletin
Vol.3 (Nov 2018)


- तानसेन नगरपालिकाको कर सेवा शुल्क र दस्तुरमाथि विहंगम दृष्टि - ८
- नेपालको राजनीतिक परिवर्तनमा पाल्पालीहरु - १४
- आङ्लो - नेपाल वारकालीन तानसेन - १७
- स्थानीय सरकारको हैसियतले जनप्रतिनिधिहरुले काम गर्नुपर्छ - २४
- Tourism in Tansen - 27


लगायत अन्य सामग्रीहरु



(श्रीनगर भ्यू टावरबाट तानसेनको दृश्य ।)
तस्विर - अनिल लिगल, पत्रकार







प्रकाशक:
**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



राजपत्र लोकार्पण गर्दै प्रदेश सभासदद्वय डा. पुरनमान बज्राचार्य र वीरबहादुर राना तथा नगरप्रमुख अशोककुमार शाही, साथमा जि.स.स. प्रमुख दयाराज बस्याल



तानसेन टुंडिखेलमा रणउजीरेश्वरी भगवती रथ यात्रा



चीनको लशान नगर भ्रमणमा जाँदै तानसेन नगरप्रमुख, उपप्रमुख, प्रवक्ता सहितको टोली काठमाडौंमा



अमरनारायण मन्दिर परिसर सरसफाइमा प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनाल, नगरप्रमुख शाही लगायत




चीनको लशान नगर भ्रमणमा तानसेन नगरप्रमुखलाई स्वागत गर्दै




प्राथमिक उपचार बक्स वितरण कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य ठाकुर गैरे लगायत

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष १, पूर्णाङ्क ३, २०७५, कार्तिक) दर्ता नं.: ३२/२०७५ पाल्पा

**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा
**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उप प्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
कीर्तनराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** मीलन नेपाली
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौं

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः **hamrotansenbu@gmail.com**
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०

**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

## सम्पादकीय



**– गोविन्द भट्टराई**

### 'हाम्रो तानसेन' लाई समावेशी बनाऔं

तानसेनको इतिहास, कला, संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत विकास निर्माणका गतिविधि तथा अन्य सार्न्दभिक सवालका लेख/रचना समेटेर प्रकाशन आरम्भ भएको **हाम्रो तानसेन**को यो तेस्रो अंक हो । **हाम्रो तानसेन**ले तानसेनको विकास, निर्माण तथा समग्र उन्नतिका लागि बिनाभेदभाव सबैतिरबाट प्राप्त सुझाव, सल्लाहलाई आव्हान गर्दै आएको छ र मनन गरेको छ, गर्ने छ । नगरवासीको साझा आवाज बन्ने जमर्को यसले गरेको छ । यो कुरा अंक २ र ३ मा प्रकाशित **हाम्रो तानसेन** बारेका समीक्षा सामग्रीले समेत पुष्टि गरेका छन् ।

निश्चित पेज हुने भएकाले चाहेर पनि एकैपटक सबैका सामग्री प्रकाशन नहुन सक्दछ तर नियमित प्रकाशन भएकाले आलोपालो सबैलाई स्थान दिइने विश्वास दिलाउन चाहान्छौं । तानसेन नगरपालिकाको विकास निर्माणका लागि सूचना प्रवाह तथा जनमत सिर्जना गर्दै शव्दका माध्यमबाट यथासक्य सहयोग गर्नु **हाम्रो तानसेन** को मुख्य उद्देश्य हो । यसलाई तानसेनवासीको साझा र सामग्रीका हिसाबले थप समावेशी बनाउँदै जानका लागि लेख, रचना र सुझाव सल्लाहको लागि सबैसँग आव्हान गर्दछौं ।

**हाम्रो तानसेन** संघीय सरकारको सम्बन्धित निकायमा समेत आधिकारिक रूपमा दर्ता भएको कुरा अवगत गराउन चाहन्छौं । यस अवसरमा सहयोग गर्ने सम्बन्धित निकाय, लेखक, सञ्चारकर्मी साथीहरू, तानसेन नगरपालिकाका निर्वाचित नगरप्रमुख, उपप्रमुखलगायत जनप्रतिनिधि, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवम् कर्मचारीहरू र सम्पूर्ण नगरवासीलाई हार्दिक बधाई प्रकट गर्दछु । तेस्रो अंकमा हामीले तानसेन नगरपालिकाको करको दरबारे उठेका गुनासोलाई सम्बोधन गर्दै कर हो वा करको दायरा बढेको हो ? भन्ने बारेमा चर्चा गरेका छौं । शहरीकरणबारे शुरू चर्चा, पाल्पालीहरूको राजनीतिक क्षेत्रमा सहभागिता सम्बन्धी लेख राखिएको छ भने इतिहासबारेको लेखलाई निरन्तरता दिएका छौं । साथै **२०७५ कार्तिक मसान्तसम्मको आयव्यय विवरण** सहित सार्न्दभिक विविध सामग्रीसमेत समेट्ने कोशिश गरिएको छ ।

तानसेनको विकासका लागि तानसेन नगरपालिकाले अगाडि सारेका विकास निर्माणका योजनामा तानसेनवासीको सक्रिय सहभागिता आवश्यक रहन्छ । विकासका लागि सार्थक वहस र चिन्तन अर्थपूर्ण हुन्छ । परिवर्तनका लागि सकारात्मक विरोध वा स्वस्थ आलोचनाको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने तथ्यसमेत हामीले मनन गरेका छौं । विरोधका नाममा नगरको हित र साझा स्वार्थ प्रतिकूल कदम जोकसैबाट चालिनु आत्मघाती कदम हुनसक्छ भन्ने यथार्थलाई समेत तानसेनवासीले मनन् गर्नु पर्दछ । तानसेनको विकासका लागि वैचारिक धरातल र संकीर्ण सोचलाई सबैले त्याग्नु पर्दछ ।

संघीय लोकतान्त्रिक गणतन्त्रका नागरिकले चाहेको विकासको प्रतिफल वा राजनीतिक परिवर्तनका बारेमा निर्वाचित जनप्रतिनिधिहरूले वहस, छलफललाई निरन्तरता दिनु पर्दछ । दल, संघसंगठन, सञ्चारकर्मी, लेखक, समाजसेवीहरूबीच अर्न्तक्रियालाई निरन्तरता दिनु पर्दछ । सबैको साझा चासो तानसेनको समग्र विकास नै बन्नु पर्दछ र बनोस् भन्ने कामना पुनः गर्दछौं । **हाम्रो तानसेन** तानसेनवासीको साझा आवाज बनाउनका लागि यहाँहरू सबैको सहयोग, सल्लाह र सुझावको अपेक्षा गरेका छौं ।

सूचनाः हाम्रो तानसेन वुलेटिनको चौथो अंकको लागि सामग्री २०७५ माघ मसान्तसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ । - प्रधान सम्पादक

संरक्षकको मन्तव्य

# तानसेनको विकास तानसेनवासीको साझा चासो बन्नु पर्दछ



- अशोककुमार शाही

तानसेन नगर सरकारले **हाम्रो तानसेन** नामक त्रैमासिक बुलेटिन प्रकाशन गर्दा उदघोष गरेको थियो– **तानसेनको गौरव, स्वास्थ्य, शिक्षा, पर्यटन, कला हाम्रो पौरख** नारालाई सार्थक तुल्याउन सबैसँग समन्वय र सम्भव सहकार्य अभियानमा जुट्ने छौं । नगरपालिकालाई स्वच्छ, स्वस्थ र पर्यटकीय नगरको रूपमा परिचित र स्थापित गराउन विकास, निर्माण कार्यमा जननिर्वाचित जनप्रतिनिधि, कर्मचारी अनि नगरवासीको साझा प्रयत्न र प्रयासले मात्र सम्भव छ भन्ने तथ्यमा तानसेन नगरपालिका प्रष्ट छ । यही मर्म र असल कर्ममा विश्वास गर्ने **हाम्रो तानसेन** को यो तेस्रो अंक हो । यसलाई अझै उपयोगी र समावेशी अर्थात् तानसेन नगरवासीको साझा आवाज बनाउनका लागि हामी प्रयत्नशील रहेका छौं र यो अभियानमा जननिर्वाचित प्रतिनिधि, कर्मचारी, लेखक, पत्रकार, बुद्धिजीवीलगायत सम्पूर्ण तानसेनवासीको साथ र सहयोग हामीले खोजेका छौं ।

अब तानसेन शीतलपाटी, भुसलडाँडा, कैलाशनगर, बसपार्क सेरोफेरो मात्र होइन साविक अर्गली, बराङ्दी, मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बौघापोखराथोक, बौघागुम्हा गाउँ विकास समितिलगायतका भूभागसमेत समेटिएर आकारमा बृहत् बन्न पुगेको छ तानसेन नगरपालिका । विकासनिर्माण होस् वा अन्य काममा सदैव समग्र क्षेत्रका नागरिकको हितलाई समेटिनु पर्छ । काममा नगरवासीको साथ र सहयोग जुटाउनु पर्दछ । यो कुरामा जनप्रतिनिधि, कर्मचारी प्रष्ट भएर अगाडि बढन नसकिएमा कुनै क्षेत्र वा भेगका नगरवासीले विभेदको अुनभूति गर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ । यसर्थ यो कुरामा सरोकारवालाहरू सचेत र चनाखो रहन आवश्यक छ भन्ने तथ्य मनन् गरेका छौं हामीले ।

तानसेनको समग्र विकासको लागि विकास निर्माणका सवालमा हामी हाम्रा वैचारिक कुण्ठा, आग्रह र पूर्वाग्रहको घेरा तोड्न सकेनौं भने पश्चातापशिवाय हाम्रो भागमा पर्ने छैन । तानसेनमा बस्ने हामी सबैले तानसेनको विकास र उत्थानका लागि सोच्नु पर्छ । नगरसरकारले अगाडि सारेका विकास निर्माणका काममा सबैले सहयोग गर्नु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ । हामीलाई थाहा भएकै कुरा हो-विगतमा राजनीतिक आरोहअवरोह, दक्ष जनशक्तिको अभाव, विभिन्न तहका निर्वाचनका कारण स्थानीय तहमा अपेक्षित काम हुन सकेन । विस्तारै संक्रमणकालीन अवस्था छाडेर क्रमशः अगाडि कदम चालेको अवस्था छ । यद्यपि कर्मचारी व्यवस्थापन लगायतका कामले पूर्णता प्राप्त गरीसकेको छैन । आवश्यक ऐनकानून बनाउने काममा समेत हामीले समय लगायौं, फलतः ऐनकानून निर्माणमा महत्त्वपूर्ण काम सम्पादन भएका छन् । अवको चरण विकास निर्माणका काम र बनेका ऐनकानून कार्यान्वयनको हो यसर्थ सबैले आफूलाई काममा केन्द्रित गर्नु पर्दछ ।

अन्त्यमा, यस वुलेटिन मार्फत् सम्पूर्ण तानसेनवासीमा नगरपालिकाका योजना कार्यान्वयनका निम्ति साथ र सहयोगको लागि पुनः सादर अनुरोध गर्दछु । तानसेन नगरपालिकाको समग्र विकासका लागि सबैको साझा प्रयास र पहल समयको माग हो । कामका सिलसिलामा हामीबाट भएगरेका त्रुटि औंल्याएर सच्चिनका लागि **हाम्रो तानसेन** मार्फत् पनि सुझाव दिन सक्नुहुन्छ । तानसेनको इतिहास, कला, संस्कृति, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य लगायतका सवालमा हामीले गर्नुपर्ने कामबारे समेत नगरवासीको सल्लाह र सुझावका लागि आग्रह गर्दछौं । प्रदेश र नेपाल सरकारसँग समेत सहयोगका लागि अनुरोध गर्दछौं । तानसेनबासीसमक्ष आग्रह छ - तानसेनको विकास हामी सबैको साझा सवाल बन्नुपर्दछ । तानसेन बचाऔं, यसैमा हामी सबैको भलो हुन्छ । धन्यवाद !

**(प्रमुख तानसेन नगरपालिका)**

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | सहज छैन, न्याय सम्पादनमा सहजीकरण | - लक्ष्मीदेवी पाठक | ४ |
| २ | तानसेन बिकास र समृद्धि हाम्रो लक्ष्य | - कीर्तनराज पौडेल | ५ |
| ३ | उपभोक्ता समितिले गर्ने निर्माणकार्य र भुक्तानी लिने प्रक्रिया | - दिवाकर अर्याल | ७ |
| ४ | तानसेन नगरपालिकाको कर सेवा शुल्क र दस्तुरमाथि विहंगम दृष्टि | - झपेन्द्र जी.सी. | ९ |
| ५ | नेपालको राजनीतिक परिर्वतनमा पाल्पालीहरु | - प्रेमनाथ बस्याल | १४ |
| ६ | तानसेन विगतदेखि वर्तमानसम्म -३ | - निर्मल श्रेष्ठ | १७ |
| ७ | धर्मस्थली नगारी तानसेन | - नीलकण्ठ न्यौपाने | १९ |
| ८ | 'हाम्रो तानसेन' बुलेटिनका दुई अङ्कलाई नियाल्दा | - टंकप्रसाद पन्थ | २० |
| ९ | तानसेन नगरपालिकाको शहरीकरण:चुनौती, अवसर र आवश्यकता | - झपेन्द्र जी.सी | २३ |
| १० | स्थानीय सरकारको हैसियतले जनप्रतिनिधिले काम गर्नुपर्छ | - नारायणप्रसाद कोइराला | २४ |
| ११ | तानसेन नगरपालिकामा हाल कार्यरत वडा सचिवहरु | | २५ |
| १२ | तानसेन नगरपालिका र पाल्पाली सञ्चार क्षेत्र | - झपेन्द्र गहिरे | २६ |
| १३ | Tourism in Tansen | - Gopal Prasad Bashyal | २७ |
| १४ | एक अनुभव र अनुभूतिमा पाल्पा तानसेन | - गौरीनाथ प्रधान | २९ |
| १५ | तानसेन नगरपालिकाको नक्सा | | ३२ |
| १६ | तीन मुक्तक | - गोम क्षेत्री | ३५ |
| १७ | सन्दर्भ - शहरी पर्यटनको | - विष्णु पौडेल | ३६ |
| १८ | पाठक पत्र | | ३८ |
| १९ | यी हुन् तानसेन नगरकार्यपालिकाबाट पारित कानून | - दुर्गा थापा | ३९ |
| २० | तानसेन नगरपालिकामा नगर सभा सञ्चालन र विपद् न्यूनीकरणबारे कार्यक्रम | - भरत आचार्य | ४२ |
| २१ | जिन्सी शाखा तथा खरिद इकाइ समितिको गतिविधि | - शिव आत्रेय/रामजीबहादुर कार्की | ४३ |
| २२ | सुन्दर पाल्पा | - भावना खनाल | ४४ |
| २३ | सूचना प्रविधिको क्षेत्रमा भएका प्रगति विवरण | - प्रकाश गैरे | ४५ |
| २४ | तानसेनको राजपत्र लोकार्पण,खर्च सार्वजनिक | - कृष्ण पोखरेल | ४६ |
| २५ | पाल्पाको तानसेन | - राम ज्ञवाली | ४७ |
| २६ | तानसेन सरकार ! श्रीनगरमा मोनोरेल गुडाऔं अब | - झविन्द्र देवकोटा | ४८ |
| २७ | विविध गतिविधि | | ४९ |
| २८ | २०७५ कार्तिक मसान्त सम्मको आमदानी खर्च विवरण | | ५४ |
| २९ | आ.व.२०७४/०७५ को शीर्षकगत यथार्थ आन्तरिक आय विवरण | - मधुसुदन घर्ती | ५५ |
| ३० | वडा गतिविधि | | ५७ |
| ३१ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्वन्धित केही प्रेस विज्ञप्ति | | ६३ |
| ३२ | पत्रपत्रिकामा तानसेन | | ६४ |

# सहज छैन,
# न्याय सम्पादनमा सहजीकरण



– लक्ष्मीदेवी पाठक

न्यायिक समितिले आफ्नो कामलाई क्रमशः अगाडि बढाइरहेको छ । नयाँ जिम्मेवारी, अनुभवको कमीका कारण काम असहज भएपनि हामीले दायित्वबोध गरेका छौं । यी पंक्ति लेखिरहँदा तानसेन नगरपालिका न्यायिक समितिसमक्ष २९ वटा मुद्दाहरु दर्ता भएका मध्ये कोहीलाई मेलमिलाप गराई पठाइएको छ । मुख नमिलेका मुद्दाहरु मुख मिलाई मिलापत्र गराइएको छ । सम्बन्ध बिच्छेदको मुद्दा २ वटामध्ये १ सम्पन्न र १ अन्तिम प्रक्रियामा रहेको छ । बहुबिवाह बढ्दो छ । मुद्दा पनि धेरै छन् । यस्ता प्रकृतिका मुद्दा हुने क्रममा धेरै चुनौती देखिएको छ । श्रीमान पीडक अर्को श्रीमती लिएर सम्पर्कविहीन रहने, पहिलो श्रीमती र छोराछोरीहरूलाई न्याय दिन समस्या परेको छ तर प्रहरी कार्यालयमा खोजीको लागि अनुरोध गरी राखेका छौं । यस्ता प्रकारका मुद्दाहरु ९ वटा आएका थिए । यसै गरी साँधसिमानाका मुद्दाहरु ७ वटा आएका छन् । तानसेन नगरपालिकाको अमिन र न्यायिक समितिका पदाधिकारी, वडा अध्यक्ष र सोही स्थानका समाजसेवी राखी आआफ्नो प्रमाणपूर्जाको आधारमा मिलापत्रद्वारा मुद्धाको किनारा लगाउने काम गरिएको छ । श्रीमान श्रीमतीको सामान्य मनमुटावलाई दुबै पक्षलाई सम्झाउदा राम्रो गरी मिलापत्र भई घरजम गरेको पाइयो । न्यायिक समितिबाट बिवाह दर्ता, नागरिकता र छोराछोरीको जन्मदर्ताको लागि पनि सहजीकरण गरी सहयोग गरिएको छ ।

हाल आएर कोठा भाँडा नतिरेको र ऋण लिई नतिरेका मुद्दाहरु ७ वटा आएका छन् । यस्ता प्रकारका मुद्दाहरु पनि दुवै पक्ष बोलाई सम्झाई रकम किस्ताअनुसार दिने गरी मिलापत्र गराइएको छ । १,२ वटा मुद्दाहरु तारेकमा राखिएको छ । मौखिक निवेदनका मुद्दाहरु पनि आएका छन् । यस्ता प्रकारका मुद्दाहरू प्रकृतिहेरी मिलापत्र गराइएको छ । कोही विवादमा पनि छन् । तीन वटा मुद्दाहरु दीपावली पछि हेर्ने गरी राखिएको छ । समग्रमा हेर्दा बहुविवाह, सम्बन्धबिच्छेद, विवाहदर्ता र नागरिकता दिलाई पाउँ भन्ने, घर जग्गाको साँधसिमाना, लेनदेनका मुद्दाहरु २०७५ मा बढी आएका छन् । हालै फकाईवरी जागिर लगाईदिने निहुमा बेच्ने उद्देश्यले ३ जना बालिकाहरु घर छोडाई हिंडालीसकेको पाइयो । सम्बन्धित घरपरिवार र नेपाल प्रहरीको सहयोगबाट यो समस्याको समाधान भएको छ ।

**चुनौतीहरु :** दोस्रो श्रीमतीका साथ लुकी बस्ने गर्दा पहिलो श्रीमतीलाई न्याय दिन कठिन छ । फोन सर्म्पक नहुनु, सासु ससुरा वा परिवारलाई सम्झाउँदा अपशब्दका आवाज समेत न्यायिक समितिले सुन्नु परेको अवस्था छ । अटेर गर्ने हुँदा र पूर्ण अधिकार न्यायिक समितिमा नहुँदा काम गर्न समस्या जस्तो लागेको छ । यी सबै चुनौतीहरूको सामनाका साथ न्यायिक समिति आफ्नो काम र जिम्मेवारीको लागि तयार छ । हामीलाई सम्पूर्ण कार्यको लागि सहयोग गर्नुहुने सरोकारवाला सबैलाई धन्यवाद दिन्छौं ।

**(उपप्रमुख, तानसेन नगरपालिका)**

# तानसेन बिकास र समृद्धि हाम्रो लक्ष्य



- कीर्तनराज पौडेल

**१. परिचय**

क्षेत्रफलको हिसाबमा १ सय ८ दशमलव ८ वर्गकिलोमिटर भूगोलमा फैलिएको तानसेन पाल्पाको सदरमुकाम मात्र होइन ऐतिहासिक महत्त्व बोकेको ठाउँसमेत हो । १४ वार्डमा ५० हजार ४ सय ५ जनसंख्या रहेको पहाडी नगर आफैमा परिचित छ । कुनै बेला शिक्षा, स्वास्थ्यको केन्द्रको रूपमा परिचित तानसेन पर्यटकीय महत्त्वको हिसाबले समेत चर्चित रहेको छ । तानसेन प्राृकतिक रूपमा सुन्दर छ । हावापानीका हिसाबले अनुकुल छ । सहरी क्षेत्रको सडक, नाली व्यवस्थापन, फोहर व्यवस्थापन, सवारी पार्किङ् व्यवस्थापन, खानेपानीको व्यवस्थापन र पर्यटकका लागि अनुकल बसाइ व्यवस्थापन तत्काल गर्नुपर्ने काम हुन तानसेनका । यी काम सम्पन्न हुनसके तानसेनले गति लिनसक्ने देखिन्छ ।

**२. बिकासका हालसम्मका प्रयास**

तानसेन नगरपालिका पुरानो नगरपालिका मध्येमा पर्दछ । भौतिक विकासका हिसाबले यहाँ विगतमा यथासक्य प्रयास भएका छन् । पहाडी क्षेत्र भए पनि सबै वार्डमा सडक, खानेपानी, विद्युतीकरण, सञ्चार सुविधालगायत पूर्वाधार निर्माणका काम भएका छन् । गत आर्थिक वर्षलाई सडक पहुँच वर्षको रूपमा अगाडि सार्दै करीव ६५ किलोमिटर सडक निर्माण गर्ने काम सम्पन्न गरिएको छ । नगर सौन्दर्यकरणका लागि सडकमा ढुंगा छाप्ने काम, कालीगण्डकीबाट पानी तान्ने काम, श्रीनगर र रानीमहल व्यवस्थापन, फोहर व्यवस्थापनका काममा नगरसरकारले सक्दो पहल गरेको छ । कतिपय कामलाई कार्यान्वयनको चरणमा अगाडि बढाइको छ । मानवीय सहयोगको काममध्ये गत आर्थिक वर्षमा दलित तथा अल्पसंख्यक समुदायका ८ सय ५३ परिवार को निःशुल्क स्वास्थ्य बीमा गरिएको थियो । आवश्यक ऐनकानून निर्माणका कामसमेत तानसेन नगरपालिकाले सम्पादन गरेको छ यद्यपि आवश्यक्ता अनुसार सबै काम सम्पन्न हुन भने सकेको छैन् । त्यसै गरेर रूरू क्षेत्र, रणउजीरेश्वरी भगवती, गणेशधाम लगायत धार्मिक तथा पर्यटकीय महत्त्वका क्षेत्रको गुरूयोजना निर्माणको काम भईरहेको छ ।

**३. बिकासका चुनौती**

भूगोल, सीमित साधनस्रोतलगायत विविध सवाल तानसेनको समयोचित विकासका लागि चुनौती बन्न पुगेका छन् । बुँदागत रूपमा चुनौतीहरू यसप्रकार रहेका छन् :

- नीतिगत चुनौती

  आवधिक योजनाको अभाब, कहिलेसम्ममा केके काम गरीसक्ने भन्ने आवधिक योजना आवश्यक छ ।

  छेत्रगत नीतिको कमी

  भूगोल (बिस्तारित भूगोल, डाँडापाखा, छरिएको बस्ती)

  न्यून बजेट

  अपेक्षित राजश्व परिचालन नहुनु

  दक्ष तथा आवश्यक जनशक्ति व्यवस्थापन

**४. अब गर्नुपर्ने काम**

तानसेनको विकासका लागि तपसिलका कामहरू गर्नुपर्ने देखिन्छ । यी काम चरणवद्ध रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- दीर्घकालीन बिकासनीति तय गर्ने
- एकीकृत शहरी बिकास योजनाको तयारी
- क्षेत्रगत रणनीति तय र सोहीअनुरूप वार्षिक योजना तयार
- ठूला योजनाको निर्माण

  : रणनीतिक सडकहरू निर्माण

  : सीटीहल निर्माण

  : बजार छेत्रको सडक र ढल व्यबस्थापन

  : जग्गा बिकास कार्यक्रम

  : नमूना बस्तीनिर्माण

  : स्वच्छ पिउनेपानी

  : श्रीनगरको पर्यटन बिकास

  : फोहरको दिगो व्यबस्थापन (फोहरबाट उर्जा बिकास)

- धार्मिक क्षेत्र बिकास

  हृषिकेश, अमरनारायण, रणउजीरेश्वरी भगवती, माण्डव्य क्षेत्र विकास, गुफाचौरमा गणेशधाम निर्माणलगायत कामका लागि कतिपय गुरुयोजना निर्माणको काम सकिएको छ भने कतिपय हुँदैछ । गुरुयोजनाअनुसार काम सम्पन्न हुन सकेमा तानसेनको पर्यटन विकासका लागि ठूलो आधार बन्ने देखिन्छ । कतिपय योजनाका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गर्नुपर्ने अवस्था छ ।

- व्यबसायिक कृषि तथा एकीकृत फार्म बिकास

  मदनपोखरा, अर्गली, बौघापोखराथोक, बौघागुम्हा, बन्दीपोखरा लगायतका ग्रामीण क्षेत्रमा नमूना तथा व्यबसायिक कृषि कार्यक्रम प्रवर्द्धन गर्नुपर्ने खाँचो महसुस गरिएको छ ।

**५. निचोड**

पर्यटन, शिक्षा, स्वास्थ्यसँगै व्यबसायिक कृषिका माध्यमबाट तानसेनको समग्र उन्नति सम्भव छ । यी काम गर्न प्रदेश र संघीय सरकारबाट अधिकतम सहयोग जुटाउँदै स्रोत साधनको अधिकतम् परिचालन मौजुदा जनशक्तिको व्यबस्थापनबाट सुखी तानसेनवासी समृद्ध तानसेन बनाउनु हाम्रो एक मात्र साझा लक्ष्य हो । यो लक्ष्य प्राप्तिका लागि जननिर्वाचित प्रतिनिधि, कर्मचारी, विभिन्न क्षेत्रका प्रबुद्ध व्यक्तित्वसँगै सम्पूर्ण नगरवासीको साझा संकल्प र प्रयासको खाँचो छ ।

**(प्रमुख प्रशासकीय अधिकृत)**

# उपभोक्ता समितिले गर्ने निर्माणकार्य र भुक्तानी लिने प्रक्रिया



- दिवाकर अर्याल

**"सार्वजनिक खरिद नियमावली २०६४"** अनुसार उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मतसम्भार गर्नको लागि आफूहरूमध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

**उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिनेः-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा भएको व्यवस्था उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धिमा जोड दिनुपर्दछ । परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ ।

» सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार रू १ करोडसम्मको निर्माण काम उपभोक्ता समितिबाट गराउन सकिने ।

» योजनाको लागत अनुमान गर्दा नै योजना जटिल प्रकृतिको भएमा इन्जिनियरको सिफारीसमा मात्र ठूला मेसिन जस्तै डोजर, भ्याकु, लोडर आदिजस्ता मेसिनको प्रयोग गर्न पाइने ।

» उपभोक्तालाई लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी र जनसहभागिताको अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने ।

» समितिले कार्य प्रगति र खर्चका विलभरपाई समितिबाट प्रमाणित गराई सार्वजनिक गर्नुपर्ने ।

» समितिले जिम्मा लिएको काम ठेकेदारलाई दिन नपाइने ।

» निर्मित संरचनाको मर्मतसंभारको सुनिश्चितता हुनुपर्ने ।

» समितिले भुक्तानी लिएको रकम दुरूपयोग भएमा वा हिनामिना भएमा प्रमुख जिल्ला अधिकारीको सहयोग लिएर भए पनि असुल उपर गरी कानूनी कारवाही हुने ।

» योजनाको निर्माण सम्पन्न हुँदा फर्स्यौटको सुनिश्चितता गरी ३३ प्रतिशत पेश्की दिन सकिने ।

**अनौपचारिक देखिएको हालको अवस्था**

» लगभग ९० प्रतिशत काम उपभोक्ता समितिबाट भएको ।

» साना र सरल योजनामा पनि ठूला मेसिनको प्रयोग भएको ।

» लागत सहभागिताको पूर्ण कार्यान्वयन नभएको र विविधता रहेको ।

» निर्माण व्यवसायीको प्रयोग भएको ।

» विगतमा पेश्की लैजाने र फरफारकमा उदाशीन रही ठूलो मात्रामा पेश्की बाँकी रहेको ।

» नगरपालिकामा पर्याप्त दक्ष प्राविधिक नहुँदा सम्पादित कामको सहज फरफारक नभएको ।

» विद्यमान ऐन र कानूनी व्यवस्था उपभोक्तालाई जानकारी नहुँदा बुझाइमा फरक परी नगरपालिकाले विल घटाई करका नाममा अनावश्यक रकम कट्टी गरेको भनी उपभोक्ता दुःखी भएका ।

» सम्पन्न भएका आयोजनाहरूको गुणस्तर कायम भई आयोजना दिगो नभएको भन्ने गुनासाहरू आइरहेको । समग्रमा अपेक्षित निर्माणकार्य सम्पन्न नहुँदा विकासको गति सुस्त रहेको ।

**योजना फरफारक गर्दा पेश गर्नुपर्ने कागजातहरू**

- » लागत अनुमान
- » सम्झौता पत्र
- » अनुगमन फाराम
- » खर्च सार्वजनिक फाराम र फोटो
- » प्राविधिक शाखाबाट तयार गरेको विल
- » कार्यसम्पन्न प्रतिवेदन
- » प्राविधिक शाखाबाट तयार गरेको विलको रकम बराबरको प्रमाणित विल भरपाई
- » प्रत्येक विलमा समितिको अध्यक्षले दस्तखत गर्ने
- » योजना निर्माणपूर्व, निर्माण हुँदै गर्दा र सम्पन्न भएपछि को ३ प्रति फोटो ।
- » रू २० हजारभन्दा बढीको भ्याट विल ।
- » रू २० हजारभन्दा थोरैका विल स्थायीलेखा नम्बर भएको हुनुपर्ने ।
- » सम्झौता गर्दा र सम्पन्नपश्चात् भुक्तानीका लागि वडा कार्यालयको सिफारिस

**विल भुक्तानी लिँदा कट्टी हुने विवरण**

- » उपभोक्ता समितिले गरेको कामको रू ५० लाखभन्दा ठूलो विलमा मात्र अग्रिम आयकर १.५ प्रतिशत ।
- » डोर हाजिरीमा भएको रकमको १ प्रतिशत सामाजिक सुरक्षा कर ।
- » साधन भाडामा लिएको विल रकमको १० प्रतिशत वहाल कर ।
- » सामान ढुवानी गरेको विल रकमको १० प्रतिशत ढुवानी कर ।
- » नगरपालिकाबाट निर्धारित २० प्रतिशत लागत सहभागिताको रकम ।
- » २.५ प्रतिशत कन्टेन्जेन्सी र २.५ प्रतिशत मरमत संभारकोष

**अब के गर्ने ?**

तानसेन नगर हाम्रै हो यसको विकास निर्माण गर्ने जिम्मेवारी पनि हाम्रै र विकासको फलको प्रयोग पनि हामीले नै लिने हो भन्ने स्वच्छ भावनाको विकास गरी तानसेन नगरसभाले पारित गरेका र संघीय सरकारका ऐननियम, विधि र प्रक्रियाको पालना गर्दै निर्माण कार्यलाई अगाडि बढाउनु पर्दछ । आफ्नो काम आफैं गरी नगरको विकास गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ, यो अवसरलाई गुमाउनु हुँदैन । हामीले हाम्रो काम नगरे अरूले गरिदिन्न तसर्थ सरोकारवाला सबै एकजुट भई सकारात्मक सोचका साथ निर्माण कार्यमा जुटौं । हामीले नगरे कसले गर्ने, अब नगरे कहिले गर्ने ? प्रक्रिया र विधि बुझेर अगाडि बढेमा विकास निर्माण कार्य सहज हुनुका साथै समयमै सम्पन्न गर्न सकिन्छ । यो तथ्य सबैले मनन् गरौं, बुझेकाले अरूलाई बुझाउँन सहयोग गरौं ।

**(लेखा अधिकृत)**

# तानसेन नगरपालिकाको कर सेवा शुल्क र दस्तुरमाथि विहंगम दृष्टि



- झपेन्द्र जी.सी.

**विषय प्रवेशः** नेपालको संविधान २०७२ साल असोज ३ गते लागू भयो जसअनुरूप स्थानीय तह, प्रदेश तह, संघीयतहको निर्वाचन क्रमशः सम्पन्न भएपछि २०७४ साल फाल्गुन ३ गतेदेखि सरकार निर्माणको क्रमले पूर्णता प्राप्त गरेको हो । अहिले स्थानीय तह, प्रदेश तह र सङ्घ तहमा सरकारहरु क्रियाशील रहदै आएका छन् । **समृद्ध नेपाल; सुखी नेपाली** नेपाल र नेपालीको सपना बनेको छ । राष्ट्रिय सपनालाई आआफ्नो योजनामा परिणत गरी विपना बनाउने उद्देश्यअनुरुप सबै तहका सरकारहरूले आआफ्नो योजनाहरु अघि सारेका छन् । सङ्घ तह र प्रदेशहरूबाट निर्माण गरी लागू गर्नुपर्ने कतिपय ऐन कानूनहरु निर्माण हुने र लागूहुने क्रममा छन् । नेपालको संविधानले समृद्ध नेपाल र सुखी नेपालीको सपनालाई पूरा गर्दै समाजबाद उन्मुख सामाजिक आर्थिक व्यवस्थापन गर्न सबै तहका सरकारलाई अधिकारसम्पन्न बनाउने प्रतिबद्धता जाहेर गरेको देखिन्छ । संविधानको अनुसूची ५ मा सङ्घको अधिकार सूची, अनुसूची ६ मा प्रदेशको अधिकार सूची, अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार सूची, अनुसूची ८ मा स्थानीयतहको अधिकार, अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमार्फत् राजश्व संकलन, राजश्व बाडफाँडको सीमा र क्षेत्र निर्धारण गर्नुको साथै प्रभावकारी राज्य सञ्चालन, विकास र समृद्धिका गतिविधिहरु अघि बढाउन सङ्कल्परत भएको पाइन्छ । स्पष्टै छ **"बिना धन केही नभन"** नेपाली कथनअनुरूप पनि राज्य सञ्चालन र विकासका लागि आर्थिक पक्ष पहिलो पाटो बनेर उपस्थित हुन्छ । यही विषयलाई केन्द्रविन्दुमा राखेर संविधान प्रद्दत्त अधिकारलाई प्रयोग गर्दै तिनै तहका सरकारहरूले राजश्व सङ्कलन गर्न शुरु गरेका हुन् । अनुसूची ८ बमोजिम स्थानीय तह अर्थात् नगरपालिका र गाउँपालिकाले पनि कानून तर्जुमा गरी कर दस्तुर र शुल्कहरु सङ्कलन गर्न शुरु गरेका छन् । यो शुरु गरेसँगै सरकारले जनताले धान्नै नसक्ने गरी कर बढायो, जनताको ढाडै भाँच्न थाल्यो, यो संविधान, यो सङ्घीय व्यवस्था र यी सरकारहरु त कामै नलाग्ने रहेछन् । योभन्दा त पञ्चायती व्यवस्था र पञ्चायती व्यवस्था भन्दा अझै राणाशासन उत्तम थियो जस्ता प्रचारबाजी भैरहेका छन् । यसखालको प्रचारबाजी हुनु अवश्य नै राम्रो होइन । यसले त अराजकतालाई नै जन्म दिनसक्छ एकातर्फ भने अर्कोतर्फ साँच्चै नै अविवेकपूर्ण ढङ्गले हचुवाको आधारमा कर, शुल्क र दस्तुर बृद्धि गरीएकै हो त ? यस विषयमा बौद्धिक स्तरमा तथ्यसत्यका आधारमा छलफल गरी सर्वसाधारण जनतालाई सुसूचित गर्नुपर्नेतर्फ पनि अत्यन्त ध्यान दिनुपर्ने देखिन्छ । यसै सर्न्दभमा केन्द्रित भएर तानसेन नगरपालिकाको कर नीति र त्यसले लागू गरेको करको प्रकृति कस्तो छ यसै विषयमा यो आलेख तयार गर्ने जमर्को गरिएको छ ।

**तानसेनको विषयमा प्रवेशपूर्व करको मर्म र अर्थः** सामन्तवादी एवम् हुकुमी शासन प्रणालीमा शासकहरूको इच्छा र आदेशमा आफ्नो निजी ढुकुटी भर्न र पारिवारिक मोजमस्तीका लागि जनताबाट अनिवार्य असुल उपर गरिने झारा, बेठबेगारी, मालपोत आदि कर हुन्थे । तर आधुनिक लोकतान्त्रिक, लोककल्याणकारी र कानूनी शासन पद्धतिमा जनतासँग कुनै निकायबाट अनिवार्य असूल उपर गरिन वित्तीय शुल्क सार्वजनिक हितको लागि सङ्कलन गरिएको हुन्छ । यस्ता वित्तीय शुल्क (Financial Charge) नै कर हो । जुन राज्य प्रणालीका विभिन्न तहका सरकारले संविधानको मार्गदर्शनमा कानूनवमोजिम सङ्कलन गर्ने गर्दछन् । यस्ता करहरु तिर्नु जनताको दायित्वभित्र पर्दछ । कर तिरेबापत् कर दाताले प्रत्यक्ष लाभ प्राप्त गर्ननसके पनि कानूनी राज्य प्रणालीमा करदाता नागरिक वा निकायहरूले अप्रत्यक्ष रूपमा आफूले तिरेको करबाट लाभान्वित भइरहेका हुन्छन् । गाउँ, नगरमा पूर्वाधारको विकास हुनु, शान्ति सुरक्षाको व्यवस्था हुनु, सामाजिक सुरक्षा भत्ता प्राप्त हुनु, स्वास्थ्य, उद्योग र कृषि प्रबर्द्धनमा अनुदान र अन्य प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्राप्त हुनु पनि त्यही आफूले तिरेको करको सदुपयोगिता र प्रभावकारिताको परिणति हो । यसलाई यसरी नै बुझ्ने र बुझाउने प्रभावकारी मिडिया व्यवस्थाको दरकार हुन्छ । करको अर्थ र मर्मबारे सर्वसाधारण सुसूचित र शिक्षित हुनु अनिवार्य छ । करकाबारे विद्वान अर्थशास्त्रीहरु के भन्छन् त्यो पनि संक्षिप्तमा हेरौं :

**एडम स्मिथ भन्छन् :** A contribution from the citizens for the support of the state अर्थात् राज्यको सहयोगका लागि नागरिकहरूद्धारा गरिने योगदान नै कर हो ।

**Prof. Edin RA seligman** का अनुसार जनताद्वारा जनहित कार्यका लागि प्रत्यक्ष लाभको आशा नराखी सरकारलाई दिएको अनिवार्य योगदान नै कर हो ।

यसरी नै **Hugh Dalton** भन्दछन्ः सार्वजनिक अधिकारीद्वारा निधारित अनिवार्य योगदान नै कर हो, जुन करदातालाई प्रदान गरिने सेवा बराबरको रकमसँग असम्बन्धित हुन्छ र यो कुनै

कानूनी कसुरको सजायका रूपमा लगाइएको हुँदैन । (A tax is a compulsory contribution imposed by public authority irrespective of the exact amount of service rendered to the tax payer in return and not imposed as penalty for any legal offence) उपर्युक्त अर्थशात्रीहरूका मतमा सार्वजनिक हितका लागि राज्यले अनिवार्य रूपमा नागरिकबाट र व्यावसायिक प्रतिष्ठानहरूबाट अनिवार्य रूपमा सङ्कलन गर्ने वित्तीय रकम नै कर भन्ने कुरा स्पष्ट हुन्छ ।

**करको वर्गीकरण र नागरिकको बुझाइः** आधुनिक लोकतान्त्रिक प्रणालीमा, नागरिकहरूले दुई प्रकारका कर तिरिरहेका हुन्छन् । ती हुन प्रत्यक्ष कर र अप्रत्यक्ष कर । नागरिकहरूले आफ्नो स्रोतबाट सरकारलाई सिधै तिर्ने कर नै प्रत्यक्ष कर हो । करको भार सिधै नागरिकमा परेको हुन्छ । अप्रत्यक्ष कर अन्तर्गत आयकर, सम्पत्ति कर, सवारी कर, ब्याज कर, उपहार कर, आकस्मिक लाभ कर, हाटबजार कर, पार्किङ कर आदि पर्दछन् । करदाता नागरिकहरूले यस्तै करलाई करका रूपमा बुझेका हुन्छन् । यसका अतिरिक्त मूल्य अभिवृद्धि कर, अन्त : शुल्क कर र भन्सार कर पनि हुन्छन् । उपभोक्ताले यस्ता कर पनि तिरिरहेका हुन्छन् । जो अप्रत्यक्ष रहने हुँदा यसलाई अप्रत्यक्ष करका रूपमा बुझिन्छ । सर्वसाधारण जनताले यसमा त्यति चासो लिदैनन् । आधुनिक लोकतान्त्रिक राज्य प्रणाली अब्लम्बन गरेका मुलुकले करदाता नागरिकहरूको अधिकतम हितलाई ध्यानमा राखेर करका दर र पद्धति अब्लम्बन गरेका हुन्छन् । लोकतान्त्रिक र लोककल्याणकारी राज्य प्रणालीका सिद्धान्त अवलम्बन गरेको नेपाल सरकारले आम्दानी र सम्पत्तिको आयतन (Volume) को आधारमा करको सिद्धान्त प्रतिपादन गरेको देखिन्छ । यसले गर्दा बढी सम्पत्ति हुनेले बढी कर र बढी आम्दानी हुनेले बढी कर राज्यलाई भुक्तानी गर्नुपर्ने नीतिलाई लागू गरेको हुँदा नेपालको कर प्रणाली प्रगतिशील कर प्रणालीमा आधारित छ भन्न सकिन्छ । यस नीतिले आधारभूत वर्ग समुदायको पक्षपोषण गर्नुका साथै बढी आम्दानी र बढी सम्पत्तिवालसँग त्यही अनुरूपको दर रेटका आधारमा कर लिने व्यवस्था गरेको छ । यसैले वर्तमान नेपालको कर निर्धारण नीतिलाई प्रगतिशील कर प्रणालीको सङ्केतका रूपमा लिन सकिन्छ । तर हाल राज्यका विभिन्न तह र विशेषगरी स्थानीय तह सरकारबाट असुल उपर गरिने करबाट बढी आम्दानी हुने र बढी सम्पत्ति हुने करदाताहरु करको भार आफूमा परेको ठहर गरी स्थानीय सरकारले करको भार लगाएर सर्वसाधारणलाई न उठ्न न बस्ने बनायो भन्ने तर्कहरु अघि सारेर आफ्ना लागि सुरक्षा कवज खोज्दै गरेको देखिन्छ । वास्तवमा कर वृद्धि भएको छैन, करका शीर्षक र दायरा विस्तारित भएका हुन । शुल्क र दस्तुरका दरहरु हेरफेर भएका हुन । शुल्क र दस्तुरमा असन्तुलन र अव्यावहारिक तथ्य छन भने स्थानीय सरकारहरूले पुनरावलोकन, पुर्नमूल्याङ्कन र पुर्नव्यवस्थापन गर्न पनि अवश्य नै बिलम्ब गर्नुहुंदैन, गर्नु पर्छ भन्ने महसुस गर्ने नै छन् ।

**तानसेन नगरपालिकाको आर्थिक विधेयक २०७४ र २०७५ को तुलनात्मक अवलोकनः** नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम तानासेन न.पा. को नगरसभाले २०७४ र २०७५ को आर्थिक ऐन सार्वजनिक गरेको छ । ऐनको दफा १७ मा प्रशासकीय पुनरावलोकन र पुनरावेदनको व्यवस्था गरेको छ । न.पा. प्रमुखको अध्यक्षतामा विज्ञसहित रहेको ३ सदस्य समितिले करको प्रकृति र प्रवृत्तिले करदातालाई बढी बोझ थपिन गएमा करदाताको सिकायत र निवेदनका आधारमा ३५ दिनभित्र पुनरावलोकन गरी करदातालाई जानकारी दिनु पर्ने व्यवस्था छ । कर, शुल्क, महसुल, दण्ड जरिवाना सम्बन्धी विषयमा जोकोही करदाताले तथ्य र तर्कका आधारमा निवेदन गर्न सक्ने र तोकिएको म्यादभित्र पुनारावलोकन समितिले प्रशासकीय पुनरावलोकन गरी यथार्थ छानविनका साथ फैसला नगरेमा र करदातालाई थप आर्थिक भार पर्न गई हानिनोक्सानी भएमा नगरपालिकाले त्यसको क्षतिपूर्ति दिनुपर्ने व्यवस्थासमेत हुनुले करदाताको अधिकारलाई सुरक्षित गरेको देखिन्छ । यसरी नै दफा २० मा प्रगतिशील कर प्रणाली लागू गर्ने प्रतिवद्धता जाहेर गरिएको छ । गरीब तथा विपन्न वर्गलाई करको बोझ कम गर्न समानताका आधारमा नभई समताको आधारमा कर लागू गरिएको देखिन्छ । अर्थात सम्पत्तिको आयतन र आम्दानीको आयतन बढी हुनेले बढी कर रकम भुक्तानी गर्ने र सम्पत्ति र आयको कम आयतन हुनेले कम रकम तिर्ने व्यवस्था हुनुले एकातिर न.पा.को राजश्व बृद्धि हुने, अर्कोतर्फ कम आय र कम सम्पत्ति हुने करदातालाई राहत दिन खोजेको देखिन्छ ।

**जग्गा मूल्याङ्कन दररेट :** आर्थिक ऐन २०७४ को अनुसूची १ मा तानसेन न.पा. क्षेत्र भित्रका १४ वटै वडाका जग्गाको उत्पादकत्व क्षमता, शहरीकरण र सुविधा क्षमता र सडक सञ्जाल पहुँचका आधारमा जग्गाको मूल्यसूची देहायबमोजिम तय गरेको देखिन्छ । यहाँ जग्गाको वर्गको मात्र उल्लेख गरिन्छ । **(विस्तृत विवरण २०७४ को ऐनको अनुसूची १ नै हेर्नुहोला ।)**

'क' वर्ग - प्रति रोपनी - रु १,१४,००,००० ।-
'ख' वर्ग - प्रति रोपनी - रु ७८,००,००० ।-
'ग' वर्ग - प्रति रोपनी - रु ५१,००,००० ।-
'घ' वर्ग - प्रति रोपनी - रु ४२,००,००० ।-
'ङ' वर्ग - प्रति रोपनी - रु २८,००,००० ।-
'च' वर्ग - प्रति रोपनी - रु २१,००,००० ।-
'च' वर्ग - गौरीशङकर होटल, होलाङदी क्षेत्र प्रति रोपनी - रु २४,००,००० ।-
'च' वर्ग - लुमेक क्षेत्र प्रति रोपनी - रु २४,००,०००।-
'छ' वर्ग - बर्तुङ सडकदेखि सि. कार्यालय प्रति रोपनी - रु१८,००,००० ।-
'छ' वर्ग - काजीपौवाको ग्रामीण बस्ती प्रति रोपनी - रु१८,००,००० ।-
'ज' वर्ग - घरेलु, कारागार प्रति रोपनी - रु १५,००,००० ।-
'ज' वर्ग - बसपार्कमुनि कारागार प्रति रोपनी - रु १५,००,००० ।-
'ज' वर्ग - साविक बर्तुङ ६,८,९ र ध्रुवघाट प्रति रोपनी - रु ८,४०,००० ।-

'ञ' वर्ग - बाँसटारी क्षेत्र प्रति रोपनी - रु ८,४०,००० ।-
'ञ' वर्ग - बाँसटारीदेखि झडेवा जाने बाटो प्रति रोपनी - रु१५,००,००० ।-
'ञ' वर्ग - बर्तुङ चौराहादेखि प्रभाससम्म प्रति रोपनी - रु९,००,००० ।-
'ञ' वर्ग - वडा नं ५ गाईखर्क प्रति रोपनी - रु ३०,००० ।-
'ट' वर्ग - साविक बर्तुङ मिसन अस्पताल ध्रुवघाट प्रति रोपनी - रु १५,००,००० ।-

**एकीकृत सम्पत्ति करको दर**

जग्गा र भौतिक संरचनाको मूल्याङ्कनपछि कायम हुन आएको मूल्यमा देहाय बमोजिमको दरले एकीकृत सम्पत्ति कर लगाइने छ । साथै संशोधित स्थानीय स्वायत्त शासन नियमावलीको सातौं संशोधनले कायम गरेअनुरुप गर्ने व्यवस्था क्रमशः मिलाइनेछ ।

| सि.नं. | देखि | सम्म | कर आ.व. २०७४ | कर आ.व. २०७५ |
|---|---|---|---|---|
| १ | रु १ | १ लाख २५ हजार | रु २५ ।- | रु २५ ।- |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | रु ५० ।- | रु ५० ।- |
| ३ | २ लाख ५० हजार १ | ३ लाख ७५ हजार | रु ७५ ।- | रु ७५ ।- |
| ४ | ३ लाख ७५ हजार १ | ५ लाख | रु १०० ।- | रु १०० ।- |
| ५ | ५ लाख १ | ६ लाख २५ हजार | रु १२५ ।- | रु १२५ ।- |
| ६ | ६ लाख २५ हजार १ | ७ लाख ५० हजार | रु १५० ।- | रु १५० ।- |
| ७ | ७ लाख ५० हजार १ | ८ लाख ७५ हजार | रु १७५ ।- | रु १७५ ।- |
| ८ | ८ लाख ७५ हजार १ | १० लाख | रु २०० ।- | रु २०० ।- |
| ९ | १० लाख १ | १२ लाख ५० हजार | रु २५० ।- | रु २५० ।- |
| १० | १२ लाख ५० हजार १ | १५ लाख | रु ३०० ।- | रु ३०० ।- |
| ११ | १५ लाख १ | १७ लाख ५० हजार | रु ३५० ।- | रु ३५० ।- |
| १२ | १७ लाख ५० हजार १ | २० लाख | रु ४०० ।- | रु ४०० ।- |
| १३ | २० लाख १ | २२ लाख ५० हजार | रु ५०० ।- | रु ५०० ।- |
| १४ | २२ लाख ५० हजार १ | २५ लाख | रु ६५० ।- | रु ६५० ।- |
| १५ | २५ लाख १ | २७ लाख ५० हजार | रु ८५० ।- | रु ८५० ।- |
| १६ | २७ लाख ५० हजार १ | ३० लाख | रु १,००० ।- | रु १,००० ।- |
| १७ | ३० लाख १ | ३५ लाख | रु १,२०० ।- | रु १,२०० ।- |
| १८ | ३५ लाख १ | ४० लाख | रु १,८०० ।- | रु १,८०० ।- |
| १९ | ४० लाख १ | ४५ लाख | रु २,४०० ।- | रु २,४०० ।- |
| २० | ४५ लाख १ | ५० लाख | रु ३,००० ।- | रु ३,००० ।- |
| २१ | ५० लाख १ | ६२ लाख ५० हजार | रु ३,५०० ।- | रु ३,५०० ।- |
| २२ | ६२ लाख ५० हजार १ | ७५ लाख | रु ५,५०० ।- | रु ५,५०० ।- |
| २३ | ७५ लाख १ | ८७ लाख ५० हजार | रु ७,५०० ।- | रु ७,५०० ।- |
| २४ | ८७ लाख ५० हजार १ | ९० लाख | रु ८,५०० ।- | रु ८,५०० ।- |
| २५ | ९० लाख १ | १ करोड | रु १०,००० ।- | रु १०,००० ।- |
| २६ | १ करोड १ | १ करोड २५ लाख | रु १२,००० ।- | रु १२,००० ।- |
| २७ | १ करोड २५ लाख १ | १ करोड ५० लाख | रु १४,५०० ।- | रु १४,५०० ।- |
| २८ | १ करोड ५० लाख १ | १ करोड ७५ लाख | रु १७,००० ।- | रु १७,००० ।- |
| २९ | १ करोड ७५ लाख १ | २ करोड | रु २०,००० ।- | रु २०,००० ।- |
| ३० | २ करोड १ | २ करोड २५ लाख | रु २५,००० ।- | रु २५,००० ।- |
| ३१ | २ करोड २५ लाख १ | २ करोड ५० लाख | रु ३०,००० ।- | रु ३०,००० ।- |
| ३२ | २ करोड ५० लाख १ | ३ करोड | रु ३५,००० ।- | रु ३५,००० ।- |
| ३३ | ३ करोड १ | ३ करोड ५० लाख | रु ४०,००० ।- | रु ४०,००० ।- |
| ३४ | ३ करोड ५० लाख १ | ४ करोड | रु ४५,००० ।- | रु ४५,००० ।- |
| ३५ | ४ करोड १ | ४ करोड ५० लाख | रु ५०,००० ।- | रु ५०,००० ।- |
| ३६ | ४ करोड ५० लाख १ | ५ करोड | रु ६०,००० ।- | रु ६०,००० ।- |
| ३७ | ५ करोड १ देखि माथि प्रतिहजार | - | रु २।- | रु २।- |

**समीक्षा :** एकीकृत सम्पत्तिकरको २०७४ र २०७५ को दर रेटलाई तुलनात्मक अवलोकन गर्दा एकीकृत सम्पत्ति करको दरको रेटमा पनि बजार हल्ला जसरी वृद्धि नभएको देखिन्छ ।

**भूमिकर (मालपोत) को दर र अन्य व्यवस्था** : ऐनको अनुसूची २ मा जग्गाको न्यूनतम मूल्याङ्कन वा मोलको आधारमा न्यूनतम ०.०३ प्रतिशतको दर कायम भएको देखिन्छ । तर सम्पत्तिकर लगाएको जग्गामा मालपोत (भूमिकर) नलाग्ने व्यवस्था भएकोले दोहोरो कर तिर्न नपर्ने स्वतः प्रष्ट हुन्छ । साथसाथै भूमिको उत्पादकत्व, वा आवासीय, कृषि, वन, पाखो वा वगर आदि उपयोगिताको आधारमा जग्गाको किसिम र भूमिकर देहाय बमोजिम व्यवस्था भएको छ ।

| जग्गाको किसिम | भूमिकर प्रतिरोपनी रु मा |
|---|---|
| व्यापारिक प्रयोजन | मालपोत मूल्याङ्कन रकमको ०.०५% |
| आवासीय प्रयोजन | मालपोत मूल्याङ्कन रकमको ०.०३% |
| कृषि | मालपोत मूल्याङ्कन रकमको ०.०३% |
| वनपाखो वा वगर | मालपोत मूल्याङ्कन रकमको ०.०२% |

स्मरणीय छ, मालपोत वा भूमि करको कुल रकम वार्षिक रु २५ भन्दा कम हुने भएमा न्यूनतम रु २५ भूमिकर कायम हुने व्यवस्था भएको छ । यी सबै उपर्युक्त उदाहरणले करवृद्धि प्रसङ्ग हल्लामात्र भएको देखिन्छ । साथसाथै तोकिएको समय पुस मसान्तभित्र कर तिर्नेलाई १०% छुट दिने व्यवस्था पनि रहेको प्रष्ट देखिन्छ ।

**घरजग्गा वहाल करको दरमा तुलानात्मक अध्ययनः** तानसेन नगर पालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड(छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक भाडामा दिएको खण्डमा स्थान विशेषलाई ध्यानमा राखेर २% का दरले कर असुल गर्ने नीतिका साथ 'क' देखि 'ङ' सम्मको वर्गीकरण २०७४ को आर्थिक ऐनमा व्यवस्था गरेको थियो । साथसाथै मालपोत कार्यालयले १०% अलग कर लिने हुंदा करदाताले १२% कर तिर्न बाध्य गरिएको थियो भने २०७५ को आर्थिक नियममा १० % मात्र करको दर निश्चित गरी २% ले घटाएको देखिन्छ । २०७५ को आर्थिक विधेयकमा करको दर १०% निर्धारण गर्नुका साथै जग्गा वा सटरलाई पुन उपवर्गमा विभाजन गरेर कर नीतिलाई विशिष्टीकरण गरेको छ । यसबाट घर, पसल वा जग्गा भाडामा दिनेहरूलाई १०% मात्र करको दर निर्धारण गरेको छ । यसरी कर नीतिलाई न्यायपूर्ण बनाउन कोशिस गरेको देखिन्छ । साथसाथै ८ महिनाको एक वर्ष मानी कर असूल गर्ने कानूनी व्यवस्था गरिएकोले ४ महिना स्वतः राहत हुने प्रस्टै छ । यसो गर्दा वर्तमानमा कर रकममा कसैको पनि अलिकति कर बढ्ने अवस्था छैन । बुझ्न सजिलो होस् भन्ने उद्देश्यले २०७४ र २०७५ को करको दर, क्षेत्र र मूल्याङ्कनबारे देहायवमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.न | शीर्षक, घर बजार क्षेत्रको वर्गीकरण | आर्थिक ऐन २०७४ करको दर २% | आर्थिक ऐन २०७५ करको दर १०% र ८ महिनाको १ वर्ष | | | |
|---|---|---|---|---|---|---|
| | | मासिक | 'क' | 'ख' | 'ग' | 'घ' |
| १ | 'क' वर्ग | ५००० /- | ५००० /- | ४५०० /- | ४००० /- | ३५०० /- |
| २ | 'ख' वर्ग | ३००० /- | ४००० /- | ३५०० /- | ३००० /- | २५०० /- |
| ३ | 'ग' वर्ग | १५०० /- | ३००० /- | २५०० /- | २००० /- | १५०० /- |
| ४ | 'घ' वर्ग | १५०० /- | १८०० /- | १५०० /- | १२०० /- | १००० /- |
| ५ | 'ङ' वर्ग | १००० /- | २००० /- | १८०० /- | १५०० /- | १२०० /- |
| ६ | 'च' वर्ग | ५०० /- | १००० /- | ८०० /- | ६०० /- | ४०० /- |

समय र आवश्यकता अनुसार करको दायरा बढ्नुलाई अस्वाभाविक मान्न सकिदैन । साथसाथै १२ महिनाको वर्षलाई पुनः ८ महिना मानिएकोले ४ महिनाको कर त स्वतःमिनाहा वा राहत भएको देखिन्छ । घर भाडाको दरमा पनि वृद्धि भएको छ ।

**सेवा शुल्क दस्तुरः**

सर्वसाधारण जनताको अत्यधिक चासो र सरोकारको विषयमा सिफारिस दस्तुर र सेवा शुल्कहरु पनि पर्दछन् । सर्वसाधारण जनताले यसलाई पनि कर भन्दछन् । वास्तवमा यो कर होइन आवश्यकताअनुसार नागरिकहरूलाई विभिन्न सिफारिसको जरुरी पर्छ । नगर सरकार यी सिफारिसहरु दिने प्रमुख तह हो । नागरिकताको प्रमाणपत्रको सिफारिस, घरजग्गा रजिष्ट्रेशन आदिको सिफारिस प्रमुख रुपमा पर्दछन् । नगरपालिकाले ऐनको दफा उपदफाको अधिकार प्रयोग गरी नगरसभाबाट कानून पारित गरेर लागू गरेको हुन्छ । तानसेन नगरपालिकाले पनि सेवा दस्तुर शुल्क निर्धारण गरेको छ । यहाँ तालिकामा केही सेवा शुल्क करको तुलनात्मक अध्ययन गरिन्छ ।

| शीर्षक | दर रु मा आ.व. २०७४ | दर रु मा आ.व. २०७५ |
|---|---|---|
| निवेदन दस्तुर | १० /- | १० /- |
| विटौरी इजाजत दस्तुर | १०० /- | ५०० /- |
| नक्सा पास नामसारी (आरसिसि घर) | ३००० /- | ३००० /- |
| नक्सा पास नामसारी (कच्ची घर) | १००० /- | १००० /- |
| नागरिकता सिफारिस नयाँ तथा वडा सिफारिस २५/२५ | ५० /- | ५० /- |
| नागरिकता सिफारिस प्रतिलिपि | ५० /- | ५० /- |
| नागरिकता सिफारिस अंगीकृत | १५०० /- | २००० /- |
| विद्युत मिटर जडान सिफारिस | ५०० /- | ५०० /- |
| खानेपानी जडान सिफारिस (व्यक्तिगत) | ५०० /- | ५०० /- |
| सामूहिक धारा प्रति सदस्य | ३००/३०० | ३००/३०० |
| संस्थागत धारा | ५०० /- | १००० /- |
| स्रेस्ता कायम सिफारिस | ५० /- | ५० /- |
| जग्गा दर्ता सिफारिस प्रति रोपनी | २,००० /- | २,००० /- |
| अङ्ग्रेजीमा सिफारिस | ६०० /- | ७०० /- |
| नामथर फारम सिफारिस | ५०० /- | ७०० /- |
| घर जग्गा नामसारी | ७०० /- | १००० /- |
| अंशवण्डा सिफारिस | ३०० /- | ८०० /- |
| गरीब तथा विपन्न सिफारिस | १०० /- | १०० /- |
| दलित तथा जनजाति सिफारिस | - | १०० /- |
| नाता प्रमाणित (नेपालीमा) | २०० /- | २०० /- |
| नाता प्रमाणित (अङ्ग्रेजीमा) | ६५० /- | ७०० /- |

| | | |
|---|---|---|
| जन्म, विवाहित, अविवाहित नाबालक प्रमाणित | २०० ।- | ५०० ।- |
| मृत्यु प्रमाणित | १०० ।- | १०० ।- |
| जन्म दर्ता सच्च्याउने सिफारिस | ५०० ।- | १,००० ।- |
| बकस पत्र | १,५०० ।- | २,००० ।- |
| अपुताली | २,००० ।- | ३,००० ।- |
| मोही सिफारिस | १,००० ।- | १,५०० ।- |
| जनजाति, दलित प्रमाणित | १०० ।- | २०० ।- |
| मिलापत्र दस्तुर पक्ष विपक्षबाट २००/२० | ४०० ।- | ४०० ।- |
| छात्रवृति सिफारिस | १०० ।- | १०० ।- |
| पेन्सनसम्बन्धी सिफारिस | १,००० ।- | १,००० ।- |

उपर्ययुक्त सेवाशुल्क कर दस्तुरका केही उदाहरणहरु हुन् । अवश्य नै धेरै शुल्कहरूमा पहिलो वर्षभन्दा सेवा शुल्क दरमा वृद्धि भएको देखिन्छ । तर पनि सर्वसाधारणहरूको अत्यधिक प्रयोगमा आउने निवेदन दस्तुर, नक्सापास, नामसारी, पक्की घर, कच्ची घर, नागरिकता सिफारिस, नागरिकता सिफारिस प्रतिलिपि, विद्युत जडान, सामूहिक धारा, स्रेस्ता कायम, जग्गा दर्ता सिफारिस प्रतिलिपि, खानेपानी सिफारिस, व्यक्तिगत र नाता प्रमाणित जस्ता सेवा शुल्कको दर पुरानै कायम छ । यी शीर्षकमा बढेको छैन । अलिकम प्रयोगमा आउने सिफारिसमा दस्तुर शुल्क वृद्धि भएको छ ।

**निचोड र सुझाव:** माथि नै विस्तृत रूपमा उल्लेख गरिएको छ कि करमा वृद्धि भएको छैन तर सेवाशुल्क र दस्तुरमा हेरफेर भएको छ । सर्वसाधारणको ढाडैसेक्ने गरी सेवाशुल्क र दस्तुरमा प्रचारमा आएजस्तै गरी बृद्धि भएको देखिदैन । स्थानीय तह सरकारले कर किन लिन्छ, करको महत्त्व, उद्देश्य र कर तिर्नु नागरिकको दायित्व हो भन्ने विषयमा राम्ररी सुसूचित नगरेको, करको दर निर्धारण गर्नुभन्दा पहिले नागरिक समाज, वुद्धिजीवी र करदाताहरूको एउटा पंक्तिसँग अर्न्तक्रिया छलफल नगरेको हुँदा पनि कर, सेवाशुल्क र दस्तुरको दर रेट सम्बन्धमा आवश्यकताभन्दा बढी आलोचनात्मक टिप्पणी, प्रतिक्रियाहरु आएको पाइन्छ । यसर्थ नगरपालिकाले आगामी दिनमा सेवा शुल्क र दस्तुर निर्धारणका सम्बन्धमा सहभागितात्मक छलफल गर्नुपर्ने देखिन्छ । लोकतन्त्रमा जति जुन मात्रामा छलफल र अन्तरक्रिया गरेर निर्णयहरु गरिन्छ त्यति नै मात्रामा करदाताहरु स्पष्ट भई तानसेन सरकारलाई सहजता प्राप्त हुन जाने छ । लोकतान्त्रिक पद्धति भनेको भोट लिनु र भोट दिनु मात्र होइन । निर्णायक प्रक्रियामा सहभागी हुनु पनि हो । यो नै लोकतन्त्रको सौन्दर्य हो । अहिले स्थानीय सरकारहरु आफ्नो कर्म सम्पादनमा व्यस्त छन् । यो घडीमा कर पद्धति र करको दर रेटको सम्बन्धमा सम्बन्धित विशेषज्ञहरूबाट प्रशिक्षण सञ्चालन गरी करप्रदान र करअसुलीमा सहजता ल्याउन जरूरी छ । यो किन पनि जरूरी छ भने हाम्रो समाजको एउटा समूह वा जत्थामा हरेक सरकारी निर्णयप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति छँदै छ । किनकि लोकतन्त्र आएको झण्डै १३ वर्ष वित्दै गर्दा पनि लोकतान्त्रिक संस्कारको विकास भैसकेको छैन । यस्तो प्रवृत्तिजिउँदै र हावी हुनुको प्रमुख कारण भनेको लोकतान्त्रिक पद्धतिलाई आत्मसात् गर्न नसक्नु नै हो । साथसाथै यो पनि भुल्न हुँदैन नकारात्मक टिप्पणी गर्नु पनि यो सङ्क्रमण कालमा लोकतान्त्रिक पद्धति र संस्कृति भित्रकै अभिव्यक्ति हो भनेर बुझ्न सक्नुपर्छ । जिम्मेवार पक्षले यसरी नै आत्मसात् गर्नसक्नु पनि लोकतन्त्रकै सौन्दर्य पक्ष हो । पुनश्च : हाम्रो संविधान संशोधनीय छ, हाम्रो कानून संशोधनीय हुने कानूनको गतिशीलतामा समाजले सहजता अनुभूत गर्न सक्छ । त्यसैले नगरसभाबाट निर्माण गरी लागू गर्न थालिएको नगरपालिकाको कानूनलाई कार्यान्वयनका क्रममा कहाँ केकस्ता सहजता र कहाँ, केकस्ता असहजता उत्पन्न हुन्छन यसलाई नोटिसमा/ध्यानमा राख्न सक्नुपर्छ । कर र शुल्क सम्बन्धी कानूनमा रहेका दुर्वल पक्षलाई हटाएर कानूनलाई व्यावहारिक, सरल र सहज बनाउनसक्नु सफल नगरपालिका सरकारको सफलता हो । अलोकप्रिय भइन्छ कि भनेर डराएर नयाँ करनीति लागू नगर्नुमा पनि सरकारको कमजोरी देखिन्छ । साथैसाथै सफताको नाउँमा र निहुँमा अवैज्ञानिक र अव्यवहारिक कर, शुल्क र दस्तुर लागू गर्नु पनि बुद्धिमानी होइन र यो लोकतान्त्रिक अभ्यास र संस्कार भित्र पर्दैन । जहाँसम्म तानसेन सरकारको कुरा छ - सेवाकर, दस्तुर र शुल्कका सम्बन्धमा ठोस टिप्पणी गरीहाल्नुपर्ने ठाउँ छैन । करनीति निर्धारणबारे नागरिकहरूलाई सहभागी र सुसूचित गर्नु उसको सबैभन्दा पहिलो कर्मभित्र पर्छ । करनीति तर्जुमादेखि कर असूलीको चरणसम्म करदाताहरूको सहभागिता र समन्वय अपेक्षित छ । समन्वय, सहभागिता, पारदर्शिता र जवाफदेहिता भित्र नै सुशासन पाउन सकिन्छ । सिंहावलोकन, पुनरावलोकन, महसुसीकरण र पुनर्व्यस्थापन आजको आवश्यकता हो ।

**सन्दर्भ सामग्री**

१. कर प्रणाली तथा लेखापरीक्षणका आधारभूत सिद्धान्तहरु कमलदीक्षित ईश्वरीप्रसाद भट्टराई, गिरीजाप्रसाद कोइराला, बिक्रम पाण्डे, रोमकान्त भट्टराई - प्रकाशक अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स, काठमाडौं, नेपाल, चौथो संस्करण २०७५
२. तानसेन नगरपालिकाको आर्थिक ऐन २०७४
३. तानसेन नगरपालिकाको विधेयक २०७५
४. नेपालको संविधान २०७२
५. स्थानीय सरकार सञ्चालन ऐन २०७४
६. तानसेन न.पाद्वारा प्रकासित राजपत्रहरू

**(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)**

# नेपालको राजनीतिक परिर्वतनमा पाल्पालीहरू



- प्रेमनाथ बस्याल

नेपालमा प्रजातन्त्रको स्थापना र पुनर्स्थापना गर्ने कार्यमा पाल्पाको अहम् भूमिका रहेको कुरामा इतिहास साक्षी छ । नेपालको राजनीतिले पूर्ववत् स्थितिलाई बदलेर जब नयाँ रूपमा प्रकाशित हुन खोज्दछ, त्योबखत पाल्पाको भूमिका नै निष्कर्षमा पुग्ने आधार बनेको र पाल्पालीहरूको योगदान अग्रस्थानमा रहेको पाइन्छ ।

२००७ सालताका पाल्पामा राणाशासकहरूबाट लखेटिएका रूद्र शमशेर राणा पश्चिम कमान्डरको रूपमा थिए, हाम्रा हजुरबुबा, बुवाहरूले रूद्र शमशेरलाई श्री ३ महाराजले पठाएका दुत हुन् भन्नुहुन्थ्यो ।

२००७ सालमा म १० वर्ष लागेको थिएँ । गाउँमा बस्ने त्यो पनि बालक नै भएको हुनाले हामीलाई नवीन कुराको थाहा नै हुँदैनथ्यो । त्यो समयमा गाउँघरमा स्कूल, पाठशाला छँदै थिएनन्, सञ्चारको कुनै साधन थिएनन । पक्का जंगली जीवन थियो । गाउँमा चिठी, तमसुक, भर्पाई लेख्ने मानिस धेरै जान्ने ठहरिन्थ्यो ।

एकदिन हरिहर नेपाल र काशीराज भुसाल हाम्रो घर हुँदै आउनु भयो र ल हामीसँग हिंड ! उ त्यहाँमाथि जाऔं, भन्नुभयो । हुन्छ, भन्दै म पछि लागेँ । साँझ पर्न लागिसकेको थियो । उहाँहरु दुवैजना अम्लिहानको रसगाग्री भन्ने डाँडामा तुल्सीप्रसाद अधिकारीको एक्लो घर थियो, त्यहीं जानुभयो । उहाँहरूसँग म पनि घरभित्र पसें । त्यहाँ १०-१२ जना मानिस बसेका थिए । बसेकामध्ये एक जना काशीनाथ गौतम (तुल्सीप्रसाद अधिकारीको ठुली आमाको छोरा) हुनुहुँदो रहेछ । मसँग जाने दुई जना पनि बसिसकेपछि घरको ढोका बन्द गरेर काशीनाथ बोल्न थाल्नुभयो । उहाँले भनेका सबै कुरा त मैले बुझ्नै सकिनँ तर राणाशाही हटाउनुपर्छ, भित्रभित्र संगठन गर्नुपर्छ, घरघर गएर जनतालाई सम्झाउनुपर्छ, जनतालाई जगाउनुपर्छ, जनता जागेपछि राणाशाही हट्छ, अनि गाउँगाउँमा स्कूल खोल्नुपर्छ, त्यसपछि बल्ल (मलाई देखाउँदै) यी यस्ता केटाकेटीहरूले पढ्न पाउछन्, जनता जान्नेसुन्ने हुन्छन्, तव् गाउँका फटाहा शोषकहरूले जनतालाई हेप्न सक्दैनन् भन्नुभयो । उहाँले भनेका यी कुराहरु मेरो दिमागमा अहिले पनि ताजै छन् । धेरै कुरा सुनाइसकेपछि त्यहाँ भएका १०-१२ जना मानिसलाई, तपाइँहरु आजबाट कांग्रेसको सदस्य बन्नुभयो भन्दै रसिद दिनुभयो । त्यसको ३-४ दिनपछि तुल्सीप्रसाद अधिकारी र तारानाथ अधिकारीलाई सिपाहीले पक्रेर झ्यालखानामा थुन्यो । त्यसपछि अरूहरु लुकेर रातिमा हिड्न थाल्नुभयो । यी त भए हाम्रा गाउँमा भएका कुरा । ३/४ महिनाअघि नै कांग्रेस, राणा स्कूल खोल्ने कुरा सुनेको हुँदा ममा बढी चासो बढेको थियो । हाम्रो छिमेकी २२-२५ वर्षकी बालविधुवा महिला हुनुहुन्थ्यो लक्ष्मीदेवी भट्टराई (काँशीनाथ गौतमको सानी आमाको छोरी) । उहाँ नपढेको भए पनि मनमा लागेका कुरा प्रष्ट बोल्नसक्ने निडर हुनुहुन्थ्यो । सधैं तानसेन जानेआउने गर्नुहुन्थ्यो, हामीले उहाँलाई आफ्नै दिदीजस्तै मान्थ्यौ । तानसेन जाने आउने बाटो हाम्रो घरनजिकै भएको हुँदा उहाँलाई मैले सोध्ने गर्दथे, उहाँले कहिले मिटिंग बसेको, कहिले आन्दोलनका लागि सल्लाह गरेको, कहिले चन्दा उठाएको आदि कुरा सुनाउनु हुन्थ्यो - अरूलाई नसुनाए है भन्दै ।

पुसको महिना थियो, लक्ष्मी दिदीले मलाई आफ्नो घरमा बोलाउनुभयो, उहाँले तानसेनमा भएका कुराहरु सुनाउदै भन्नुभयो - “हेर, बाबू ! अब राणा शासन खत्तम हुन्छ, प्रजातन्त्र आउछ । ४-५ महिनाअघि वी.पी. कोइराला पाल्पा आएर ३ दिन बसेर यहाँको बडाहाकिमलाई पनि आन्दोलनलाई सहयोग गर्ने गराएर जानुभएको छ । तानसेनका धेरै मानिसहरु आन्दोलनमा मिसिने भएका छन । आन्दोलनलाई बल पुर्‍याउन बनारसबाट कमलराज रेग्मी तानसेन आउनु भयो” । यसको ५-६ दिनपछि कमलराज रेग्मीको अगुवाईमा राणाबिरोधी नारा लगाउँदै तानसेन बजारमा जुलुस निस्केको, शुरूमा थोरैजना भएको तर शीतलपाटीमा जुलुस आउँदा पनि प्रशासनको हस्तक्षेप नभएको देखेपछि बजारबाट धेरै मानिस मिसिएपछि जुलुस विशाल भएको, यस्तो जुलुस ३ दिनसम्म लगातार भएको, आन्दोलनलाई सहयोग गरेको भनी पश्चिम कमान्डर रूद्र शमशेरलाई शाही सेनाले केही दिन थुनामा राखेर छाडिदिएको, २००७ साल पुस महिनाभित्रै आन्दोलनकारीले पाल्पा जिल्ला आफ्नो कब्जामा लिएर मन्त्री मण्डल गठन गरी प्रशासन चलाएको, राजा दिल्ली नगएको भए राजालाई पनि पाल्पा ल्याई राज घर नै पाल्पा बनाउने योजना वी.पी. कोइरालाको रहेको यस्तै धेरै कुराहरु पनि लक्ष्मी दिदीले नै सुनाउँनुभयो । पाल्पा मन्त्री मण्डलको प्रधानमन्त्री कपिलवस्तुमा गिरफ्तार भई अड्डासार हुँदै पाल्पा ल्याइएका नेपाली कांग्रेसका नेता भोलानाथ शर्मा हुनु भएको कुरा पछि पूर्णमान शाक्यजीले भन्नुभयो ।

संविधान सभाको चुनाव गराउने शाही घोषणा गरेका राजाले चुनाव गराउने लत छाड्दै गएपछि २०१४ सालमा नेपाली कांग्रेसले देशव्यापी रूपमा भद्र अवज्ञा आन्दोलन सत्याग्रह शुरु गर्‍यो ।

सत्याग्रहलाई समर्थन गर्दै पाल्पालीहरु पनि आन्दोलनमा निस्किए । यो आन्दोलनको सञ्चालन गुप्त ठाउँबाट डा. त्रिवेणी प्रधान र गोकर्णराज शास्त्रीले गरेका थिए । आन्दोलनमा संलग्न आन्दोलनकारीलाई यहाँको प्रशासनले पुसको ठण्डीमा नारायणस्थान पोखरीमा डुबाउदै बाहिर सुपाले हम्कदै गरेको दृश्य म आफैले देखैं । यसरी बढ्दै गएको आन्दोलन दबाउन असमर्थ भएपछि मात्र राजा महेन्द्रले संविधान सभाको ठाउँमा २०१५ साल फाल्गुन ७ गते संसदीय आम चुनाव गराउने घोषणा गरे ।

चुनाव हुने भएपछि कुनै पनि दलको बहुमत नआओस्, मेरो हैकम चलिरहोस् भन्ने अभिप्रायले राजा महेन्द्रले देशदौडाहा गरे । गुप्तचर विभागले पनि कुनै दलको पनि बहुमत नआउने रिपोर्ट राजालाई दिएछ । चुनाव भयो । जम्मा १०९ सिटमध्ये नेपाली कांग्रेसले ७४, गोर्खा परिषद्ले १९, नेपाल कम्युनिष्टले पाल्पामा १ सिट (कमलराज रेग्मी) समेत ४, अन्य सिट अन्य दलहरूले १३ सिटमा विजय प्राप्त गरेको परिणाम निस्कयो । यो जननिर्णय राजालाई सैह्य भएन र १८ महिनाको अल्पअवधिमा नै २०१७ साल पुस १ गते संसद भंग गरी दलमाथि प्रतिबन्ध लगाएर पञ्चायती व्यवस्था स्थापना गरे ।

यो व्यवस्था पाल्पाली जनतालाई स्वीकार्य थिएन । त्यसको उदाहरण दलको नामसम्म उच्चारण गर्न निषेध गरिएको समय २०३४ सालमा पाल्पाको जिल्ला परिषद्ले दल माथिको प्रतिबन्ध हटाइयोस् भन्ने प्रस्ताव पास गराएको थियो ।

२०३६/३७ सालमा भएको जनमत संग्रहमा पाल्पामा बहुदल पक्षमा विजय भएको थियो ।

२०४२ सालमा प्रजातन्त्र पुनर्बहालीको माग राखी नेपाली कांग्रेसले आह्वान गरेको शान्तिपूर्ण सत्याग्रह आन्दोलनमा सहभागी ३५ जना पाल्पालीहरूलाई सरकारले काराबासको सजाय दिएको थियो । यो सत्याग्रहलाई वामपन्थी (मार्क्सवादी समूह)को पनि समर्थन थियो । मनमोहन अधिकारी लगायतका नेताहरु पनि कारागार बन्दी भएका थिए ।

२०४३ सालमा पञ्चायतको स्थानीय निकायहरु कब्जा गर्ने पार्टीको नीतिअनुसार गाउँ, नगर र जिल्ला पञ्चायतमा उम्मेदवार बनाउने सन्दर्भमा पाल्पामा नेपाली कांग्रेस र वामपन्थी मिलेर, जिल्ला पञ्चायत सभापतिमा नेपाली कांग्रेसका तर्फबाट कालुराम राना र उपसभापतिमा वामपन्थीका तर्फबाट दयाराज बस्याललाई उम्मेदवार बनाए र दुबैले विजय हासिल गर्नुभएको थियो । यो हो पाल्पाको राजनीतिक सुझबुझको दृष्टान्त ।

प्रजातन्त्र पुनर्स्थापनाका निमित्त निकट भविष्यमा हुन लागेको निर्णायक जनआन्दोलनको तयारीका लागि काठमाडौं क्षेत्रपाटीमा २०४६ माघ ३, ४ र ५ गते भएको बृहत् सम्मेलन (जसमा वाममोर्चाको पनि सहभागिता थियो) मा पाल्पालीहरूको बाक्लो उपस्थिति थियो । यो सम्मेलनलाई पाल्पाको तर्फबाट यो पंक्तिकारले पनि सम्बोधन गर्ने अवसर पाएको थियो ।

२०४६ साल फाल्गुन ७ गतेबाट प्रारम्भ हुने प्रजातन्त्र पुनर्स्थापनाको जनआन्दोलन सञ्चालन गर्न नेपाली कांग्रेस र वाममोर्चाको जिल्ला संयन्त्र निर्माण भएको थियो । यो संयन्त्रमा प्रेमनाथ बस्याल, झपेन्द्रबहादुर जी.सी, कुलप्रसाद नेपाल, हरिप्रसाद नेपाल, विधान श्रेष्ठ र शेषकान्त गौतम समावेश थिए । यो संयन्त्रले पाल्पा जिल्लालाई ३ भागमा बाँडेर आन्दोलन सञ्चालन गर्ने निर्णय गऱ्यो । निर्णयअनुसार ताहूँबाट पूर्व बाकामलाङसम्म कालुराम राना, दलबहादुर राना, शुक्र बस्याल र विजय घिमिरे, तानसेनबाट पूर्व ताहूँसम्म प्रेमनाथ बस्याल, डिल्लीबहादुर कार्की, एकप्रसाद भण्डारी र चोलेश्वर गौतम त्यसैगरी तानसेनबाट पश्चिम सत्यवतीसम्म कुलप्रसाद नेपाल, हरिप्रसाद नेपाल, विधान श्रेष्ठ, राजेन्द्रगोपाल सिंह र शेषकान्त गौतमले आआफ्नो क्षेत्रमा आन्दोलन चलाउने जिम्मेवारी दिइएको थियो । तर फाल्गुन ७ गते पहिलो दिन तानसेनमा पार्टीको झण्डा सहितको जुलुसबाट कुलप्रसाद नेपाल गिरफ्तार हुनुभई कारागार चलान हुनुभयो भने बिधान श्रेष्ठ प्रहरी घेराबाट उम्कन सफल हुनु भयो ।

यसरी क्षेत्र र कार्य विभाजन गरी आन्दोलन सञ्चालन भएको हुँदा पाल्पाका सबै गाउँगाउँ, वस्तीवस्तीबाट प्रत्येक दिनजसो मसाल जुलुस, पोष्टरिङ, महिला जुलुस, कोणसभा, आमसभामा पञ्चायती व्यवस्था मुर्दावाद ! बहुदलीय व्यवस्था जिन्दाबाद ! आदि नारा लगाउदै २०४६ चैत २५ गतेसम्म आन्दोलन भयो ।

चैत २७ गते जिल्लाका सदरमुकामहरूमा पञ्चायती संविधान जलाउने कार्यक्रम थियो । तर २०४६ चैत २६ गते राति ११ बजे राजा वीरेन्द्रको शाही घोषणाद्वारा पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो ।

२०५२ साल फाल्गुणदेखि शुरु भएको माओवादी विद्रोह निरन्तर चलिरहेको थियो । यसैबीच २०५८ साल ज्येष्ठ १९ गते भएको दरवार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश नास भयो । ज्ञानेन्द्र शाह अप्रत्यासित राजा भए ।

राजा ज्ञानेन्द्रले २०५९ साल असोज प्र.म. लाई अपदस्थ गरी चालेको प्रतिगमनकारी कार्यका बिरुद्ध पाल्पाका राजनीतिक दलहरूले निरन्तर आन्दोलन गर्दै आइरहेका थिए । २०६१ माघ १९ गते पूरै राजकीय सत्ता आफ्नो हात लिएर ज्ञानेन्द्र राजाले निरंकुश शासन शुरु गरे । प्रतिगमनका बिरुद्ध चल्दैरहेको आन्दोलन बलेको आगोमा घिउ थपे जस्तो भयो । आन्दोलनले उग्ररूप लियो । पाल्पाका उद्योगी, व्यापारी, विद्यार्थी, नागरिक समाज, कृषक, मजदुर, पत्रकार लगायत सबका सब आन्दोलनमा उत्रिए ।

यसैबीच आन्दोलनरत सात दल र विद्रोही माओवादीबीच २०६२ माघ ७ गते १२ बुँदे समझदारी भयो । त्यसपछि त अझ

आन्दोलनले आँधीबेहेरी नै सिर्जना गऱ्यो । २०६३ साल चैतबाट १९ दिनसम्म अविराम भएको जनआन्दोलन अगाडि घुँडा टेक्दै राजा ज्ञानेन्द्रले आफैले बिघटन गरेको संसद २०६३ वैशाख ११ गते पुनर्स्थापित गरे । आन्दोलन बिसर्जन भयो । यही पुनर्स्थापित संसदले नेपाललाई गणतन्त्रात्मक राज्य स्थापना गर्ने वातावरण सिर्जना गऱ्यो ।

**प्रजातन्त्र स्थापना तथा पुनर्स्थापनाको संघर्षमा शहादत प्राप्त गर्ने तथा काराबासको सजाय पाएका पाल्पाका नेपाली कांग्रेस समर्थक व्यक्तिहरु**

**शहादत प्राप्त गर्ने व्यक्तिहरुः-**

पद्मजंग, सूर्य घिमिरे, रविकुमार थापा ।

**२००७ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

तारानाथ अधिकारी, तुल्सीप्रसाद अधिकारी, दुर्गाराज गौतम, पद्मराज खनाल ।

**२०१७ - १८ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

अमर गोविन्द श्रेष्ठ, श्रीधर गोपाल लाकौल, खगनाथ नेपाल, पूर्णमान शाक्य, कविराज खनाल, विश्वराज खनाल, टंकनाथ काफ्ले, दुर्गाबहादुर राना, खुशीलाल पाण्डे, कौशलबहादुर खाती, जगन्नाथ पंगेनी, टोनबहादुर दिसुवा, भोजराज भट्टराई, पूर्णबहादुर पुलामी, पद्मराज भट्टराई, हरिलाल गाहा, नरबहादुर पुलामी, हरिप्रसाद पंगेनी, दलबहादुर श्रेष्ठ, दामोदर श्रेष्ठ, नन्दराम श्रेष्ठ, कृष्णप्रसाद काफ्ले, भेषराज भट्टराई, हेमलाल पंगेनी, जनक गोविन्द श्रेष्ठ, भगवतीध्वज राजलवट, ज्ञानप्रसाद अर्याल, भोलाप्रसाद नेपाल, केशरी ढेँगा मगर, मित्रलाल भट्टराई, यज्ञप्रसाद अर्याल, बुद्धराज भट्टराई, छविलाल पाण्डे ।

**२०२८ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

डा. रामप्रसाद ज्ञवाली, लक्ष्मणराज खनाल ।

**२०३६ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

ठाकुरचन्द्र विप्र, भगवतीध्वज राजलवट, राजनप्रसाद पन्त, नारायणप्रसाद कोइराला, कुमार कोइराला, कृष्णप्रसाद नेपाल ।

**२०४२ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः**

प्रेमनाथ बस्याल, दामोदर बस्याल, चोलेश्वर गौतम, दुर्गाराज गौतम, पद्मराज न्यौपाने, विधान श्रेष्ठ, ठाकुरचन्द्र विप्र, राजनप्रसाद पन्त, नारायणप्रसाद कोइराला, राजेन्द्रगोपाल सिंह, हरिप्रसाद नेपाल, पोषकान्त बस्याल, विनोदप्रसाद रेग्मी, माधव नेपाल, यदुराज पाण्डे, दोलखबहादुर राना, रामप्रसाद आत्रेय, नारायणध्वज राना, डिल्लीराज अधिकारी, निर्मल न्यौपाने, ईश्वर नेपाल, तिलकबहादुर खड्का, हरिप्रसाद भट्टराई, खुमबहादुर बस्नेत, मृगेन्द्रराज राजभण्डारी, नरेश श्रेष्ठ ।

**२०४६ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

शकुन्तला घिमिरे, पद्मराज गैहे, पोषकान्त बस्याल ।

**२०६२ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

देवराज ढकाल, कृष्णप्रसाद अधिकारी, गम्भीरजंग कार्की, टीकाराम गहतराज, यमलाल तिमिल्सिना, ओमप्रकाश बस्याल ।

**विभिन्न घटनाक्रममा काराबासको सजाय पाएका पाल्पाका नेपाल कम्युनिष्ट समर्थक व्यक्तिहरु**

**२०१७ - १८ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

कमलराज रेग्मी, प्रेमप्रसाद नेपाल

**२०३० सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

विष्णुप्रभात अर्याल, डोमबहादुर चिदी, हिमलाल पाण्डे, रमेश आचार्य, खेमराज गिरी आत्रेय ।

**२०४५ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः-**

दयाराज बस्याल, कुलप्रसाद नेपाल, एकप्रसाद भण्डारी, अशोककुमार शाही, मीनप्रसाद गैरे, देवराज ढकाल (मस्याम) ।

**२०४६ सालमा काराबासको सजाय पाएका व्यक्तिहरु :**

कुलप्रसाद नेपाल, दयाराज बस्याल, शेषकान्त खनाल, देवेन्द्र जी.सी., ध्रुव भण्डारी, केशव अर्याल, मिलन घिमिरे, कृष्ण पोखरेल, शान्तबहादुर जी.सी., तुल्सीराम पोखरेल, खेमराज न्यौपाने, दीनानाथ भुसाल, दुर्गा खनाल (भैरवस्थान), डिल्लीराज अर्याल, चण्डी बस्याल, रामबहादुर राउत, वीरेन्द्र घिमिरे ।

**२०६२ सालमा काराबासको सजाय पाएका व्यक्तिहरुः**

झपेन्द्रबहादुर जी.सी., नारायणबहादुर जी.सी., लेखनाथ पोखरेल, यादवबहादुर रायमाझी, यज्ञ आचार्य । यसरी हरेकपटकको राजनीतिक परिवर्तनमा पाल्पालीहरूको महत्त्वपूर्ण भूमिका रहेको इतिहास छ ।

**द्रष्टव्य :** प्रजातन्त्रको स्थापना र पुनर्स्थापनाका निमित्त भएका संघर्षहरुमा शहादत प्राप्त गर्ने र काराबासको सजाय पाएका व्यक्तिहरुको नाम मात्र यथासम्भव उल्लेख गर्ने प्रयास गरेको छु ।

**(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)**

**सडक अवरुद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

## तानसेन विगतदेखि वर्तमानसम्म-३

# (आङ्लो-नेपाल वारकालीन तानसेन)



- निर्मल श्रेष्ठ

(गत अंकदेखि क्रमशः)




भारततिर जाँदा जब भारतीय बुज्रुकहरूले 'हाम्रो तानसेन' को नाम सुनेपछि सम्राट अकबरको दरबारीया गायक प्रसिद्ध संगीतज्ञ तानसेन (भट्टाचार्य, २००१:१८७) सँग जोडेर जिज्ञासा राख्ने गर्दथे । दुईवर्ष अगाडिको कुरा हो, गड्लीउड स्टूडियो, राजस्थानले छायाङ्कन गर्न गई रहेको शुरूवाती 'नयाँ दिग्दर्शन' कार्यक्रमको लागि एड्करिङ् गर्ने अवसर यस पंक्तिकारलाई मिलेको थियो । यसै सिलसिलामा राजस्थानको माउण्ट आबूमा करीब एक महिनाको बसाइ भयो । केही शुभचिन्तकहरूसँग सहबास हुँदा उनीहरूले 'तपाई नेपालको कुन ठाउँबाट आउनु भएको हो ?' भनेर सोध्ने गर्दथे । हामीले नेपालको पाल्पा तानसेनबाट आएका हौं भनेको सुन्दा 'हाम्रो तानसेन' को नाम प्रसिद्ध मुगलकालीन गायक तानसेनको नामसँग जोडेर जिज्ञासाको मोहरी तेर्साउने गर्दथे । हामीले उनीहरूको जिज्ञासालाई मेट्दै तानसेनको नामाकरण त त्यहाँका रैथाने मगरहरूको भाषाबाट रहन गएको हो, नाम जुर्नु संयोग मात्र हो भन्ने गर्थ्यौं ।

सम्राट अकबरले आफ्नो राजसभामा त्यसबखतका श्रेष्ठतम संगीतज्ञहरू रामदास, हरिदासलाई आश्रय दिनुका साथै दरबारमा शेख फैजी, अबुलफजल, मुल्ला अब्दुलकादिर बदायूँनी, राजा बिरवल, राजा टोडरमल, अब्दुर्रहिम खानखाना, महाराज मानसिंह जस्ता महान् विभूतिहरू लगायत प्रसिद्ध गायक तानसेनको पनि उपस्थिति थियो (लुणिया, १९७१:५९१) । सम्राट अकबरको दरबारमा दरबारिया गायकको रूपमा रहेका तानसेनको जन्म ग्वालियर शहरबाट २० मील पर 'वेहट' नामको गाउँमा भएको थियो । उनको नाम पहिले तानसेन थिएन । उनलाई पहिले तन्न, तनसुख, रामतनु, तन्नु मिश्रा, त्रिलोचन मिश्रा साथै भनायो, व्यास आदि नामले बोलाउने गरेको जनश्रुति छ । उनलाई 'तानसेन' को उपाधि ग्वालियरका राजा विक्रमाजीतसिंह तौमरले दिएको थियो भन्ने एकथरीको भनाइ छ भने केहीले सो उपाधि बांधवगढका राजा रामचन्द्र सिंहले दिएको भन्ने अर्को भनाइ रहेको छ (वर्मा, १९६५:३३१) ।

गीतको हरेक पदबाट प्रभावित भई सम्राट अकबरबाट एक करोड चाँदीको टका पुरस्कार प्राप्त गरेका तानसेन, सम्राट अकबरको दरबारमा नौरत्नको दर्जामा थिए । बसन्त, भैरब, मालकोस, हिडोल, श्री, मेधा र दीपक रागहरूका मर्मज्ञ (Kuppuswamy, 1984:74,75) एवम् 'संगीतसार', 'रागमाला' र 'श्रीगणेश स्तोत्र' आदिका ग्रन्थकार तानसेन पहिले हिन्दू थिए । मुस्लिम महिलासँग सम्पर्कमा आएपछि हिन्दूहरूबाट उनी बहिष्कृत हुन पुगेपछि तानसेन अनिच्छापूर्वक मुसलमान बन्न पुगेका थिए (वर्मा, २०४३:२२९) । सन् १५३१-१५३२ ताका ब्राह्मण परिवारमा जन्मेका तानसेनको मृत्यु २६ अप्रेल सन् १५८९ मा लौहारमा थियो । उनको शव पहिले लौहारमा गाडिएको थियो तर पछि उनको शवलाई ग्वालियरमा ल्याई मुस्लिम सूफी सन्त शेख मुहम्मद गौसको मकबराको समीप पुनः समाधिष्ट गरिएको थियो । ग्वालियरमा रहेका तानसेनको मकबरामा आज पनि वर्षेनी संगीतज्ञहरूको विशाल मेला लाग्ने गर्छ एवम् 'तानसेन समारोह' मनाउने गर्दछन् (लुणिया, १९७१:५९१) ।

तानसेनको रागको प्रभाव यति थियो कि यस सन्दर्भमा एउटा किंवन्दती जोडिएको छ । उनको जन्मस्थल बेहटमा एउटा शिवमन्दिरको समीपमा रहेको चबूतरामा बसेर तानसेनले तान अलाप्ने गर्दथे । तान अलाप्दा वायुमा स्पन्दन पैदा भई शिवमन्दिर नै केही झुकेको किंवन्दती छ (वर्मा, १९६५:३३२) । तानसेन, तानंसेन ले 'तान' भन्नाले 'सुरिलो राग' र 'सेन' भन्नाले 'प्रमुख', 'अधिपति' भन्ने बोध हुन्छ (आप्टे, १९३२:२४४,६२८) यस्ता संगीत सम्राट एवम् तानसेनको मृत्युमा भावविहल भएर अकबरले 'तानसेनको देहान्तले गायनको मधुरता लोप भएको छ' भन्ने उद्गार व्यक्त गरिएका तानसेनलाई 'हाम्रो तानसेन' सँग जोड्दा पनि यस पंक्तिकारलाई कुनै गर्वको महसुस भएन ।

'हाम्रो तानसेन' को आफ्नै मौलिकता छ । आफ्नै परिवेश छ । आफ्नै धरातल छ । अनि आफ्नै पहिचान छ । न 'हाम्रो

तानसेन' लाई सम्राट अकबरको दरवारीया संगीतज्ञ (गायक) तानसेनसँग दाँज्नु पर्छ, न तानसेनलाई भारतको ताजमहलसँग गाँसेर वाहवाही बटुल्नु छ, न तानसेनलाई दार्जिलिङ जस्तो छ भनेर पुलङ्कित नै हुनु परेको छ । परापूर्वकालदेखि अविरल बगिरहेकी कालीको सुसेली, सल्लाको सुसाइ, श्रीनगरमा पाइने काँढे भ्याकुर (जुन चराको प्रजाति नेपालमा मात्र पाइन्छ), न्याउली र विभिन्न चराचुरुङ्गीहरूको चिरबिर साथै कोइलीको कुहुँकुहुँले 'हाम्रो तानसेन' लाई उसै पनि संगीतमय बनाएको छ । साँच्चै भन्नुपर्दा 'हाम्रो तानसेन' प्रकृति प्रद्त्त संगीततज्ञ हो । अझ रुरूक्षेत्र रिडीमा अवस्थित हृषिकेश मन्दिरदेखि तिलोत्तमा नदीको उद्गमस्थल दमकडाको माण्डव्य ऋषिको मन्दिरमा ब्रह्ममुहुर्तको बेला बज्ने शंख घण्टको नादले त थप तानसेनको संगीत लयमा लय थपेको छ । यति बेसी 'हाम्रो तानसेन' को पहिचान हुँदाहुँदै पनि 'तानसेन'लाई कहिलेदेखि भन्ने गरियो ? यस कुरामा जिज्ञासा उठ्नु स्वभाविक हो ।

तानसेनको नाउँ अहिलेसम्म प्राप्त अभिलेखअनुसार पाल्पाली सेनराजा मुकुन्दसेन द्वितीयले वि.सं. १८१८ साल मिति कार्तिक वदि ११ मा जारी गरिएको स्याहामोहरमा 'तानसिंघ' भनेर उल्लेख भएको पाइन्छ (श्रेष्ठ, २०७५:३८) । उनका छोरा महादत्तसेनले पाल्पाराज्यको शासन सम्हालेपछि यसठाउँलाई वि.सं. १८४४ मा 'श्रीनगर शहर' नामाकरण गरी शहर बसाएका थिए (श्रेष्ठ, २०७४:७६,७७) । सेनराजा महादत्त सेनदेखि पाल्पा राज्यका पछिल्ला सेनराजा पृथ्वीपाल सेनको पालासम्मका स्याहामोहरमा 'मुकाम श्रीनगर' भनी उल्लेख भएको पाइन्छ । वि.सं. १८६१ साल जेष्ठ महिनाको आधाआधीमा काठमाडौँमा उत्रेका पृथ्वीपाल सेनलाई नेपालको राजमुकुट पहिरने उद्योग गरेको आरोप लगाई ललितपुरको राजभवनमा लगेर नजरबन्द गरेको पर्सिपल्ट सैन्यबलका साथ मुख्तियार भीमसेन थापाका बुबा साना काजी अमरसिंह थापा र दलभञ्जन पाँडे पाल्पा पुगी पाल्पाराज्य माथि अधिकार जमाएका थिए (श्रेष्ठ, २०७४:८२) ।

नेपाल अधिराज्यमा पाल्पाराज्य बिलय भएपछि पाल्पाको पहिलो तैनाथवाला भएर आएका साना काजी अमरसिंह थापाको पालामा जारी भएका विभिन्न लालमोहर, रूक्कापत्र, अर्जिपत्र आदि अभिलेखहरूमा 'मुकाम श्रीनगर' उल्लेख भएको पाइन्छ । साना काजी अमरसिंह थापाको देहान्त भएपछि पाल्पाका तैनाथवाला भएर साना काजी अमरसिंह थापाका माहिला छोरा नयनसिंह थापाका जेठाछोरा कर्णेल उजीरसिंह थापा पाल्पा आएका थिए । पाल्पाराज्य नेपाल अधिराज्यमा विलय भएदेखि नै पूर्वको १२२ मौजा एवम् बुटवल र स्यूँराजको विषयलाई लिएर कम्पनी सरकार र नेपाल सरकारबीच खचपच चलिरहेको थियो । त्यसबखत खचपच चलिरहेको बेला पाल्पाको तैनाथवाला कर्णेल उजीरसिंह थापाको पालामा जारी गरिएको लालमोहर, रूक्कापत्र, अर्जिपत्र आदिमा पनि 'मुकाम श्रीनगर' भनी उल्लेख गरिएको देखिन्छ । यी कुराहरूलाई अध्ययन गर्दा आङ्ग्लो-नेपाल वारको पूर्वसन्ध्यासम्म पनि यस ठाउँलाई 'तानसेन' नभनी 'श्रीनगर' नै भन्ने गरिएको देखिन्छ ।

यस ठाउँलाई सर्वप्रथम 'तानसेन' भनेर आङ्ग्लो-नेपाल वारको सुलहपछि हेमिल्टनले सन् १८१९ मा लेखेका आफ्नो पुस्तकमा ' तानसेन' को नाम उल्लेख गरी 'Near Tansen, the present capital, there was formerly a mine of iron......' भनी लेखेका छन् (Hamilton, 1990:181) । यसरी नै सन् १८२८ मा प्रकाशित भएको East-India Gazertteer df ...... .Since the Nepaul rajas seized on his country, the seat of government has been transferred to tansen, a town at some distance, west of Palpa, which in 1809 was the head-quarters of a gorkha commander and his staff .' भनी 'तानसेन'को नाम उल्लेख गरिएको छ (Hamilton, 1993:365) । यसपछिका ओल्डफिल्ड, पर्सिवल लण्डन जस्ता पश्चिमा लेखकहरूले पनि यस ठाउँलाई 'तानसेन' भनेर आफ्नो पुस्तकमा चिनाउँदै आएका छन् भने कर्णेल उजीरसिंह थापापछि पाल्पाका तैनाथी लिएर आएका तैनाथवाला बख्तावरसिंह थापाको पालामा वि.सं. १८८६ मा तानसेन शहर आगलागि भई सखाप भएपछि त्यसठाउँमा पुनः घर बनाई बजार बसाउन सारा जनता हिच्किचाउन थाले, तथा सबैलाई साविक कठिनाइले घेर्न थाल्यो । त्यसो हुँदा स्थानीय रैती र महाजनहरूले सरकारछेउ उजूर गरे, जसमा व्यक्तिगत सम्पत्तिको सुरक्षाको ग्यारेण्टीको माग गरिएको थियो । यसै उजूरीलाई मान्यता दिंदै सरकारबाट यस ठाउँको नाम 'तानसेन' उल्लेख गरिएको एउटा लालमोहर जारी भएको थियो । जसको बेहोरा यस प्रकार रहेको छ : **'स्वस्तिश्री मन्महाराजाधिराज क्स्यरुक्का.........आगे पाल्पा तान्सेन् बस्न्या मनीराज मेहेरवान् साधुराम मनीरत्न तेजनारान चुकढीदेवी नरसिं गैरह महाजन बेपारी नेवारके सालबसाल बजारमा आगलागि भै देवालयसमेत धेरै घर बिग्री माल पर्न जांदा षरको छाना हुनाले धेरै धन् षराप भयो आजसम्म तिरी आयाबमोजिम घरगनी दस्तूर तिर्नु आफूले बनायाका घर अमाली चौधरीले पनि पजनी नगर्नु आफुले छोडी जांदाको दिन घरको दाम उठाउन पाउन्या थिति पाया पक्की घर बनाइ झीगटी लगाइ बजार बनाउँदाहुं भनी तिमीहरूले विंति गर्‍याको विस्तार काजी वषतावरसिंह थापा जिल्लाका मुख्तियार (अर्थात् बडाहाकिम) बाट हाम्रा हजूरमा जाहेर भयो । वेस वींति गर्‍याछौ पक्की घर बनाई झिगटी लगाउनु आजसंम तिरी आयाबमोजिम घर गनी दै दस्तूर तिर्नु चौधरी अमालीले घरको पजनी नगर्नु उठी जाँदा घरका दाम उठाउनु भन्या वंदेजको मोहर गरी बक्यौं आफ्ना षातिर्ज्मासंग पक्की घर बनाई झीगटी लगाई बजार गुल्जार गर्न्या कामगर इति संवत् १८८६ साल मिति आश्वीं सुदी ४ रोज ६ शुभम्.....' (नेपाली, २०२२:२१५,२१६) ।**

उक्त विभिन्न लेखकहरूको पुस्तकमा उठाइएका सन्दर्भलाई नियाँल्दा यस थलोलाई 'तानसेन' भन्ने गरिएको आङ्ग्लो-नेपाल वारपछि देखिन्छ । सन् १८१९ देखि 'तानसेन' भनेर चिनिदैं आएको 'हाम्रो तानसेन' ले आफ्नो १९८ वर्षको यात्रा तय गरेको छ ।

**थप अध्ययनको लागि पुस्तकहरू ः**

आप्टे बासुदेव गोविंद (संम्पा.), **मराठी शब्दरत्नाकर**, प्र. गोपाल बलवंत जोशी, पुणें, सन् १९३२

नेपाली चित्तरञ्जन, **जनरल भीमसेन थापा र तत्कालीन नेपाल**, प्र. रत्न पुस्तक भण्डार, नेपाल, वि.सं. २०२२

भट्टाचार्य, सश्चिनन्द, **भारतीय इतिहास कोश**, प्र. उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, सन् २००१

लुणिया बी.एन., **मुगलकालीन भारत का राजनीतिक एवम् साँस्कृतिक इतिहास**, प्र. मानकचन्द बुकडिपो, इन्दौर, सन् १९७१

वर्मा फूलदेवसहाय (संम्पा.), **हिंन्दी विश्वकोश**, खण्ड पाँच, प्र. नागरीप्रचारिणी सभा, वाराणसी, सन् १९६५

श्रेष्ठ, निर्मल, **मुभ्रुङेली कार्की**, प्र. प्रेमाकुमारी कार्की, वि.सं. २०७४

श्रेष्ठ, निर्मल, **सेनकालीन इतिहास, कला र संस्कृति**, प्र. केशलक्ष्मी श्रेष्ठ, वि.सं २०७५

Hamilton Francis Buchanan, **An Account of The Kingdom Of Nepal**, pub. Asian Educational Services, New Delhi, 1990 A.D.

Hamilton Walter, **East-India Gazetteer**, pub. Low Price Publication, Delhi, 1993 A.D.

**(लेखक इतिहासकार)**

**क्रमशः**

## तानसेन नगरपालिकाको अनुरोध

- ❑ **सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर**
- ❑ **सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं**
- ❑ **घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं**
- ❑ **प्लाष्टिक झोलाको बिकल्पको रुपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं**
- ❑ **सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं**

कविता

# धर्मस्थली नगरी तानसेन



**- नीलकण्ठ न्यौपाने**

शिक्षा, स्वास्थ्य विकास पर्यटनको खेती किसानीसँगै
धर्मै, संस्कृति तानसेन नगरी आफ्नै निशानी दिँदै ।
बुन्दै लौ युग चाहना फूलबुट्टा श्रृङ्गार शोभा निकै
खोज्दै उद्यमशील जाँगर कला पोख्दैछ मौका छँदै । ।

फैलिन्छ रूरूक्षेत्रधाम महिमा ह्षिश्वरैको जडी
यै हो चर्चित देवव्रत ऋषिको कन्या रूरू रिडी ।
और्व-आश्रम-आश्रयी थल बन्यो पुण्यस्थली अर्गली
रानीघाट प्रतीक प्रेमस्मृतिको प्रासाद कृष्णा तटी । ।

हिन्दू, बौद्ध, इसाइ, मुश्लिम सबै धर्माश्रयीको घर
वासिन्दा प्रिय तानसेन शहरै पर्दछ आफ्नै भर ।
साझा संस्कृति धर्मको नगर यो कैलाश धामसरी
देवीदेवल चैत्य-स्तुप सबको आधार हो हर्वरी । ।

निक्कै चर्चित स्थान हो भगवती अध्यात्मको पावन
धर्मात्माहरूको प्रकाशमनमा बल्ने दियो चेतन ।
श्रीनारायण मन्दिरै छ अघिको प्रख्यात दैवी थलो
गुफाचौर उता बन्दैछ गणेशधाम पुर्कादै तानसेनको भलो । ।

जाऔं घुम्न पुगौं पवित्रथलमा अध्यात्म विद्या लिन
कालीकै तट सम्झिदै शहरको आनन्दमा पौडिन ।
गर्दै स्वागत तानसेन सबमा आतिथ्य टक्र्याउँदै
खोज्दै उन्नति साथमा युगसँगै हिंडदैछ पछ्याउँदै । ।

**(लेखक तथा साहित्यकार)**

समीक्षा

# ‘हाम्रो तानसेन’ बुलेटिनका दुई अङ्कलाई नियाल्दा



- टंकप्रसाद पन्थ

**विषय प्रवेश**

लोकतान्त्रिक गणतन्त्रको स्थापनाका पृष्ठभूमिमा निर्माण भएको संघीय नेपालको संविधान २०७२ ले तीनवटा सरकारको संरचनागत ढाँचा प्रस्तुत गऱ्यो । त्यसैको जगमा टेकेर संघीय, प्रदेश र स्थानीय सरकारहरु निर्माण भई कार्यान्वयनको चरणमा अगाडि बढिरहेको अवस्था देखिन्छ । यही प्रक्रियाबाट निर्माण भएको तानसेन नगर पालिका सरकार आफ्ना योजना र कार्यदिशामा यात्रा गर्दैछ । चुनावी अभियानका क्रममा जनतासँग गरेका प्रतिबद्धता, स्थानीय परिवेश र नियम कानूनको सीमामा रही नगर सरकार अगाडि बढ्दै गरेको अवस्था देखिन्छ । आफ्ना प्रतिबद्धता, योजना, कामकर्तव्य, सम्भावना र चुनौतीहरूलाई सम्प्रेषण गर्ने उद्देश्यले **‘हाम्रो तानसेन’** नामक त्रैमासिक बुलेटिनको प्रकाशन आरम्भ गरिएको अनुभूति हुन्छ । यस्ता प्रकाशनहरूले जनप्रतिनिधि, कर्मचारी र आम नागरिकहरूको तत्परता, इमान्दारिता, जवाफदेहिता र प्रतिबद्धतालाई औपचारिक रूपमा मुखरित गराउँन मद्दत गर्दछन् । तानसेन नगरपालिकाका क्रियाकलाप, जनताका अपेक्षा अनि समग्र पाल्पाको गौरवशाली इतिहास, संस्कृति, सम्पदा र मूल्यलाई उजागर गराउँन पनि यस्ता प्रकाशनको भूमिका रहन्छ । यस कार्यमा तत्परतासाथ लाग्ने तानसेन नगर सरकार र सम्बद्ध व्यक्तिहरूलाई धन्यवाद भन्नै पर्छ । यस लेखमा **‘हाम्रो तानसेन’** त्रैमासिक बुलेटिनका प्रथम र दोस्रो अङ्को सोलोडोलो समीक्षा गर्ने प्रयास गरिएको छ ।

**हाम्रो तानसेन (पहिलो अङ्क)**

**‘हाम्रो तानसेन’** वर्ष १, पूर्णाङ्क १, वैशाख २०७५ मा प्रकाशित तानसेन नगर सरकारको पहिलो बुलेटिन हो । रङ्गीन आवरण पृष्ठमा सजिएको प्रस्तुत अङ्कमा तानसेन नगरपालिकाको वर्तमान मानचित्र बीचभागमा अङ्कित हुनुका साथै आधारभूमिमा तानसेनको मूल बजारको झलक प्रस्तुत गरिएको छ । किनारा भागमा यहाँका सांस्कृतिक सम्पदाका साथै ढाका र करूवाका झलकहरु पनि प्रतिबिम्बित भएका छन् । आवरण पृष्ठको पछाडिको भागमा गुफाचौर (गणेशधाम)मा राखिने प्रस्तावित गणेश मन्दिरको झलक प्रस्तुत गरिएको छ । १ सय ३२ पृष्ठ रहेको यस अङ्कमा राष्ट्रपति, प्रधानमन्त्री, संघीय मामिला तथा सामान्यप्रशासन मन्त्री, प्रदेश नं. ५ का मुख्यमन्त्री, नेपाल नगरपालिका संघका संयोजक र तानसेन नगरपालिकाका प्रमुखको शुभकामना मन्तव्य राखिएको छ । यसपछि ‘हाम्रो तानसेन बारे केही कुरा’ शीर्षकमा प्रकाशकीय लेख रहेको छ । त्यसपछिको क्रममा तानसेन नगरपालिकाका प्रेस सल्लाहकार तथा यस बुलेटिनका प्रधान सम्पादक गोविन्द भट्टराईको ‘अब तानसेन बोल्दछ’ शीर्षकमा सम्पादकीय लेख रहेको छ ।




यस अङ्कको मूल खण्डलाई दृष्टि दिंदा मूलतः तानसेनलाई केन्द्रबिन्दुमा राखी समग्र पाल्पा र अझ ग्रेटर पाल्पाको ऐतिहासिक अवस्थाको अवलोकन गरिएका लेखहरु समेटिएका छन् । लेखकलाई आधार मानेर हेर्दा यहाँ जम्मा चौतीसजना लेखकका लेख रचनाहरु सङ्कलित छन् । यसपछि ‘तानसेन नरपालिकाका वडा गतिविधिहरु’ शीर्षकमा तानसेनका चौधवटै वडा अध्यक्षका काम, प्रतिबद्धता र विचारहरु रहेका छन् । यस्तै ‘तानसेन नगरपालिकाका अन्य गतिविधिहरु’ शीर्षकअन्तर्गत तानसेन नगर सरकारका क्षेत्रभित्र पर्ने विभिन्न कार्यालयहरु, संघसंस्था र जोडिन आउने घटना सन्दर्भलाई परिचयात्मक रूपमा प्रस्तुत

गरिएको छ । यसैगरी 'तानसेनमा सडक खानेपानी, पर्यटन र रोजगारीलाई प्राथमिकता' विषयक रिपोर्ट पनि प्रस्तुत गरिएका छन् । यसै क्रममा तानसेन नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति तथा 'पत्रपत्रिकामा तानसेन' शीर्षक राखी तानसेनको विषय र विकासका सम्बन्धमा लेखिएका विभिन्न पत्रिकाका कटपिसहरु समेत प्रस्तुत गरिएका छन् । अन्त्यमा तानसेन नगर कार्यपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको तस्बिर, नाम, पद र सम्पर्क नम्बर. पनि उल्लेख गरिएको छ । यसरी नगर सरकारका विविध झलक र झाँकीहरुलाई समेटी प्रस्तुत बुलेटिन तयार गरिएको छ ।

विभिन्न क्षेत्रसँग सम्बद्ध अनुभव र दक्षता भएका व्यक्तिहरुका लेखरचनाहरुले यस अङ्कको गरीमा बढाएका छन् । समग्र पाल्पाको ऐतिहासिक झलक, तानसेनको नामाकरण, विगतको सुकिलो इतिहास, निराशामय वर्तमान अनि सम्भावनाको उज्यालो भविष्यका किरणहरु यहाँ पोतिएका छन् । जहाँ सांस्कृतिक वैभव, प्राकृतिक छटासौन्दर्य, पर्यटनका प्रचुर सम्भावना, शिक्षा र स्वास्थ्य क्षेत्रको गर्विलो अतीत, कृषि र उद्योगको अवस्था र सम्भावना, ढाका, करूवा र अन्य उद्योगहरुको पहिचान र संरक्षणप्रतिको चिन्ता र सरोकार, प्राविधिक र व्यावसायिक शिक्षाप्रतिको तत्परता, समावेशिता र समानताको प्रत्याभूति, रोजगारी र उद्यमशीलताप्रति नगर सरकारको चासो, पर्व र जात्राहरुको संरक्षण र प्रचार, सरसफाइको योजना, सामाजिकीकरण, बजेट व्यवस्थापन अनि खर्चका प्रावधान र सीमाहरु पनि यहाँ प्रस्तुत भएका छन् । नेपालकै तेस्रो नगरपालिका भएर पनि हिंजोको साख बचाउन नसकेको तानसेनको वर्तमान अवस्थाको चिन्तनमा धेरैजसो लेखहरु केन्द्रित रहेका छन् । साविकको क्षेत्रफलमा फैलिएर ठूलो बनेको तानसेनका अगाडि भूगोल मात्र नभई साधन स्रोत, सम्भावना र अवसरहरु थपिएको परिस्थितिमा ग्रामीण वडाहरुमा सहरी सुविधा र अवसर उपलब्ध गराउन चुनौती रहेको सङ्केत पनि केही लेखमा पाउन सकिन्छ ।

प्रायजसो लेखहरुमा हिंजोको स्थानीय निकायको हैसियतबाट माथि उठेको, नियमकानून र बजेटको तर्जुमा गरी बाँडफाँडको क्षमता राख्ने स्थानीय सरकारका अगाडि जनताका ठूला आकाङ्क्षा रहेको वर्तमान सन्दर्भलाई यहाँ महत्त्वका साथ उठाइएको छ । लोकतान्त्रिक गणतन्त्रको विकासमा सञ्चार क्षेत्रको भूमिका र सञ्चार क्षेत्रको उन्नयनमा नगर सरकारको चिन्तन र दृष्टिकोणलाई पनि यहाँ लक्षित गरिएको छ । विस्तारित तानसेनका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा व्यावसायिक सम्भावनाहरुलाई अध्ययन गरी इच्छाशक्ति र सङ्कल्पका साथमा अगाडि बढेमा तानसेनको पुनर्जागरण हुने आशा र उत्कण्ठापूर्ण भावहरु पनि यहाँ प्रतिबिम्बित भएका छन् । यी कार्यभारलाई पूरा गर्न सम्पूर्ण जनप्रतिनिधिहरु कर्मचारीहरु सामाजिक अगुवा र अभियन्ताहरु तथा आम नागरिकहरु इमान्दार र कर्तव्यनिष्ठ भएर लाग्नुपर्ने अभिप्रेरणाका मर्महरु पनि यहाँ पाइन्छन् । कार्यान्वयनका पक्षमा स्थानीय सरकार निर्मम भएर लाग्नुपर्ने सङ्केत पनि यी लेखहरुमा पाइन्छन् । राष्ट्रिय जीवनमा लोकप्रियता कमाएका र अनुभवमा खारिएका व्यक्तित्वका लेखहरुका कारण प्रस्तुत अङ्क मननीय, सङ्ग्रहणीय र मार्गनिर्देशक दस्तावेजका रूपमा रहेको मान्नुपर्दछ ।

**हाम्रो तानसेन (दोस्रो अङ्क)**




**'हाम्रो तानसेन'** को दोस्रो अङ्क २०७५ साउनमा प्रकाशित भएको हो । रङ्गीन आवरण पृष्ठमा वर्तमान तानसेन नगरपालिकाको मानचित्र अङ्कित गरी देब्रे किनारा र तलपट्टि छवटा तस्बिरमा भगवती जात्रा, रानीमहल र नगर सरकारका कामहरु झल्किने तस्बिरहरु रहेका छन् । आवरण पृष्ठको आधारभूमिमा तानसेन सहर र दक्षिणतर्फको सुन्दर दृश्य प्रतिबिम्बित भएको देखिन्छ । आवरण पृष्ठको पछाडिको भागमा माथिपट्टि रानीमहलको सुन्दर तस्बिर र संघीय सरकार (पुरातत्व विभाग)द्वारा नगरप्रमुख अशोककुमार शाहीलाई रानीमहल हस्तान्तरण गर्दाको तस्बिर अङ्कित रहेको छ । पहिलो अङ्कका तुलनामा यो अङ्क कम पृष्ठको वा जम्मा ६८ पृष्ठमा संरचित रहेको छ । प्रथम पृष्ठको बाँया किनारामा सम्पादनसम्बन्धी विवरण प्रस्तुत गरिएको छ र यसैको दायाँ भागमा 'विकास अबको प्राथमिकता' शीर्षकमा प्रधान सम्पादक गोविन्द भट्टराईको सम्पादकीय लेख रहेको छ । दोस्रो पृष्ठमा 'अब हामी काममा लागौं' शीर्षकमा नगरप्रमुख तथा यस बुलेटिनका संरक्षक अशोककुमार शाहीको मन्तव्य रहेको छ । नगर सरकारले गरेका केही कामको झलक अनि योजनामा रहेका काम सम्पन्न गर्ने

प्रतिबद्धताका साथमा जनताको सहयोगको अपेक्षा गरिएको छ । यसमा तीसवटा शीर्षकहरु समेटिएको कुरा विषयसूचीमा उल्लिखित छ । यस अङ्कमा नगरपालिकाका क्रियाकलाप, गतिविधि, नगरपालिका अन्तर्गतका कार्यालयहरूका गतिविधि र सम्पादन गरिएका कामहरूलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

'न्यायिक समिति बामे सर्दैछ' शीर्षकमा उपप्रमुख लक्ष्मीदेवी पाठकद्वारा समितिबाट सम्पादन गरिएका न्यायिक कामको विवरण प्रस्तुत गरिएको छ । 'तानसेन सरकार चुनौती र अवसर' शीर्षकमा प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलद्वारा सरकारको विगत एक वर्षको समीक्षासहित जनप्रतिनिधि, कर्मचारी र आम नागरिकमा समन्वयको आवश्यकता रहेको कुरा झल्काइएको छ । 'शाहकालीन तानसेन' शीर्षकमा इतिहास तथा संस्कृतिविद् निर्मल श्रेष्ठद्वारा सेनकालीन तानसेनको प्रभाव र शक्तिलाई कूटनैतिक र छलपूर्ण तरिकाले कमजोर पारी शाहकालीन नेपाल एकीकरणमा समाहित गरिएको सन्दर्भ अनि तानसेनलाई केन्द्र बनाई ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरु निर्माण गरिएको तथ्यलाई सन्दर्भसहित प्रस्तुत गरिएको छ । अमरगञ्जको निर्माण, अमरनारायण मन्दिर निर्माण, रिडीमा सत्येश्वर महादेवको मन्दिर निर्माण, बौद्ध चैत्यको निर्माण, टुँडिखेलको निर्माण, कर्णेल उजिरसिंह थापाको पाल्पा आगमन, महिषासुर मर्दिनी भगवतीको निर्माण तथा जात्राको प्रचलन, तानसेन बजारको व्यवस्थापन जस्ता उपशीर्षकमा शाहकालमा तानसेनमा भएका निर्माण र प्रचलनको स्रोतसहित प्रकाश पारिएको छ । यहाँ पाल्पाको गौरवशाली इतिहास र त्यसैका पृष्ठभूमिमा निर्मित सांस्कृतिक सम्पदाहरूका बारेमा महत्त्वपूर्ण आधार सामग्री प्रस्तुत गरिएको छ । यस्तै अर्को लेखमा झपेन्द्र जी.सी. को ' तानसेन पाल्पामा जात्रा पर्वको उत्पित्ति,विकास र वर्तमान अवस्था' शीर्षकमा यहाँ प्रचलित जात्राहरूको परिचय,पृष्ठभूमि र मान्यताको प्रकाश पारिएको छ । यी दुईवटा लेखहरूमा पाल्पाको इतिहास र संस्कृतिको उठान गरी मानवीय आस्था र विश्वासलाई पनि झल्काइएको छ । तानसेन नगरपालिकाबाट भएका गतिविधि, चीनको लसान नगरपालिकासँग तानसेनको भगिनी सम्बन्ध, नगरपालिकाको परिचयात्मक झलक, नगरपालिकाको मातहतमा रहेका कार्यालयबाट भएका कार्यसम्पादनको विवरण प्रस्तुत गरिएको छ । अवसर र अधिकारमा पछाडि पारिएका जाति र वर्गको उत्थानका लागि नगर सरकारले आरम्भ गरेको निशुल्क स्वास्थ्य बिमा, वृद्धवृद्धाहरूका लागि न्यानो अनि शीतल घरको निर्माण, सहकारी संस्था दर्ताको थालनी, जनप्रतिनिधिलाई प्रशिक्षण, नगर सरकारले प्रस्तुत गरेको बजेटका विशेषताहरु, तानसेन खानेपानीको महसुलमा नगर सरकारले दिएको राहत सुविधा, नगर सभाको झलकका साथमा पारित ऐन-नियमको सूचीसमेत समावेस गरिएको छ । यसैगरी 'विविध समाचार' शीर्षकमा नगर सरकारबाट सम्पादन भएका कार्यविवरणको प्रस्तुति पनि पाइन्छ । नगर सरकारले तत्काल गर्नुपर्ने कामको विषयमा विभिन्न व्यक्तित्वहरूका विचार र सुझावलाई पनि यस अङ्कमा समेटिएको छ । 'वडा गतिविधि' शीर्षकअन्तर्गत १ देखि १४ सम्मका वडाहरूले गरेका कार्यसम्पादन, योजना र चासोलाई पनि यहाँ झल्काइएको छ । भगवतीको २००औं रथयात्राको सन्दर्भ, गुफाचौर धार्मिक पर्यटकीय गन्तव्य बन्ने विषयका साथमा अपार सम्भावना बोकेको तानसेन नगरपालिका भित्रका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन र प्रचार-प्रसारको आवश्यकताको अनुभूति हुने खालका सामग्रीहरु यहाँ समेटिएका छन् ।

**निष्कर्ष**

तानसेन नगरपालिकाको मुखपत्रका रूपमा रहेको **'हाम्रो तानसेन'** त्रैमासिक बुलेटिनको शुरूका दुई अङ्कलाई हेर्दा भौतिक अनि प्राज्ञिक दुवै दृष्टिले् यी अङ्कहरु सबल रहेको अनुभव हुन्छ । पहिलो अङ्कका लेखहरूलाई अवलोकन गर्दा विविध क्षेत्रको प्रतिनिधित्व भएको र तिनमा तानसेनको विगत, वर्तमान र भविष्यको त्रिकालिक ऐना भेटाउन सकिन्छ । राजनीतिक रूपमा हाम्रो देशले काँचुली फेरेको छ, आमूल रुपमा व्यवस्था बदलिएको छ तर अब हाम्रो सोच र अवस्थालाई बदल्नु हामी सबैको अझ विशेष गरी वर्तमान नगर सरकारको जिम्मेवारी रहेको कुराको मर्ममा पहिलो अङ्क महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । यसैगरी दोस्रो अङ्कका निर्मल श्रेष्ठ र झपेन्द्र जी.सी.का लेखमा तानसेनको ऐतिहासिक, सांस्कृतिक विषयलाई उठाइएको छ भने अन्य सबैजसो लेखमा तानसेन नगरपालिकाले गरेका काम, योजना र प्रक्रियामा रहेका कामहरु विविध गतिविधिका झलकहरु वडागत कार्यसम्पादन र प्रगतिका विवरणहरु आदिको सेरोफेरोमा दोस्रो अङ्क केन्द्रित रहेको छ । पहिलो अङ्कमा विभिन्न क्षेत्रका विद्वान बुद्धिजीवीहरूका सुझाव र शुभेच्छाका भावहरु मुखरित भएर आएका छन् भने दोस्रो अङ्कमा नगर सरकारले सम्पन्न गरेका र प्रक्रियामा रहेका गतिविधिहरु नै बढी समेटिएका छन् ।

**'हाम्रो तानसेन'** प्रकाशनले जनप्रतिनिधिहरूको कामको अवस्थाको सम्प्रेषण, कर्मचारीहरूको प्रतिबद्धता र समन्वयात्मक भूमिका अनि आम नागरिकहरूको चासो र तत्परतालाई पनि मुखरित गरेको देखिन्छ । यस प्रकारको प्रकाशनले काममा पारदर्शिता, जवाफदेहिता र जनसचेततालाई माथि उठाई समग्र नगरको विकास र समृद्धिमा कडीको काम गर्ने देखिन्छ । आगामी अङ्कहरूलाई सम्पूर्ण जनता, लक्षित वर्गलाई केन्द्रित गरी सामग्रीको प्रस्तुति, जनप्रतिनिधिहरूको स्वमूल्याङ्कन, कर्मचारी वर्गको चुस्त सेवाप्रवाह अनि आधारभूत तहका सामग्री र समस्याहरूमा केन्द्रित गरी अझै लोकप्रिय र सङ्ग्रहणीय सामग्रीका रूपमा विकास गर्नु अपेक्षित देखिन्छ । यस प्रकाशनले निरन्तरता पाओस्, जनप्रतिनिधिको क्रियाशीलता र जनताप्रतिको समर्पणको भावलाई पत्रिकाले उठाउन सकोस् । यस कुरामा मूलतः प्रधान सम्पादकको दृष्टि पुगोस्, **'हाम्रो तानसेन'** जनताका कुरा बोल्न नथाकोस्, हार्दिक शुभेच्छाका साथमा शुभकामना । धन्यवाद ।

**(साहित्यकार तथा समीक्षक)**

# तानसेन नगरपालिकाको शहरीकरण: चुनौती, अवसर र आवश्यकता



- झपेन्द्र जी.सी

**विषय प्रवेश:**

पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, राजेन्द्र लक्ष्मी, बहादुर शाह, रणबहादुर शाह, अमरसिंह थापा, (बडा काजी) भीमसेन थापा (सानाकाजी), अमर सिंह थापा, दलभञ्जन पाँडे, वीरभद्र, उजीरसिंह थापालगायत हजारौं देशभक्त राष्ट्रवादीहरूले नेपाल राज्यको पुनःर्निमाण र एकीकरण गरेका हुन । पुनर्निमित देशको राज्यप्रशासनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै देशलाई समृद्ध र सुदृढ, एवम् जनआकांक्षाहरूलाई पूरा गर्ने उद्देश्यले नै विभिन्न समयमा त्यस समयका नायकहरूले मौजुदा भूभाग भित्र १४ अञ्चल ७५ जिल्ला, ३९१५ गा.वि.स. र ५८ नगरपालिकाहरु समयक्रममा निर्माण गरे । २०६२।०६३ को अभूतपूर्व लोकतान्त्रिक गणतन्त्रको आन्दोलन सफलताको मंजिलमा पुगेपछि २०७२ असोज ३ गते स्थानीय तह सरकार, ७ प्रदेश तह सरकार र संङ्घीय तह सरकारको माध्यमबाट देशको समृद्धि र जनताको खुसवहाली गर्न सकिन्छ भन्ने लक्ष्य/उद्देश्य राखेर नयाँ संविधान संविधानसभाबाट जारी गरियो । संविधानको भावनाबमोजिम २०७३ सालमा स्थानीय तहमा ७५३ पालिकाहरु पुनर्निमाण गरिएकामध्ये २९३ पालिकाहरु नगरपालिका र उपमहानगरपालिका र महानगरपालिका रहेका छन् । नगरपालिकाहरु कसरी सुविधा सम्पन्न गरी शहरीकरण गर्ने यो आजको छलफलको मुख्य मुद्दा हो ।

**शहरीकरण/नगरपालिकाको संक्षिप्त इतिहास :**

१०४ वर्षे राणा शासनकाल निजी ढुकुटी भर्दैमा र निजीविलाशी भवन निर्माणकै क्रममा व्यतीत भयो तर पनि अन्र्तराष्ट्रिय जगत्मा भईरहेको शहरीकरणले शासकहरूलाई कताकता प्रभावित गरेको देखिन्छ । वि.स १९७६ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफू बसोबास गर्ने राजधानी काठमाडौंलाई शहरीकरणको दर्जामा पुऱ्याउन काठमाडौंमा सफाइ अड्डा स्थापना गरेका थिए भने वि.स २००४ सालमा प्रधानमन्त्री पद्म शमशेरले काठमाडौंलाई म्युनिसिपालिटी बनाउन म्युनिसिपालिटीको नामकरण गरेको इतिहास छ । २०१० सालमा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पालामा म्युनिसिपालिटीको नाम परिवर्तन गरी काठमाडौं नगर पालिकाको न्वारन गरेका थिए । यसरी नै २०११ सालमा काठमाडौं उपत्यकामा काठमाडौं नगरपालिका घोषणा भयो । क्रमशः भक्तपुर, ललितपुरसमेत गरी ५ वटा नगरपालिका घोषणा गरीए । चौबिसे राज्यहरूमध्ये शक्तिशाली मानिएको सेन राज्य पाल्पा तानसेन सेनकालको राजधानी थियो भने १८६१ जेठ २० पछि पाल्पाराज्य विशाल नेपाल राज्यमा बिलय भएपछि पनि तासेन एकीकृत नेपालको प्रमुख केन्द्रको रूपमा रह्यो । वि.स १९०३ मा जङ्गबहादुर राणाले राणाशासनको शुरु गरेपछि पनि पाल्पा तानसेन महत्त्वपूर्ण प्रशासनिक केन्द्रका रूपमा रह्यो । पाल्पा गौंडाको नामबाट पश्चिम कमाण्डिड जनरल रहने व्यवस्थाले गर्दा नारायणी नदीदेखि पश्चिम भेगको प्रशासन पाल्पा तानसेनबाट नै चल्ने व्यवस्थालाई अगाडि बढाइएको थियो । राजनीतिक परिवर्तनका मोडहरूमा पनि पाल्पा तानसेनको भूमिका नेतृत्वदायी र निर्णायक रह्यो । २००७ सालमै तानसेन नगर पञ्चायतको रूपमा बैठक बसेको तानसेनको माइन्यूट समेत रहेको बताइन्छ । यद्यपि तानसेनलाई तेस्रो नगरपालिका भनिएको पाइन्छ । वि.स. २००७ सालको क्रान्तिमा पाल्पाक्षेत्र २००७ माघ २१ गते नै मुक्त भएको कुरा भोलानाथ शर्मा केही काल र काशीनाथ गौतमको नेतृत्वमा जनसरकार गठन हुनु र नेकपाका तर्फबाट कमलराज रेग्मीको नेतृत्वमा विरोध जुलुसहरु र सभाहरु हुनुले प्रष्ट पार्दछ । हाल ५ नं. प्रदेश अर्थात् लुम्बिनी प्रदेशअन्तर्गत् पर्ने तानसेनले यस प्रदेशमा सर्वप्रथम २०१४ सालमा नगरपालिका मान्यताप्राप्त गर्न सफल भएको थियो । यसरी नै बुटवलले २०१६ सालमा नगरपालिका बन्ने मौका पायो । तानसेनको इतिहास र शहरीकरणका कुरा खोतल्दै जानु पर्दछ । **क्रमशः**

**(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)**

- **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- **कर तिरौं, सभ्य नागरिक बनौं।**
- **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

# स्थानीय सरकारको हैसियतले जनप्रतिनिधिले काम गर्नुपर्छ



- नारायणप्रसाद कोइराला

सम्वैधानिक व्यवस्थाअनुसार स्थानीय इकाइहरू ठुलो भौगोलिक क्षेत्रसहित सरकारको रूपमा स्थापित भईसकेपछि, जनप्रतिनिधि, कर्मचारीहरू जनताहरूमा सोच, र कार्यशैलीमा पनि तद्अनुरूप परिवर्तन हुनुपर्ने प्रमुख कुरा हो । त्यस प्रकारको चिन्तन पाइएको छैन, परम्परागत सोच र कार्यशैलीकै निरन्तरता छ । यस पङ्तिकारको स्थानीय निकाय/तह र त्यसका जनप्रतिनिधिहरू वीच लामो अनुभव र वर्तमान अवस्थाबारे समेत शुक्ष्म अध्ययन/अवलोकनका कारण प्राप्त जानकारीहरू उपयोगी हुन सक्छन् तर छोटो समय र स्थानाभावका कारण वुँदागत रूपमा राख्ने प्रयास गरेको छु । जिज्ञासुहरूलाई केही आधार मिल्ने नै छ ।

## पहिले र अहिलेको भिन्नता के हो ?

अरूले वनाइदिएको कानूनले दिएका सीमित्त अधिकारको प्रयोग र श्रोतको व्यवस्थापन जनताको असीमित आकांक्षापूर्ण गर्न कठिन थियो । हरेक क्षेत्रमा माथिबाट दिने निर्देशन, सीमित साधन र आफ्नै साधन र श्रोतको व्यवस्थापन गर्न समेत कठिन थियो । अव त्यो रहेन । संविधानले व्यवस्था गरेअनुरूपः

(क) आवश्यकता अनुसार आफ्नो कानून आफै बनाउने (सभावाट) हरेकको अलग्गै कानून पनि पर्दैन धेरै विषय एउटैमा राख्न सकिन्छ ।

(ख) त्यसलाई कार्यान्वयन गर्ने कार्यविधि कार्यपालिकाबाट पास गर्ने, बनाउने ।

(ग) कानूनलाई स्थानीय राजपत्रमा प्रकाशित गर्ने ।

(घ) कर्मचारीको काम, कार्यसम्पादन, अधिकार क्षेत्र समेतको कार्यविधि बनाउने ।

(ङ) योजना प्रक्रियाबारे तलैदेखि राय लिने, समग्र पालिका कस्तो बनाउने ? भिजनसँग तादात्म्यता मिलाउने र तद्अनुरूप वजेट विनियोजन गर्ने ।

(च) अलोकप्रिय भइन्छ कि भनेर कर उठाउने कुरामा नडराउने बरू करको दायरा बढाउने तर एकैपटक धेरै दर नवढाउने । करबारे नागरिकलाई समयमै प्रष्ट सूचना प्रवाह गर्ने ।

(छ) प्राकृतिक र मानवीय साधन श्रोतको भरपुर उपयोग गर्ने

(ज) पद्धति वसाउने इ-गभर्नेन्समा जाने/आफूले अनुगमन गर्ने आफ्नै मोवाइलवाट । त्यसैले जनप्रतिनिधि र कर्मचारीलाई काम गर्न चाहे पहिलेभन्दा सजिलो छ । स्थानीय निकाय होइन स्थानीय तहलाई सरकारको रूपमा संविधानले परिभाषित गरेको तथ्य जनप्रतिनिधिहरूले मनन गर्नु आवश्यक छ । तद्नुरूप काम गर्नुपर्दछ ।

## अव तानसेनले के गर्ने त ?

तानसेन पूरानो ऐतिहासिक शहर हो । कुनै काल खण्डमा ठूलो व्यापारिक र प्रशासनिक केन्द्र थियो । यो अब रहेन । नगरपालिकाको क्षेत्र बढ्यो । शहरी, ग्रामीण र घना बसोबास क्षेत्र समेत थपियो । योजना तद्अनुरूप बनाउनुपर्ने भयो । आर्थिक गतिविधि नहुँदा रोजगारीका लागि बसाइसराइको समस्या ठूलो हुन लाग्यो । उद्यमशीलता वा बौद्धिकता पलायन हुँदै गयो । समस्या कहालीलाग्दो छ । सडक विस्तारमा खुट्टा कपाउँने तर सवारी सबै बजार हुँदै चल्नु पर्छ भन्ने मानसिकता पनि त्याग्न जरूरी छ ।

जहाँ समस्या छ त्यँहा अवसर पनि छ, फेरि तानसेन आफैमा प्रकृति र संस्कृतिले वैभवशाली छ । अग्रजहरूले निर्माण गरिदिएका ऐतिहासिक धार्मिक धरोहरहरू छन् । अत्यन्त उव्जाउ जमिन छ । नगरको ग्रामीण भूभागमा परिश्रमी र सोझा वासिन्दा पनि छन् यसैलाई सदुपयोग गर्ने हो, अरु विकल्प छैन ।

## के गर्ने त ?

(क) योजना बनाउदाँ शहरी ग्रामीण र घना वसोवास क्षेत्रको अलग-अलग योजना र मापदण्ड वनाउनु पर्दछ ।

(ख) सरसफाइलाई पहिलो प्राथमिकतामा राख्ने पर्यटन पूर्वाधार बनाउने, तानसेन मात्र होइन समग्र पाल्पालाई हेर्ने र नेतृत्व दिने । पाल्पाका पालिकाहरूबीच समन्वय र सहकार्यको नेतृत्व तानसेनले लिनु पर्दछ ।

(ग) यातायातको व्यवस्थापन तत्कालै गर्ने । पुरानो पहाडी शहर सानो वाटोमा ठूला गाडी वन्द गराउने । गाडी पार्किङको व्यवस्था गर्ने । नयाँ बसपार्कका लागि काम तत्काल अगाडि बढाउँने ।

(घ) ऐतिहासिक र धार्मिक धरोहरको संरक्षण सम्वर्द्धन र व्यवस्थापन गर्ने ।

(ङ) पुराना घर सम्पदाहरूको संरक्षणका साथै नयाँ निमार्ण तद्अनुरूप गर्नुपर्ने नीति र कानून बनाउने । भक्तपुर र वन्दीपुरको मोडल अवलोकन गरेर आफ्नैपन झल्कने काम गर्नु पर्दछ तानसेन नगर सरकारले ।

(च) विभिन्न समुदायको भेष भुषा र संस्कृतिको संरक्षणको लागि योजना बनाएर काम अगाडि बढाउँने

(छ) ग्रामीण अर्थतन्त्र वलियो बनाउने कृषि क्षेत्र हो । अतः नगदेवाली र अर्गानिक उत्पादनमा जोड दिने । सीप, आधुनिक प्रविधिमा अनुदान दिने र वजारको व्यवस्थापन गर्ने ।

(ज) ढाका र कस्खामा पाल्पाको ब्राण्ड स्थापना गर्ने, बाहिरको सामान पाल्पाली भनेर ठग्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने ।

**कुनै पनि काम गर्न निम्न कुराहरू महत्त्वपूर्ण छन्**

(क) के गर्ने ? कसरी गर्ने ? साधन कसरी जुटाउने ? दलीय आग्रहवाट मुक्त भएर योजना, अर्थ, शिक्षा, पर्यटन, पूर्वाधारको क्षेत्रमा योगदान गर्नेहरूको टिम बनाउने । योजना र प्रतिवद्धता ठूलो हो साधन श्रोतको अभाव हुदैन ।

(ख) पर्यटन पूर्वाधारहरूको लागि पाल्पा पर्यटन परिषद बनाउने त्यसवाट सानो सर्वपक्षीय समिति बनाउने ।

(ग) शिक्षाको नीति, लगानी, गुणस्तर वृद्धिका लागि त्यस्तै समिति बनाउने जसवाट तानसेन शिक्षाको केन्द्र वनाउन सकियोस् ।

माथिका समग्र कुराहरू गर्ने मुलतः जनप्रतिनिधिहरूले नै हो । निर्वाचित जनप्रतिनिधिहरूको बैठक, सभा वैधानिक हो तर उनीहरू स्वयम् विज्ञ नहुन पनि सक्छन् । ज्ञान र अनुभव भएका व्यक्ति जनप्रतिनिधिहरूको दायरा भन्दा वाहिर धेरै हुन सक्छन । सहयोग लिने जिम्मेवारी जनप्रतिनिधिहरूको हो । कर्मचारी कार्यन्वयन गराउने एक माध्यममात्रै हो । गर्ने जनताले हो । विचार लिने, योजना बनाउने, वजेट व्यवस्थापन गर्ने, कार्यान्वयन गराउने हो । व्यवस्थापनको सिद्धान्तले भन्छ **"म्यानेजरले काम गर्ने होइन गराउने हो जुन म्यानेजर काम गर्छ त्यो कुशल म्यानेजर होइन गराउने म्यानेजर कुशल हो ।"**

अन्यथा अर्थ नलागोस् तानसेन र समग्र पाल्पाको आधुनिकीकरण सुनौलो प्रयासमा अहिले जनप्रतिनिधिहरूलाई ठूलो अवसर छ त्यसमाथि तानसेन नगरपालिकालाई । त्यसको नेतृत्व प्रमुखले नै गर्ने हो । तानसेन अझ पाल्पाकै भविष्य तानसेन नगर प्रमुखको हातमा छ र उहाँ स्वयम्को पनि भविष्य आफ्नै कर्ममा नीहित छ । जनताले गरेको आशा पनि त्यहि हो । त्यो आधार प्राप्त जनमत हो । विज्ञेषु किमधिकम !!!

**(साविक गाउँ विकास समिति महासंघका संस्थापक अध्यक्ष)**

## तानसेन नगरपालिकामा हाल कार्यरत वडा सचिवहरू

| वडा नम्वर | नाम | सम्पर्क नं |
|---|---|---|
| १ | चुरामणि मरासिनी | ९८५७०६१८०९ |
| २ | राधा न्यौपाने | ९८४९१६९०६४ |
| ३ | मीरा क्षेत्री | ९८६७२७०२२१ |
| ४ | बैकुण्ठ कोइराला | ९८४९३२४९५९ |
| ५ | जीवन बस्याल | ९८४९७९२६७९ |
| ६ | जयदीप पन्थी | ९८४७०२३८६५ |
| ७ | तुल्सीराम कोइराला | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | ९८४७१४०१२३ |
| ९ | टंकप्रसाद भण्डारी | ९८४७४२४४१५ |
| १० | टंकप्रसाद भण्डारी | ९८४७४२४४१५ |
| ११ | शिव आत्रेय | ९८५७०६२५१४ |
| १२ | मञ्जु आचार्य | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | ९८५७०६५०१८ |

# तानसेन नगरपालिका र पाल्पाली सञ्चार क्षेत्र



– झपेन्द्र गहिरे

तानसेन नगरपलिका नेपालकै पुरानो नगरपलिकामध्ये पर्दछ । पर्याप्त साधन र स्रोत नहुँदानहुँदै पनि आफ्नै छुट्टै अस्तित्व र पहिचान बनाउन सकेकै कारण यो देशभर चर्चामा रहेको छ । बढी जनघनत्व र प्रयाप्त साधन स्रोत भएका नगरपालिकाभन्दा तानसेनले उचो मानसम्मान पाउन सकेकै कारण यसलाई हेर्ने दृष्टिकोण पनि सदैव सकारात्मक भेटिन्छ अर्थात् सबैतिर सधैंभर चर्चामा यसलाई अग्रपङ्तिमा नै रहने सुअवसर प्राप्त भयो ।

तानसेन नगरपालिका सुन्दर, शान्त वातावरण, अनूकुल हावापानी, धार्मिक र साँस्कृतिक धरोहर, रमणीय पर्यटकीयस्थल भएका कारण विगत देखि नै चर्चा परिचर्चामा रहेको हो । चर्चाका हिसाबले कहिले कमी आएन । सबैको एउटै सोच र चिन्तनका साथ भौतिक पूर्वाधारसँगै अगाडि बढाउन सकियो भने थप समून्नत र आकर्षण स्थलको रूपमा यसलाई लिनसकिने कुरामा दुईमत नहोला ।

शिक्षा स्वास्थ्य पर्यटन कुटिर उद्योगसँगै फष्टाउदै गरेको सञ्चार क्षेत्रले तानसेन नगरीलाई थप रौनकता प्रदान गरेको छ । सामुदायिक सञ्चार र विकास पत्रकारिताको सफल अभ्यासमा पाल्पाको महत्त्वपूर्ण योगदान रहेको छ । विगततर्फ फर्किएर हेर्दा नगरपालिका र सञ्चार जगत्को सम्बन्ध साँच्चै नङ् र मासुको जस्तै बन्न सक्दो रहेछ भन्ने उदाहरण पाइन्छ । सञ्चारमैत्री व्यवहार देखाउन सक्षम नगर नेतृत्व र सञ्चार जगत् सबैका लागि र अन्य तत्कालीन स्थानीय निकाय प्रमुखहरूलाई समेत अनुकरणीय बन्न पुगेको सुखद् अनुभूति हाम्रा अगाडि अद्यावधि स्मरणीय छ । जसकै कारणले सञ्चारकर्मीहरूको छाता संगठन नेपाल पत्रकार महासंघ पाल्पाको साधनस्रोत सम्पन्न पक्की भवनदेखि उत्कृष्ट पत्रकारिता पुरस्कारको कोष प्रारम्भ, समयानूकुल तालिम, सञ्चार माध्यम सबलीकरण सहयोग आदि पाल्पाली पत्रकारिताका लागि अनुकरणीय उपलब्धि नै हुन् भन्दा अन्यथा होलाजस्तो लाग्दैन । जजसले गरे त्यसको जस नेतृत्व र नगरपालिकाले पाउनैपर्ने लाग्दछ ।

स्थानीय निकाय हुँदै स्थानीय सरकारको मान्यताप्राप्त नगर सरकारका नेतृत्व गर्नेहरूका लागि पनि यी अनुभूति सुखद् थिए भन्ने लाग्दछ । समय क्रमसँगै नयाँ सोच र चिन्तनकासाथ गडिलो सुसम्बन्ध र हार्दिकताले स्थानीय सरकारलाई लक्ष्यपथमा अग्रसर हुने वातावरण प्राप्त हुन्छ भने यहाँका सञ्चार गृहहरूले ढाडस र सञ्चारकर्मीहरूले थप राहतको महसुस प्राप्त गर्नसक्ने वातावरण सिर्जना हुनेछ । यिनी कुरालाई मध्येनजर गरेर नयाँ सिराबाट नगर सरकार र सञ्चार नेतृत्व अघि बढ्नसके दुबै पक्षको हितमा हुन्छ भन्ने पक्कै दावी गर्नसकिने छ । संघीय लोकतान्त्रिक गणतन्त्र विधि र विधानले चल्ने परिपाटी हो । जहाँ भावनासँगै इमानजमानले सहजता प्रदान गर्न मद्दत गर्दछ । मर्यादित पेशाको स्वच्छ आलोचना सबैका लागि हितकर बन्दछ भने स्वार्थ, आवेग र गैरजिम्मेवार पत्रकारिता सिङ्गो पेशा व्यवसायकै लागि अहितकर बन्नसक्छ । त्यसैले जसरी खानी, पानी, प्रकृति सबैका लागि समान छन् । सञ्चार क्षेत्र पनि त्यही रूपमा लैजाने प्रण गर्न सकियो भने साँचो अर्थमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको उद्देश्य पूरा गर्न सकिएला । अनि मात्र सञ्चार र स्थानीय सरकारबीच नङ् र मासुको सम्बन्ध कायम हुनसक्ला, जसले मात्रै दुई पक्षीय हितलाई अगाडि बढाउन सकिएला । तानसेन नगरपालिकाले दुई दशक पहिले नै आफूलाई सञ्चारमैत्री नगरको रूपमा उभ्याएको तथ्य हामीसामू रहेको छ । पछिल्लो समय पाल्पाका अन्य केही स्थानीय तहहरूले समेत सञ्चार सबलीकरणका लागि यथासक्य सहयोगको शुरूवात गरेका छन् । स्थानीय तहबाट नेपाल पत्रकार महासंघ पाल्पालाई र स्थानीय सञ्चारगृहहरूलाई तानसेन नगरपालिकाले जसरी नै संस्थागत सहयोगलाई बढावा दिन सकिए स्वच्छ र मर्यादित पत्रकारिताको विकासमा टेवापुग्ने विश्वास गर्न सकिन्छ । यसबारे नेपाल पत्रकार महासंघ पाल्पा, यहाँका सञ्चार माध्यम र जनप्रतिनिधिबीच सामयिक अर्न्तक्रियालाई भने निरन्तरता दिनु जरूरी देख्दछु म ।

**निष्कर्ष:**

तानसेन नगर प्रमुखको रूपमा २०५४-२०५९ मा हालका नगर प्रमुखले पाल्पाली पत्रकारिताको विकासको लागि उत्कृष्ट पत्रकारिता पुरस्कारकोष स्थापना, भवनका लागि घडेरी प्रदान गरेर होस् वा सञ्चारगृह सवलीकरणमा पछिल्लोपटक नगरपालिकाले देखाएको सदासयता अन्य स्थानीय तहका लागि समेत अनुकरणीय छन् । यस पटक तानसेन नगर सभाबाट समानुपातिक विज्ञापन नीति पारित तथा राष्ट्रियस्तरको पुष्पस्मृति पत्रकारिता पुरस्कार स्थापनाको घोषणा आफैंमा उत्कृष्ट कर्ममा पर्दछ ।

**(पूर्वसभापति, नेपाल पत्रकार महासंघ पाल्पा)**

# Tourism in Tansen



- Gopal Prasad Bashyal

Tansen, famous for its history and natural beauty, is located on the way to Lumbini to Pokhara and mostly perfumed by cool breeze of pine trees on its top at the mid hills of Western Nepal. There is always mild temperature year round and the south-faced sloppy land gets fun sun warm rays in all seasons from dawn to the dusk. Tansen is linked through motor roads: 328 kilometre from Kathmandu via Narayanghat and up from Butwal; 120 kilometre South from Pokhara and 83 kilometre from Lumbini, the birth place of Lord Buddha. It's at the altitude of 1342 metre. It's only 65 kilometre from Sunauli, the Indian border.

There is plenty of interesting places to see in Tansen. There is a huge wooden gate called Baggi Dhoka which is an entrance to Palpa Durbar and where the chariot of Goddess Bhagawati passes through. There are fine woodcarvings on the buildings on the western side of the gate, examples of the fine Newari craftsmanship.



Palpa Durbar was built as the administrative building of the governor by Pratap Shamsher Jang Bahadur Rana in 1927. Though in January 2006 during the Maoist insurgency it was destroyed, restored after the peace process. The palace for administration is now housing a small museum but the Province 5 government has decided to expand it as province museum and allocated considerable fund for this purpose. At the north of the Baggi Dhoka, at the heart of Tansen town, there is an octagonal resting place called Sheetalpati that shows the beautiful woodcarvings of the windows of Nanglo West bakery and restaurant.

At the west corner of the Durbar, there is Ranaujireshwari Bhagawati temple which carries the patriotic history of brave Gurkha soldiers. During Anglo-Nepal war, the Nepali soldiers led by the commander Ujir Sing Thapa who had asked for the blessings of goddess Bhagawati could defeat the English armies at jitgadhi, Butwal, and Ujir Sing Thapa reconstructed the temple in 1814 and began the chariot procession of goddess Bhagawati. Thousands of devotees, Nepal army and government officials observe Bhagawati Jatra, the chariot procession, in August every year. Similarly, at the eastern corner of the city, Narayansthan, there is Amar Narayan Temple. This tall pagoda temple was built by another warrior Amar Sing Thapa in 1807. There are other temples of beautiful woodcarvings at Amargunj, below tundhikhel, passing through the Municipality office, though they are less visited.

Temples in Tansen bless people with patriotic feelings whereas there are four Bihars of Buddhists which are culturally significant as Tansen is densely populated by Newars and resembled to mini Kathmandu. There are churches and mosques in Tansen. The population is mixed of Newars, Magars, Brahmins, Chhetries, Dalits and Muslims. Buddhists and Hindus share some festivals and rituals. It shows harmony among people of all religious and community identities. On the top of Tansen city, there is a scenic Shreenagar hill which shows the alluring panorama of foothills all around, beautiful Madi valley in the south, a long range of more than ten snow-capped mountains in the far north. This hill is occupied by morning walkers and full of picnic groups from different surrounding places on most of Saturdays.

There are interesting surrounding areas near Tansen. Besides Tansen, Ranimahal which is only seven

kiliometre from Tansen, is also one of the hundred tourist destinations declared by the government of Nepal. Ranimahal, the palace built at the bank of river Kaligandaki on the memory of beloved queen Tej Kumari by Khadga Shamsher jung Bahadur Rana, is regularly visited by people to commemorate their loved ones. Some people also compare its value with Taj Mahal, India. This is also an amazing sample of British architecture built on a single stone foundation on river Kaligandaki. Except in rainy season, there are roads for all types of vehicles though it's one day outing on foot which also offers the pleasure of hiking and some other places like Siddha Gufa, Hattidhunga, Baikunthe Paharo on the way through Ahal and lives of mariginalised Bote community on the way through Dailatung.

There is Bhairavsthan temple at seven kilometre west of Tansen. This temple is everyday visited by devotees who believe on the blessings of Lord Bhairav, Kaal Bhairav, and Maa Devi. This is also nominated as the province level tourist destination. The next popular Hindu pilgrimage is Ridi where



Rishikeshav Mahadev and other various temples, and the holy river Kaligandaki make it a Venarus of Nepal. This is possible area to increase religious tourists. Likewise, other religious places of interests are Mandavya rishi area Prabhas and Madi, Damkada, Kokaldevi Madanpokhara, proposed Ganeshdham, TegLha, Balkanya TegLha, Aurva rishi dham Argali etc. are in Tansen Municipality whereas Bagnasdevi, Darlamkali, Siwasan and Ramdi are in Bagnaskali rural municipality and Rambhadevi, Tahoon are surrounding places of one day outing from Tansen.

Tansen is also visited for research purposes as well. The irrigation systems of Argali and Chherlung have attracted scholars from home and abroad. Likewise, the horticulture, community forest and livelihood of Madanpokhara are also beneficial practices for visitors of home and abroad. Tansen earned fame for Dhaka clothes knitted at handlooms and karuwa, a bronze water jug of its typical architecture, although these local industries are challenged by similar products of advanced machines. Tansen is also popular for coffee products.



Although Tansen attracts some tourists from India and other foreign countries, there is not wider flow of tourists. There are hotels and also home-stays in Tansen; it's necessary to support hoe-stays in the villages too. It's good for Tansen for nomination of two of hundred tourist destination, receiving ownership of Ranimahal, and agreement between Tansen and Lushan city of China as to work together to build Buddha circuit are some initiations taken by the governments at their levels. Hope when the Siddhartha Highway becomes safe at Dobhan area, Tansen will certainly attract visitors to Lumbini for a cool night stay. Besides, Tansen is a health hub and also has possibilities of revival of its image as education hub which can attract students of various places for advanced technical studies. There is urgent need of master plan of integrated approach of fostering tourism through empowering concerned people and developing infra-structures.

**(Teacher & Journalist)**

# एक अनुभव र अनुभूतिमा पाल्पा तानसेन



- गौरीनाथ प्रधान

अठारौं शताब्दीमा गोर्खाका राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानमा कठिन साध्य मानिसको एक ठाउँ हो तानसेन पाल्पा । जुन हाल नेपालको ७५+२ (७७) जिल्ला मध्येको एक जिल्लाको रूपमा रहेको छ । मगर भाषामा सल्लाको एक उपजाति रूखलाई 'तानसिङ' भनीएबाट सेरोफेरोमा प्रशस्तै सल्लाका रूखहरु पाइने र एक प्रकारको सल्लाको प्रजाति तानसिङ् शब्द नै अपभ्रंस भई वर्तमान 'तानसेन' रहन गएको भन्ने यहाँका कृतिलेख एवम् जनश्रुतिहरूबाट प्रष्ट हुन्छ । मगर भाषामा रूखलाई 'सिङ' र सल्लाको एक प्रजातिलाई 'टान' भन्ने गरीएबाट यही टानसिङ नै विस्तारै परिवर्तन भई तानसेन रहन गएको भन्ने इतिहासमा उल्लेख छ तर कतैकतै सेन वंश कालको 'स्याहामोह' श्रेस्ता 'तानसिंघ'बाट तानसेन रहन गएको हो भन्ने पनि पाइन्छ । अतः प्राचीन कथाकहानी, जनश्रुति तथा किवंदन्तीअनुसार तानसेन नगरको नामाकरणबारेमा विभिन्न विरोधाभाष रहेकाले पनि वास्तवमै तानसेन नाम कसरी रहन गयो भनी यकीन प्रमाण भने इतिहासको गर्भभित्रै रहेको अनुमान गर्न सकिन्छ ।

राष्ट्र एकीकरणका नायक पृथ्वीनारायण शाहले युद्ध तथा आक्रमण गर्ने आँट गर्न नसकेपछि उनैकी बुहारी तथा राजा प्रतापसिंह शाहकी रानी राजेन्द्र लक्ष्मीदेवी शाह र छोरा बहादुर शाह समेतको अनेकौं कुटनीतिक चालबाजी, छलकपट तथा बठ्याँइको कारणबाट मात्र पाल्पा नेपाल एकीकरण अभियानमा गाभिन पुगेको भन्ने ऐतिहासिक तथ्यहरु रहेको पाइन्छ । हुनत कोहीकोही इतिहासकारहरूले तत्कालीन पाल्पा राज्य राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मावली राज्य भएकाले पृथ्वीनारायण शाहले चाहेरै पनि पाल्पामाथि आक्रमण नगरेको हो भन्ने पनि उल्लेख छ । जेहोस् इतिहासमा जे जस्तो उल्लेख भए तापनि तत्कालीन पाल्पा राज्य तथा हालको पाल्पा जिल्ला (तानसेन) को आफ्नै ऐतिहासिक प्राकृतिक र साँस्कृतिक विशेषता रहेको छ । यसमा पनि तानसेन बजार (वर्तमान तानसेन नगर) को भौगोलिक संरचना, विभिन्न धार्मिक तथा साँस्कृतिक क्षेत्र र पर्वहरु अनि विविध जातजातिका समुदायको संगमथलोको रूपमा हालको तानसेन नगर वा बजार रहेको छ ।

प्राचीन कालमा तानसेनमा नेवार अनि पाल्पा जिल्लामा मगर समुदाय र भाषाको बाहुल्यता रहेको ऐतिहासिक तथ्यहरु रहे तापनि हाल आएर यहाँ विभिन्न जातजातिहरूको मिश्रित बसोबासले सबै जातजातिहरूको संगमथलो अथवा साझा चौतारी जस्तो बन्न पुगेको छ - पाल्पाको सदरमुकाम यो तानसेन बजार ।

दक्षिणको तराई भाग र उत्तरपट्टिको पहाडी भागको मिश्रणको रूपमा रहेको जिल्ला भएकोले तराई र पहाड दुवैको हावापानीको समिश्रणसमेत यहाँ रहेको छ । यसमा पनि पूर्वदक्षिण मोहडा भई तरेली परेको तानसेन नगर (बजार) तलको समथर मैदान माडी फाँटबाट हेर्दा सिक्किमको नाम्चे र दार्जिलिङ शहरको झझल्को दिने गर्दछ । उदाउँदो सूर्यको पारिलो घामसँगै सन्ध्या कालको गोधुली किरणको शीतल रापसँगै उज्यालो दिनलाई विदाइ गर्ने रमाइलो ठाउँको रूपमा देख्न र चिन्न सकिन्छ । झट्ट हेर्दा धनकुटा र गोर्खा जस्तो पनि देखिन्छ तानसेन ।

ढल्किदो दिन र सन्ध्याकालको आगमनसँगै त्यहिकै स्थानीय प्रौढ दम्पतिहरु तथा एकल व्यक्तिहरूलाई हिडाइबाट आनन्द र मनलाई प्रफुल्ल बनाउन मदत गर्ने एक विशाल टुँडिखेलले सिंगो तानसेन बजारको आँगनको अनुभूति गराउँछ । यतिमात्रै नभै शीतल हावाको कावा खाँदै भर्खरै नयाँ मायापिरतीको सम्बन्धलाई आनन्दीपनले सुमधुर बनाउँन गर्न र नवआगन्तुक स्वदेशी तथा विदेशी पर्यटक पाहुनाहरूलाई एकसाथ उत्साह दिलाउनसक्ने अद्भूत क्षमताको विशेषतासमेत यस टुँडिखेलमा रहेको छ । खेलका विभिन्न शौखिनहरूलाई भरपुर खेलको मनोरञ्जन दिलाई तानसेन नगरको तर्फबाट खेलका विभिन्न प्रतियोगिताहरूमा सहभागिता गराउने अवसर एवम् हौसला प्रदान गरेको देखिन्छ । साथै तानसेन बजारको मुख्य प्रवेशद्वारमा रहेको कलशरूपी कस्र्वा सहितको नगरपालिका कार्यालयले सबै आगन्तुकहरूलाई न्यानो शुभसाइतले स्वागत गरेको अनुभूति दिन्छ ।

भिरालो तथा तरेली बस्ती (तानसेन बजार) रहे तापनि बजारको भित्री तथा कुनाकुनासम्म सिमेन्ट बालुवा, कङ्कडको मजबुत ढलाइले बर्षात्को हिलो चिप्लो र फागुन चैत्रको हुँरीबताससँगसँगै साथ लाग्ने छारोधुलोबाट मुक्ति दिलाएको छ । बजारभित्र साँघुरोबाटो र गल्ली जस्तो देखिने गोरेटो, घोडेटो बाटोहरु भए तापनि फोहर - मैलाको डङ्गुर र दुर्गन्धबाट मुक्त बनाई सुन्दर नगरको परिचय दिएको छ यस बजारले । जहाँ काठमाडौं, भक्तपुर र ललितपुर

जस्ता राजधानीबासी नगर प्रमुखहरूले यस नगर (बजार) को अवलोकन भ्रमण गरी सरसफाइ र व्यवस्थापन पक्षका बारेमा सिक्नै पर्ने जस्तो देखिन्छ ।

जेहोस् पाल्पा तानसेनको भविष्य उज्यालो छ । यहाँको प्राकृतिक एवम् भौगोलिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरु यहाँको अमूल्य सम्पत्ति र विकासको स्रोतको रूपमा लिन सकिन्छ । दर्जनौंको संख्यामा रहेको धार्मिक, ऐतिहासिक र प्राकृतिक सम्पदाहरूले पाल्पालाई सुन्दरता एवम् आभुषण प्रदान गरी आकर्षक र मनमोहक बनाइदिएको छ । नेपालका वीर योद्धाहरु अमरसिंह थापा, उजिर सिंह थापाको जीवन कौशलसंग सामिप्य रहेको यस नगरले छुट्टै गौरब राख्ने स्थान पाएको छ ।

पुनर्निमार्णको रूपमा अगाडि बढिरहेको श्रीनगरको भ्यूटावरबाट देखिनसक्ने गौरीशंकर, धौलागिरी, अन्नपूर्ण, मनास्लु, गणेश हिमाल र माछापुछ्रेजस्ता आधाभन्दा बढी हिमश्रृखलाहरूको दृश्यावलोकनले हिमालकै काखमा रम्न पुगे झैं महसुस गराउँछ । जसले हिमाल बिनाको जिल्ला भएर पनि हिमालको अभाव अथवा तिर्सनालाई मेटाइदिएको अनुभव गराउँछ । उच्च कलाकौशलले निर्माण गरिएको काठमाडौं उपत्यकाशैलीको अमरनारायण मन्दिर, नेपालकै सवभन्दा ठूलो त्रिशुल साथमा रहेको भगवान शिवको अर्को वाहन कालभैरवको मन्दिर यहाँको प्रसिद्ध 'रोट' प्रसाद (नैवेद) ले अलग्गै किसिमको पूजा र दर्शनको अनुभव गराउँछ । जुन रोट चामलको पिठो र घिउबाट माना, पाथी अथवा दर्शनार्थीहरूको मागअनुसार तयार गरिन्छ । यद्यपि कालभैरव रिब्दीकोट गाउँपालिकामा पर्दछ तर तानसेनसँग जोडेर चर्चा गर्ने गरिन्छ ।

प्राचीन सेनवंशी शासकहरूले जग बसालेको पाल्पाको यो तानसेन नगर राणाकालीन शासनमा आएर नयाँ स्वरूपमा परिर्वतन भएको पाल्पाको इतिहास लेखकहरूबाट प्रष्ट हुन्छ । यहाँको अमरनारायण मन्दिर, कालभैरवको मन्दिर र रानीमहल निर्माणमा प्रयोग गरिएका कलात्मक काठका बूर्जाहरु, ईट र रानीमहलको कोठाकोठा र वार्दलीमा छापिएका तेलिया ईटहरूलाई हेर्दा काठमाडौं उपत्यकातिरकै मन्दिर, दरबार तथा महलहरूको सम्झना गराउँछ । यतिमात्र नभई तानसेन बजार (शहर) भित्रको टोलको नामहरु : असनटोल, मखनटोल, वसन्तपुर आदि जस्ता नामहरूले कताकता काठमाडौं नै आएको हो कि भन्ने अनुभव गराउँदो रहेछ । काठमाडौंभन्दा बाहिर काभ्रे, पनौतीमा रहेको म लेखकलाई त यति आत्मीयता जागेर आयो भने साँच्चिकै काठमाडौंबासी पाल्पा घुम्न जाँदो हो त कति सौहार्दता जाग्छ होला । पाल्पा प्रतिको मोह कति उर्लन्छ होला ? शायद मापन साधन दुर्लभ हुन्छ होला । अनि तानसेन नगरलाई विदा गरी फर्कदाको अवस्थामा दुलहीलाई अन्माई पठाउँदा दुलही र माइतीलाई स्नेहको आँसु तप्किएझैं तप्किदो हो । अगाध स्नेह भावले मन भक्कानिदो हो उपत्यकाबासीको पुर्ख्यौली आत्मीय प्रमेले । टोलटोलमा रहेका नेवार जातिका थरहरु बोलिने भाषा, (लवज) हरु मनाइने विभिन्न मिश्रित पर्वहरूले पनि काठमाडौं नै हो कि भन्ने झलक दिदो रहेछ । हुन पनि यहाँ प्राचीन लिच्छवीकाल, एकीकरण अभियानकाल र राणा कालदेखि नै कतिपय व्यापार व्यवसायको सिलसिलामा त कोही मन्दिर र घरदरबारहरूको निर्माणका लागि कालिगढको रूपमा आउने जाने र त्यहीं बस्ने गरीएबाट पनि कतिपय काठमाडौं उपत्यका स्वरूपकै पुरानाघरहरूले काठमाडौं कै झल्को दिने गर्दछ । त्यसैले होला यस तानसेन नगर (शहर) लाई काठमाडौंकै सानुभाइ पनि भन्दा रहेछन् । यस उपनामले पनि चिनिदोरहेछ तानसेन, पाल्पा ।

तसर्थ नगएसम्म र नडुलेसम्म के हो, के हो र कहाँ हो कहाँ जस्तो लाग्ने यो तानसेन नगर अनि सिङ्गो पाल्पा जिल्ला गएर हेरेपछि र सबै ठाउँको परिचय पाएपछि अपार माया र स्नेह जगाउँदो रहेछ यस नगरले, यस जिल्लाले । यहाँको अपार कलाकृतिहरु र ऐतिहासिक धरोहरको केन्द्र, प्राकृतिक स्रोतसाधन र सम्पदाले भरिपूर्ण, प्राकृतिक एवम् भौगोलिक संरचनाले रौम्य, अनगिन्ती दृश्यावलोकनको क्षेत्र (स्थान) रहेको यस तानसेन नगरको साथै सिंगै पाल्पा जिल्लाको शीघ्र विकासको सम्भावना रहेको छ । चमत्कारी ढंगले सिंगै पाल्पाको मुहार फेर्न सकिने यथेष्ट गुन्जायस यसको रहेको छ । यति हुँदाहुँदै पनि समग्र पाल्पावासी यसमा पनि अझै तानसेन नगरवासी तथा यहाँका जनप्रतिनिधिहरूले यहाँको भरपुर प्राकृतिक स्रोत र साधनहरूलाई पूरा सदुपयोग एवम् प्रयोगमा ल्याउन र ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरूलाई संरक्षण र उल्लेख्य सुधार गर्नमा गम्भीर भएर लाग्न आवश्यक छ । तानसेन नगरपालिकाको अभिभावकत्व पाएको भएपनि एक्लो ठिङ्ग उभिरहेको रानीमहलको रित्तो कोठाहरूले विकासको अपेक्षा गरीरहेको छ । ऐतिहासिक तथ्यहरूको खुराकी पाउनमा तड्पिरहेको छ । यत्रतत्र छरिएका थोत्रा रित्ता बोतलहरु (पंक्तिकार जाँदा) र पातपतिङ्गरको फोहरबाट मुक्त भई सफा र सुन्दर रानीमहल बनाइदिनोस् भनी पाल्पाका जिम्मेवार व्यक्तिहरूलाई गुहार मागिरहेको छ । यहाँका जनप्रतिनिधिहरु र सचेत नागरिक समाजलाई आग्रह गरिरहेको छ ।

यस्तैगरी श्रीनगरको भ्यूटावरको शीघ्र निर्माण र आकर्षक पैदलमार्गको व्यवस्था गर्नुपर्ने देखिन्छ । जुन श्रीनगरको भ्यूटावरसम्म पुग्ने ऐतिहासिक शिलायुक्त पैदल सडक सल्लाका पातहरूले छोपेर अस्तित्वहिन बनाइदिए जस्तो देखिएको छ । त्यसैगरी रणउजीरेश्वरी भगवती मन्दिर, मन्दिर आसपासको क्षेत्रहरु दर्शनार्थीहरूको लागि सहज र सरल व्यवस्था, टुँडिखेललाई आधुनिकीकरण गर्दै हिलो, धुलो र फोहर अनि विभिन्न किसिमले हुनजाने अतिक्रमणबाट रोक्नुको साथै खेलप्रेमीहरु र टुँडिखेलबाट आनन्द लिन चाहनेहरूका लागि यथोचित व्यवस्था गर्नमा तत्काल ध्यान दिनु आवश्यक छ । **बाँकी पेज ३५ मा**

# तस्बिरमा तानसेन




नेपाल नगरपालिका संघको छैठौं अधिवेशनमा सहभागी हुँदै तानसेन नगरप्रमुख लगायत



तानसेनमा नेपाल पत्रकार महासंघ पाल्पाका हालसम्मका अध्यक्षहरू



सञ्चार संस्था प्रमुखहरूसँग समसामयिक सवालमा छलफल गर्दै नगरप्रमुख लगायत



मिसन अस्पताल बर्तुङ सडकका गाडीवालाहरूसँग समस्याबारे छलफल गर्दै नगरप्रमुख



शिक्षा दिवसमा नगर शिक्षा समितिद्वारा आयोजित प्रतिभा पहिचान कार्यक्रमको एक झलक



नगर पार्श्व चित्रबारे छलफल कार्यक्रमको एक झलक

तानसेन नगरप


गुल्मी
स्याङ्जा जिल्ला
१४
१२
११
रिब्दीकोट गाउँपालिका
तिनाउ गाउँपालिका
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना

# ालिकाको नक्सा




प्रदेश: ५

जिल्ला: पाल्पा

नगरपालिका : तानसेन

**वार्ड नं/साविक वार्डको नाम**

१ ता.न.पा १०, बराङ्दी २,६

२ ता.न.पा १,२, १५

३ ता.न.पा ५,६,८

४ ता.न.पा ४

५ ता.न.पा ७,१२,१३, बराङ्दी ३,४,५

६ ता.न.पा ३,९

७ ता.न.पा ११, १४

८ मदनपोखरा २,३,४,५,९

९ मदनपोखरा १,६,७,८

१० तेल्घा

११ बन्दीपोखरा

१२ बौघापोखराथोक

१३ बौघागुम्हा

१४ अर्गली

क्षेत्रफल
१०९.८
वर्ग कि. मी

## जनसंख्या

| पुरुष: | महिला: |
|---|---|
| ४५.२७ % | ५४.७३ % |

कूल जनसंख्या: ५०,४०५

# तस्बिरमा तानसेन



तानसेन-१० गुफाचौरमा वरिष्ठ कलाकार अशोकमान सिं, ज्यो.प. जनार्दन न्यौपानेसँग गणेशमूर्ति प्रतिस्थापनबारे कुरा गर्दै नगरप्रमुख अशोककुमार शाही



पाल्पाली समाज पोखराका अध्यक्ष कुलप्रसाद घिमिरे सहकार्यबारे बोल्दै



तानसेन नगरपालिकाका शाखाको गतिविधिबारे छलफल गर्दै नगरप्रमुख, उपप्रमुख लगायत



नगर सभा सञ्चालन कार्यशाला गोष्ठीमा सहभागी जनप्रतिनिधीहरू



वडा दशैंको अवसरमा कर्मचारीहरूलाई शुभकामना प्रदान गर्दैगर्दा




टोल विकास समितिलाई नकुहिने फोहर व्यवस्थापनका लागि डष्टविन प्रदान गर्दै

## एक अनुभव र अनुभूतिमा .....

यस्तै सिङ्गो पाल्पा अनि तानसेन नगरकै प्रतिष्ठा अनि इतिहासको केन्द्र तानसेन दरबार संग्रहालयलाई शीघ्रभन्दा शीघ्र पूर्णता दिनमा सम्वद्ध पक्षहरूबाट ध्यान दिनुपर्ने देखिन्छ । जसको ढिलाइले सिंगो दरबार तड्पिएर रोइरहेको आभाष हुन्छ । प्रदेश स्तरको संग्रहालय घोषणा भएअनुसार काम हुनुपर्छ । प्रदेश तहबाट तानसेन नगर सरकारलाई उपेक्षा गरेर होइन सँगसँगै सहकार्य गरेर अघि बढे तानसेन पर्यटकीय शहर बन्न सक्ने देखिन्छ ।

यस्तैगरी पाल्पाकै अमूल्य गहनाका रूपमा रहेको रणउजीरेश्वरी भगवती मन्दिर, तीन साँचा भवन, शीतलपाटी चौतारी, कालभैरव, हृषिकेश मन्दिर, प्रभास, रम्भापानी मन्दिर, सत्यवती ताल, मदनपोखरा, वगनासदेवीथान, दर्लमकाली मन्दिर, अर्गलीकुलो, बौघाको रतनपाँडेथान, सिद्धबाबा महादेव मन्दिर, महामृत्युजन्य शिवासन नेपालका साथै विभिन्न बौद्ध विहारहरू आदि पनि उपयुक्त रेखदेख, संरक्षण र सुधारसँगै पर्यटकहरूको पर्खाइमा रहेको आभाष पाइन्छ । यो सबै कुरालाई हेर्दा पाल्पामा कुनै कुराको कमी छैन । प्रशस्तै वनजंगल अनि तिनाउ र काली गण्डकी जस्ता ठूला नदीहरूले साथ दिइरहेको छ । त्यसैले नहिचिकचाइ भन्न सकिन्छ - काठमाडौं उपत्यका र कास्की, पोखरापछि तेस्रो भ्रमणयोग्य जिल्लाको रूपमा अगाडि बढाउन सकिने यथेष्ट सम्भावना रहेको छ । अरूको मुख ताकेर हैन “हामी हाम्रो पाल्पा/तानसेनलाई आफै बनाउँछौं” भन्ने सामूहिक प्रतिवद्धता अनि एउटै भावनाको मात्र खाँचो छ । पाल्पालीहरू राजनीतिक दाउपेच र आरोपप्रत्यारोपबाट माथि उठेर एकजुट भइ अगाडि बढेको मात्र पाल्पा/तानसेनले हेर्न चाहेको छ । एक भएर लागे आगामी केही वर्षभित्रै नेपालको एक अग्रणी पर्यटकीय जिल्लाको रूपमा स्थापित गराउन सफल हुनेछन् पाल्पा तानसेनबासीहरू ।


रानीमहलको नामबाट प्रशिद्ध रानीघाट दरवार
तस्विरः अनिल लिगल (पत्रकार)

बस; एकहप्ता (२०७५ श्रावण १८–२४) को बसाइमा जति घुमेर जे देख्न र बुझ्न, सिक्न पाइयो यसैको सारमा यो सानो समीक्षात्मक लेख लेख्ने प्रयास गरियो । पाल्पा/तानसेनलाई गहिरिएर नियाल्ने र सबैलाई विश्लेषणत्मक ढंगले उल्लेख गर्ने हो भने एक मोटै पुस्तकको ठेली बन्नसक्ने मैले पाएँ । त्यसैले एक दृष्टिमा समग्र सारलाई यस सानो लेखमा उतार्ने जमर्को मात्र गरेको छु । मौका मिलेमा फेरि अर्कोपल्ट पाल्पा तानसेन घुम्न आउने अपेक्षा गर्दै र अहिले खट्किएका अथवा कमिरहेको सबै कुराहरू सबै ठाउँ वा क्षेत्रहरूमा पूरा होओस् (पूर्णता पाओस्) भन्ने कामना सहित ......... जय पाल्पा ! जय तानसेन !

**(पनौती, काभ्रे निवासी शुभचिन्तक)**

### तीन मुक्तक



**- गोम क्षेत्री**

## मुक्तक - १

सेनवंशीय गौरवशाली, इतिहास छ तानसेनमा
नारन, गणेश, भगवतीको, बसोबास छ तानसेनमा
पाल्पा दरबार घुम्न आऊनु, श्रीनगरमा प्रीति लाऊनु
ढाका, करूवा, संस्कृतिको, कैयौं रास छ तानसेनमा ।

## मुक्तक - २

निमेषभरमै क्या मोहनी, लाउँछ कि त तानसेनले
कहिले लुकामारी खेल्छ, हुस्सुसित तानसेनले
भित्री उत्साह जगाई हेर, एकै नजर लगाई हेर
जसको पनि मुटुभरी, लाउँछ प्रीत तानसेनले ।

## मुक्तक - ३

देशी/विदेशी पर्यटक, झारौं कि त तानसेनलाई
विश्व सम्पदा सूचीभित्र, पारौं कि त तानसेनलाई
सबको नजर पर्नु पऱ्यो, नौलो सन्देश छर्नु पऱ्यो
प्याराग्लाइडिङ्बाट फन्को, मारौं कि त तानसेनलाई ।

**(सर्जक)**

# सन्दर्भ - शहरी पर्यटनको



- विष्णु पौडेल

विश्व बजारमा सन्तुलित तथा क्षेत्रीय विकासको अवधारणाहरू र त्यसको प्रयोग जुन ढंगले विस्तारित हुँदै गयो, यसको असर र प्रभाव पर्यटन क्षेत्रमा पनि परेको देखिन्छ । सरकारी स्तरमा होस् वा निजीक्षेत्र दुवैको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिन सफल रहेको यस क्षेत्रलाई विश्वका शक्तिशाली धनी राष्ट्रहरू देखि लिएर विकासोन्मुख देशहरूले समेत आआफ्नो मुलुकको अर्थव्यवस्थाको सुदृढीकरणका लागि दिगो आधारको रूपमा लिएको पाईन्छ ।

करीव डेढ दशक अघिसम्म पनि पर्यटनलाई केवल परम्परागत परिभाषाबाट बुझ्ने गरीन्थ्यो । कुनै व्यक्ति, परिवार वा समूहले मूलतः आनन्द, मनोरञ्जन र बिलासिताका निम्ति आफ्नो दैनिक जनजीवनभन्दा पृथक वातावारण र परिवेशमा सम्मिलित भई मानसिक र शारिरीक अवस्थालाई पुनर्ताजगी गर्नु पर्यटन भन्ने बुझिन्थ्यो, जस्मा सापेक्षित रूपमा समाजका धनी वर्ग वा समुदायहरूबाट खर्च अर्थात् क्रय क्षमताको प्रदर्शन हुन्थ्यो र एक हदसम्म उक्त पर्यटकीय स्थान परिवेशमा आर्थिक तरगं पैदा हुने गर्दथ्यो र धेरै पक्षहरूले त्यसबाट मौद्रिक तथा व्यावसायिक लाभार्जन पनि गर्थे ।

पछिल्ला १५/२० वर्षहरूमा पर्यटनको परिभाषाको दायरा पनि फराकिलो हुँदै आएको छ । पर्यटन सेवा केवल धनी र सम्पन्न मानव समुदायमा मात्र सीमित भएन, न त यसले केवल मनोरञ्जन, आनन्द र मोजमस्ती जस्ता बिलासितापर्ण क्रियाकलापमा मात्र पक्षपोषण गरीरह्यो । पर्यटनलाई एकातर्फ आम व्यक्तिको मानसिक आनन्द र सन्तुष्टिका लागि, पारिवारका सदस्यहरुबिच प्रेम, स्नेह र मेलमिलाप बढाउन, साथीसँगीहरू बिचको मित्रतालाई बलियो बनाउन आवश्यक सामाजिक साधनको रूपमा अंगीकार गर्दै लगियो भने अर्कातर्फ सबैखाले आर्थिक अवस्था भएका मानिसहरूलाई अटाउन सकिने गरी यस्को आकार, प्रकार, स्वभाव र क्षेत्रमा पनि परिमार्जन गरीदै लगियो । पर्यटन क्षेत्रमा गरिएको विशिष्टतालाई क्षेत्रिय सन्तुलनको अवधारणाअनुरूप "शहरी पर्यटन" को रूपमा नविनतम आयाम सिर्जना गरी नयाँ प्रयोग थालियो । केवल सम्पन्न र धनी वर्गमा सीमित मानिने पर्यटनलाई अहिले संसारभर प्रायः सबै वर्ग र समुदायले आवश्यक संस्कृतिको रूपमा अंगीकार गरेको पाइन्छ ।

पछिल्ला समयमा विश्वव्यापी रूपमै मानिसहरू एक स्थानबाट अर्को स्थानमा बसाइसराइ गरी जानेआउने प्रबृत्ति तीव्र भएको छ । यसप्रकारको बसाइसराइको श्रृंखला खासगरी साना गाउँबाट नगरोन्मुख गाउँमा, नगरोन्मुख गाउँबाट साना शहरमा, साना शहरबाट ठूला शहर हुँदै गरीब मुलुकबाट धनी मुलुकसम्म बिस्तारित भएको पाइन्छ । मानिसहरू मुलतः रोजगारी, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, व्यक्तिगत, पारिवारिक तथा सामाजिक सुरक्षा लगायतको सन्तोषपूर्ण जीविकोपार्जनका खातिर शहरतिर उन्मुख भइरहेका छन् । शहरमा यसरी अप्रत्यासित रूपमा बसाइसराइ गरी आउने मानव भिडले पक्कै पनि शहरी सेवाको प्रभावकारिता दवाव सिर्जना भैरहेको छ । यी दवावहरूबाट सिर्जना हुने चुनौतीहरूलाई समाधान गर्नका लागि एकातिर "शहरी शुशासन" जस्ता गैरआर्थिक रणनैतिक अवधारणाहरू प्रयोगमा आए भने अर्कातर्फ निजी क्षेत्रलाई समेत लगानीमा आर्कषण गर्न सार्वजनिक निजी साझेदारी जस्ता नाफामूलक अवधारणाहरू पनि सँगसँगै भित्रिए । भनिन्छ, जहाँ चुनौती खडा हुन्छ, त्यहाँ व्यवस्थापन गर्न नयाँ सोच र सिकाइको प्रतिपादन पनि हुन्छ । सारमा भन्दा, संसारभर बढ्दै गएको शहरीकरणको तीव्र बृद्धिले विश्व आर्थिक बजारमा बिभिन्न नयाँ तथा बिशिष्ट सोच र अवसरहरूको सिर्जना भयो, ती मध्येको एक प्रयोग हो "शहरी पर्यटन" ।

शहरी पर्यटनको सोच, खासगरी पश्चिमा धनी मुलुकहरूबाट सन् ८० को दशक देखि नै आएको देखिन्छ । युरोप तथा उत्तर अमेरिकामा ८० प्रतिशतभन्दा बढी नागरिकहरू शहरमा बसोबास गर्ने गर्दछन् र उनीहरू आफ्नो व्यस्त दैनिक जिन्दगीबाट फुर्सदको समय निकालेर यदी छोटो समय भए आफू बसोबास गरेकै शहरको कुनै पर्यटकीय क्षेत्रमा गएर मनोरञ्जन गरीरहेका हुन्छन् भने अलि लामो छुट्टी मिले आफ्ना प्रियजन वा परिवारजनसँग अर्को मुलुकको सुन्दर र ऐतिहासिक शहरमा आनन्दपान गर्न कन्जुस्याइ गर्दैनन् । शहरी पर्यटनमा समयसापेक्ष परिर्वतन गर्न युरोपेली आयोगले सन् २००० मा युरोपका बिभिन्न मुलुकका २० हजार भन्दा बढी जनसंख्या भएका साना शहरदेखि ठूला शहरहरू गरी जम्मा १५ वटा शहरहरू छनौट गरी युरोपको दिगो विकासका लागि गुणात्मक पर्यटनसम्बन्धी बृहत् अनुसन्धानमूलक प्रतिबेदन प्रकाशित गरेको थियो ।

सत्तरीको दशकको उत्तरार्द्धसम्म नेपालभन्दा कम प्रति व्यक्ति आय भएका मुलुकको रूपमा चिनिने एशिया प्रशान्त क्षेत्रका केही मुलुकहरू खासगरी थाइलैण्ड, मलेशियाहरूले पछिल्ला वर्षहरूमा शहरी पर्यटनबाट नै आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुर्‍याइरहेका छन् । मलेशियामा करिव २० वर्ष अघि कुल जनसंख्याको ३० प्रतिशत जनताहरू मात्र शहरमा बस्दथे तर अहिले सुव्यवस्थित शहरीकरणका कारण ६० प्रतिशत मलेशियालीहरू शहरका नागरिक बनिसकेका छन् । मलेशिया सरकारले Vision Twenty Twenty अर्थात् सन् २०२० सम्ममा आफूलाई विकासोन्मुख मुलुकबाट विकसित राष्ट्रको रूपमा परिणत गर्ने लक्ष्य लिएको छ । लक्ष्यअनुसार उक्त समय सीमाभित्र करिव प्रतिशत मलेशियाली जनताहरू शहरमा बसोबास गरीसकेका हुनेछन् । राजधानी क्वालालम्पुरदेखि २५ कि.मि. पर रहेको साथै सन् १९९६ सम्म निर्जन जंगल तथा रबर खेती भएको ४९३१ हेक्टरको फार्ममा २१ औं सताब्दीको अत्याधुनिक कृत्रिम शहर "पुत्रजया" निर्माण गरिएको छ । कृत्रिम तालतलैया, हरियाली बागबगैंचा, विश्वविख्यात पुलका मोडलहरू आदिको आर्कषण रहेको पुत्रजयामा करिव छ लाख जनताहरू बसोबास गर्न क्षमता रहेको छ । मलेशियाको मुख्य प्रशासकीय केन्द्रका रूपमा रहेको पुत्रजया, शहरी पर्यटनको अनुपम गन्तव्यको रूपमा समेत लिने गरिन्छ ।

शहरी पर्यटनकै सन्दर्भमा, पर्यटकहरू वास्तवमा शहरमा नै किन भ्रमण गर्छन् त ? भन्ने प्रश्नहरू उठ्न सक्छ । पर्यटनविद् तथा लेखक Christopher Law ले आफ्नो पुस्तक Urban Tourism : The Visitor Economy and the Growth of Large Cities मा पर्यटन र शहर बिचको अन्तरसम्बन्धको बारेमा प्रकाश पारेका छन् । शहरी पर्यटन संसाधन (Resources of City Tourism) का मुलतः तीन Elements (Primary, Secondary र Additional Elements) बीचका अन्तरभिन्नताका बारेमा उनी लेख्छन् : Primary Elements ले पर्यटकहरू किन शहरमा नै घुम्न रूचाउछन् भन्ने कारणहरूका बारेमा पृष्टपोषण गर्दछ भने Secondary Elements अन्तर्गत पर्ने होटलबास (Accommadation) तथा किनमेल(Shopping), Catering Facilities, बैंकिग आदिसम्बन्धी सुविधाहरू र Addtional Elements अन्तर्गत पर्यटन सूचना (नक्सा, संकेत, प्रदर्शक, सूचना तथा संचार) सम्बन्धी सेवाहरू, सुगम यातायात (पंहुच) तथा पार्किंग सेवाले पनि शहरी पर्यटनका लागि सहयोगी भूमिका निर्वाह गरेको हुन्छ ।

पर्यटकीय आर्कषणको केन्द्र बनाउन खासगरी शहरको प्राचीनता वा ऐतिहासिकपन झल्कने पुराना कलात्मक भवन, चोक, गल्ली, डबली तथा प्राचीन मूर्ति तथा स्मारकहरू एवम् हरियाली खुला उद्यान तथा बागबगैंचा सँगसँगै शहरभित्र बसोबास गरीरहेका आदीबासी मानब बस्तीहरू र उनीहरूको जीवनशैलीले अहम् भूमिका खेल्दछ । संस्कृति, चाडबाड, पर्व तथा रीतिरिवाज तथा प्रथाहरू, स्थानीय भाषा तथा भेषभुषा, सामाजिक मेलमिलाप, पर्यटकमैत्री, मित्रवत् व्यवहार तथा आतिथ्यता र शान्तिसुरक्षाले पनि शहरी पर्यटनमा ठूलो टेवा पुर्‍याउँछ । शहरभित्र र छेउछाउमा रहेका प्राकृतिक तथा मानवनिर्मित जलासयहरूलाई जलक्रीडास्थलको रूपमा परिणत गरेर पनि शहरमा पर्यटकहरू लोभ्याउन सकेका र प्रशस्त आन्तरिक तथा बाह्य पैसा भित्राउन सफल भएका शहरहरू हामीसामु धैरै छन् । यसरी जलसम्पदाकै कारण बर्सेनी लाखौं पर्यटकहरू शहरमा भित्र्याउँन सफल भएका केही शहरहरू मध्ये अमेरिकाको सान् आन्टानिओ, भारतको गोवा, मुम्बई अनि नेपालको पोखराको नाम यहाँनेर उल्लेख गर्न सान्दर्भिक हुन्छ ।

बेलाबेलामा आयोजना भइरहने क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सभासम्मेलन, व्यावसायिक प्रदर्शनीहरू, खेलकुद प्रतियोगिता जस्ता कार्यक्रमहरूले पनि शहरभित्र प्रशस्त पर्यटकहरू भित्र्याउँने गर्दछ, त्यसैले यस्ता कार्यक्रमहरू आयोजना गर्दा चाहिने आवश्यक पूर्वाधारहरू मूलतः आधुनिक सम्मेलन हल, प्रदर्शनी मण्डप Indoor तथा Oudoor खेलकुदका लागि सुबिधायुक्त रंगशाला तथा प्रशिक्षण केन्दहरू स्थापना तथा विकास गर्न जरूरी देखिन्छ ।

अप्रत्यासित रूपमा बढ्दै गएको शहरीकरणको चापले एकातिर जलवायु परिवर्तन सम्मका वातावरणीय प्रतिकुलताहरू देखा पर्न लागिसकेको छ भने अर्कातिर व्यवस्थापन पक्षबाट दिइनुपर्ने शहरी सेवाको अपर्याप्तताले मानिसहरूको जीवनशैलीको गुणस्तरतामा पनि दिनानुदिन ह्रास हुदै आएको छ । यसका अतिरिक्त, शहरी पर्यटनलाई व्यवस्थित र आत्मअनुशासनको दायरामा ल्याउन नसकेको कारण कला र संस्कृतिका नाममा छाडापन, लागूपदार्थ र यौनदुर्व्यसनी जस्ता बिसँगति पनि दिगो शहरी व्यवस्थापनको चुनौतीसाबित भएको छ ।

शहर आफैमा "विकासको इन्जिन" हो । यदि शहरमा विकास हुन्छ भने त्यसको आर्थिक तथा सामाजिक प्रभाव ग्रामीण दुरदराजसम्म पुगिहाल्छ, त्यसैले शहरको दीर्घकालीन विकासका लागि दिगो शहर व्यवस्थापन नीति अवलम्बन गर्नुपर्दछ र जुन नीतिलाई आर्थिक तथा सांस्कृतिक पक्षबाट कार्यान्वयन गर्ने रणनीतिक कार्यक्रमका रूपमा शहरी पर्यटनलाई लिन सकिन्छ । त्यसैले वर्तमान सन्दर्भमा मुलुकको समग्र आर्थिक विकासमा गतिशिलता ल्याउन, दिगो शहरी व्यवस्थापनलाई चुस्त र शुसासन सहितको बनाउन शहरी पर्यटनको अहम् भूमिका देखिएको छ । त्यसैले यसलाई अझ स्वस्थ, गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन एकातिर सरकार निजीक्षेत्र र शहरी समाजले संयुक्त रूपमा स्पष्ट साझा संकल्प र दृष्टिकोण तय गरी अघि बढ्न जरूरी छ भने अर्कातर्फ दरिलो

प्रतिबद्धता, उत्तरदायित्व र जवाफदेहिताको पनि टड्कारो खाँचो छ साथै कार्यान्वयन पक्षलाई नागरिकहरू बिचमा अझ विश्वसनीय तथा पारदर्शी बनाउन कानूनको शासनलाई प्रत्याभूत गर्दै शहरभित्र उपलब्ध रहेका सानाठूला हरेक श्रोत साधनको अधिकतम परिचालन गर्नु आजको मूलभूत विषयहरू हुन् ।

**श्रोतः**

KLRTC Update. 2009. KLRTC XVII: Integrated Urban Planning for Sustainable Urban Management, Kuala Lumpur: Malaysia

Law, Christopher. 2002. Urban Tourism: The Visitors Economy and the Growth of Large Cities. London: Continuum

Ruetsche, Judith, 2006, Urban Tourism: What Attracts Visitors to Cities, University of Wisconsin-Extension, Madison,WI

**(योजना तथा प्रशासकीय अधिकृत)**

पाठक पत्र

## वुलेटिनबारे केही कुरा

विशेषतः एकहप्ताको पाल्पा तानसेन बसाइ निकै रमाइलो र प्रभावकारी रह्यो । राम्रोसँग घुमेर पाल्पाको पूरा जानकारी लिन अझै हप्ता नै लाग्ने रहेछ । छोरा (गृष्म प्रधान, नापी प्रमुख पाल्पा) को नोकरीको अवसर पारेर एकहप्ता तानसेन बस्न पाउने अवसर मिल्यो । तानसेन नगर र सिँगो पाल्पाको मौलिक धार्मिक एवम् सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूले गर्दा पाल्पा तानसेनको बारेमा केही लेख्नैपर्ने कौतुहलता जगायो र समीक्षात्मक लेख लेख्न जमर्को गरें । लेखलाई **'हाम्रो तानसेन'** त्रैमासिक पत्रिकामा प्रकाशन गरीदिनुहुन अनुरोध गर्दछु ।

साथै **'हाम्रो तानसेन'** त्रैमासिक बुलेटिन पत्रिका हात परी त्यसबाट तानसेनको बारेमा थप बुझ्न मद्दत पुऱ्यायो । पत्रिका अत्यन्त उपयोगी र प्रभावकारी रहेको मैले महसुस गरें । यस पत्रिकामार्फत् तानसेन नगरभित्रका धेरै अमूल्य कुराहरूबारे जानकारी गराउन सफल भएको छ भन्ने मैले ठानेको छु । 'हाम्रो तानसेन' त्रैमासिक बुलेटिन पत्रिकाले यस नगरको विकास र चिनारीलाई धेरै उचाइमा पुऱ्याएको छ र अझै माथि पुऱ्याउने छ भन्ने मलाई विश्वास लागेको छ ।

जी.एन. प्रधान
पनौती ५, काभ्रे

पाठक पत्र

## पाल्पालीले पोखराबाट धेरै सिक्नुपर्छ



**- रमिला भण्डारी**

लुम्बिनी (Lumbini) बाट करीब कारले दुई घण्टामा नै तानसेन बजार पाल्पा (Palpa) पुऱ्यायो । हाम्रो उद्देश्य पहिला नेपालको ताजमहल भनीने रानी महल (रानीघाट दरवार) जानु थियो ।

त्यसो त बुटवलबाट प्रत्येक दिन जीप रानीमहल पुग्दो रहेछ । काठमाडौकै जस्तो हावापानी, दार्जिलिङजस्तै उकाली ओराली भएको, दार्जिलिङ जस्तै सुन्दर प्राकृतिक सौन्दर्यले भरिएको र तराईतिरको अति नै नजिकको हिलस्टेशन पाल्पा तानसेन हेर्दा गज्जब लाग्यो ।

तानसेन बजार देखि ११ कि.मि. पर शक्तिशाली भैरव मन्दिर रहेछ जँहा विश्वकै सबैभन्दा ठूलो त्रिशुल रहेको छ ।

हाइटमा रहेको सो मन्दिरमा बिहानै जाने हो भने वरिपरि पहाड र हिमालय रेञ्जको अपूर्व सौन्दर्य, सेतो पोखरी आदिको दृश्य अवलोकन गर्न सकिने रहेछ । त्यहाँ खाना तथा भैरवलाई चढाउने रोट पनि असाध्य मीठो हुने रहेछ ।

भैरव मन्दिरकै बाटोबाट रिडी पुग्ने भएकोले प्रायः मानिसहरु बिहान रिडी त्रिवेणी तीर्थस्थलको मन्दिर दर्शन र त्यहाँको त्रिवेणीसौन्दर्य अवलोकन तथा स्नान आदि गरेपछि भैरव मन्दिर जाने गर्ने रहेछन् । भैरव मन्दिरमा भने एउटै पनि बस्ने ठाउं, होटल आदि केही न भएकोले त्यहाँबाट देखिने बिहानी सौन्दर्यको महिमा नै कहिले नेपालमा सुनिएन ।

त्यसो त रानीमहलको तारिफपनि गरेर नथाकिने ...... तर बाटो साह्रै राम्रो नभएकाले पाल्पाबाट जाँदा खर्च र पर्खदा समय धेरै लाग्ने रहेछ । बरु बुटवलबाटै रानीमहल जान सजिलो ! यसमा ध्यान जानु आवश्यक छ ।

काठमाडौँकै जस्तो हावापानी तर दार्जिलिङ जस्तै उकाली ओराली भएको सुन्दर प्राकृतिक सौन्दर्यले भरिएको हुनाले गर्मी महिनामा घुमफिर गर्न मिल्ने एउटा शीतल प्रकृतिको स्वर्ग हो पाल्पा तराईबासीका लागि ।

लुम्बिनीमा दैनिक आउने हजारौं टुरिष्टहरूलाई तानसेन पाल्पाले तान्न सकेमा पोखराभन्दा धनी बन्नसक्ने सम्भावना देखिन्छ ।

पाल्पालाई सरकार पक्षले भने अति-अति नै हेला गरेको जस्तो लाग्यो । त्यस्तै त्यहाँका जनताहरु पनि पाल्पामा टुरिज्म बढ्नसक्ने संभ्भावनाप्रति सजग भएजस्तो पटक्कै लागेन । त्यस्तै, पोखराबाट धेरै धेरै सिक्नुपर्छ पाल्पा तानसेनबासीले ।

**(शुभचिन्तक, सामाजिक सञ्जाल मार्फत्)**

# यी हुन् तानसेन
# नगरकार्यपालिकाबाट पारित कानून



- दुर्गा थापा

तानसेन नगरकार्यपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्र अन्तर्गत नगरसभाबाट आवश्यक ऐनकानून पारित गरेको छ । प्रदेश र संघीय सरकारको कानूनसँग नबाँभ्रिने गरेर तानसेन नगर सभाले ऐन कानून निर्माण गरेको छ । तानसेन नगरपालिकाबाट हालसम्म ३४ वटा स्थानीय कानूनहरू प्रकाशित भएका छन । ती कानूनहरुमा ११ वटा ऐन रहेका छन भने २३ वटा विभिन्न नियम - नियमावाली, कार्यविधि, निर्देशिकाहरू रहेका छन ।

**तानसेन नगरपालिकाबाट हालसम्म प्रकाशित ऐनको विवरण :**

| नं. | ऐनको नाम |
|---|---|
| १ | तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७५ |
| २ | तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७५ |
| ३ | तानसेन नगरपालिकाको स्थानीय सामाजिक विकास ऐन, २०७५ |
| ४ | तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७५ |
| ५ | तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७५ |
| ६ | तानसेन नगरपालिकाको विनियोजन ऐन (पहिलो संसोधन), २०७५ |
| ७ | तानसेन नगरपालिकाको आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थापन गर्न बनेको) ऐन, २०७५ |
| ८ | तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन, २०७५ |
| ९ | तानसेन नगरपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यविधि सम्बन्धी) ऐन, २०७५ |
| १० | तानसेन नगरपालिकाको सहकारी ऐन, २०७५ |
| ११ | तानसेन नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ |

**स्वीकृत नियमहरूको विवरण :**

| नं. | नियमको नाम |
|---|---|
| १ | तानसेन नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ |
| २ | तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्डसम्बन्धी निर्देशिका, २०७५ |
| ३ | तानसेन नगरपालिकाको मर्मतसम्भार सञ्चालन कार्यविधि, २०७५ |
| ४ | तानसेन नगरपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि, २०७५ |
| ५ | तानसेन नगरपालिकाको युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि, २०७५ |
| ६ | तानसेन नगरपालिकाको उपभोक्तालाई सामग्री वितरण कार्यविधि, २०७५ |
| ७ | तानसेन नगरपालिकाको घरघरमा स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०७५ |
| ८ | तानसेन नगरपालिकाको हितकारी कोष सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ |

| | |
|---|---|
| ९ | तानसेन नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ |
| १० | विपन्न, दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्यबीमा कार्यक्रम कार्यविधि, २०७४ (पहिलो संशोधन) |
| ११ | तानसेन नगरपालिकाको कार्यविभाजन नियमावली, २०७४ |
| १२ | तानसेन नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ |
| १३ | तानसेन नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ |
| १४ | तानसेन नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७४ |
| १५ | तानसेन नगरपालिकाको उपभोक्ता समितिमार्फत् सञ्चालन गरिने योजना कार्यान्वयन कार्यविधि, २०७४ |
| १६ | तानसेन नगरपालिकाको नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि, २०७४ |
| १७ | तानसेन नगरपालिकाको विपन्न, दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०७४ |
| १८ | तानसेन नगरपालिकाको एकीकृत सम्पत्ति कर लगत तथा असुली कार्यविधि, २०७४ |
| १९ | तानसेन नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता, २०७४ |
| २० | तानसेन नगरपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ |
| २१ | तानसेन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ |
| २२ | तानसेन नगरपालिकाको ३ वर्गको निर्माण व्यवसायी इजाजत पत्रसम्बन्धी कार्यविधि, २०७४ |
| २३ | तानसेन नगरपालिकाको साझेदारी विकास कोष सञ्चालन नियमावली, २०७४ |

## तानसेन नगर क्षेत्रका सहकारीहरूको विवरण

तानसेन नगरपालिका सहकारी शाखाले तपसिलका सहकारीहरूको नियमन तथा उनीहरूसँग समन्वय गर्दै आएको छ ।

| सि.नं. | द.नं. | दर्ता मिति | नाम | ठेगाना | कार्यक्षेत्र | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक | हाल |
| १ | ३।४।५ | ०२४।७।१० | श्री और्व कृषि सहकारी सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| २ | ९ | ०५०।१०।२५ | श्री जनजागृति बचत तथा ऋण स. सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| ३ | ७८ | ०५५।०९।२० | श्री ऋषिकेशव म. जागरण कृषक स. सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| ४ | ८७ | ०५६।०४।२७ | श्री भगवती महिला कृषक बचत तथा ऋण स. सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| ५ | ९८ | ०५७।०३।११ | श्री श्रीनगर ब. स. सं .लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | तानपा |
| ६ | १०८ | ०५७।०५।२५ | श्री महिला ब. सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | तानपा |
| ७ | ११० | ०५७।०७।०७ | श्री सिद्ध बचत तथा ऋण स. सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| ८ | १४३ | ०५८।०३।३१ | श्री मदनपोखरा ब. कृषि बजार स..सं.लि | मदनपोखरा | मदनपोखरा गा.वि.स.भर | ता.न.पा ८,९ |
| ९ | १६२ | ०५८।१०।०३ | श्री उद्यमशील कृषक ब. स. सं .लि | मदनपोखरा | मदनपोखरा गा.वि.स.भर | ता.न.पा ८,९ |
| १० | १६४ | ०५८।१२।०५ | श्री मणिमुकुन्द बचत तथा ऋण स. सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | तानपा |
| ११ | १६८ | ०५९।०५।०३ | साना किसान कृषि सहकारी सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| १२ | १७३ | ०५९।०८।१८ | श्री लक्ष्मी बचत तथा ऋण सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| १३ | २२० | ०६३।०५।१४ | श्री कालिकादेवी अदुवा उत्पादक सहकारी सं. लि. | बौघागुम्हा | बौघागुम्हा गाविसभर | ता. न. पा. १४ |
| १४ | २४४ | ०६४।१२।४ | श्री चण्डिका कृषि ब. सहकारी सं. लि. | बाघापोखराथोक | बौघापोखराथोक गाविस भरी, बौघागुम्हा ५ र ६, बन्दिपोखरा ६ | तानसेन ११,१२,१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | २४६ | ०६४।१२।१७ | श्री शीतलादेवी बचत तथा ऋण सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| १६ | २५८ | ०६५।०५।१८ | श्री रानीमहल बचत तथा ऋण स. सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| १७ | २७५ | ०६५।०८।१५ | श्री लिपिन्देवी कृषि ब. स. सं. लि. | बन्दीपोखरा | बन्दीपोखरा गाविसभर | तानपा ११ |
| १८ | २८० | ०६५।१०।०६ | श्री तानसेन बचत तथा ऋण सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| १९ | २८८ | ०६५।१२।०३ | श्री तिनाउ कृषि ब. स. सं. लि. | तानसेन | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| २० | २९२ | ०६६।०१।२५ | श्री तेल्घा बचत तथा ऋण सहकारी सं. लि. | तेल्घा | तेल्घा गाविसभर | तानसेन १० |
| २१ | ३०९ | ०६६।०४।०६ | श्री चण्डिस्थान स. सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| २२ | ३१० | ०६६।०६।१६ | चउनबारी दुग्ध उत्पादक सहकारी सं. लि. | ता. न. पा. | ता. न. पा. १३ | ता. न .पा. ५ |
| २३ | ३१३ | ०६६।०६।१३ | श्री लुहुङ दुग्ध उत्पादक स. सं. लि. | बौघापोखराथोक | बौघापोखराथोक गाविसभर | तानपा १२ |
| २४ | ३२५ | ०६७।०५।०६ | श्री आनन्द बचत तथा ऋण सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| २५ | ३२६ | ०६७।०६।०६ | श्री बौघागुम्हा महिला बचत तथा ऋण स. सं. लि. | बौघागुम्हा | बौघागुम्हा गाविसभर | ता. न. पा. १४ |
| २६ | ३३३ | ०६७।१०।१३ | श्री नवोदित बचत तथा ऋण सहकारी सं. लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| २७ | ३४९ | ०६८।११।०२ | श्री मिलनसार सामाजिक उद्यमी म. स. सं. लि. | बौघागुम्हा | बोघागुम्हा, बौघापोखराथोक | तानपा १२,१४ |
| २८ | ३१ | ०६९।०१।३१ | श्री नवयुग कृषि स. सं. लि. | तेल्घा | तानसेन न.पा., तेल्घा | तानपा ७, १० |
| २९ | ३६६ | ०६९।०५।११ | श्री काजीपौवा कृषि सहकारी सं. लि. | ता. न. पा. | ता. न. पा. ११ | ता. न. पा. ७ |
| ३० | ३६७ | ०६९।०५।१७ | श्री समृद्ध बचत तथा ऋण सहकारी सं. लि. | ता.न.पा. | ता.न.पा.१३,८१,०११ | तानसेन २,६,१,४७ |
| ३१ | ४१६ | ०७०।०२।१३ | श्री जोगेपानी सा. वि. बचत तथा ऋण स. सं. लि. | वन्दीपोखरा, पाल्पा | बन्दिपोखरा गाविसभर | ता. न. पा. ११ |
| ३२ | | | श्री बुद्ध कफी उत्पादक सहकारी सं. लि. | बौघागुम्हा | बौघागुम्हा गाविसभर | ता. न. पा. १४ |
| ३३ | ४२२ | ०७०।०२।१७ | श्री गणेश बचत तथा ऋण सहकारी सं. लि. | ता.न.पा | ता.न.पा. ३७,८१० | ता. न. पा. १,४,५,६ |
| ३४ | ४४८ | ०७०।०३।२५ | श्री कलंकीदेवी कफि उत्पादक सहकारी सं. लि. | मदनपोखरा | मदनपोखरा गा.वि.स.भर | ता. न .पा. ८,९ |
| ३५ | ४६२ | ०७०।१०।२२ | श्री कोसेलीघर स.सं.लि. | तानसेन, पाल्पा | तानसेन नगरपालिकाभर | तानपा |
| ३६ | ४९६ | ०७१।११।२२ | श्री बौघपोखराथोक कृषि सहकारी सं. लि. | बौघापोखराथोक | बौघापोखराथोक गाविसभर | तानपा १२ |
| ३७ | ४९८ | ०७१।११।२९ | श्री बिर्खेओडार कृषि स. सं. लि. | तानसेन | तानसेन नगरपालिकाभर | ता.न.पा. |
| ३८ | ५१४ | ०७२।०३।३१ | श्री बसन्तपुर सा. उ. कृषि स. सं. लि. | तानसेन | ता.न.पा. ६, ७ | तानसेन ४,५ |
| ३९ | ५१९ | ०७२।०६।०१ | श्री शैलोच्यगिरि कृषि सहकारी सं. लि. | अर्गली, पाल्पा | अर्गली गाविसभर | तानसेन १४ |
| ४० | ५२४ | ०७२।०७।२४ | श्री रतनपाण्डे सा. वि. बचत तथा ऋण स. सं लि. | बौघापोखराथोक | बौघापोखराथोक गाविसभर | तानपा १२ |
| ४१ | ५३० | ०७२।९।२७ | श्री चिनारी दुग्ध उत्पादक स. सं लि. | बौघापोखराथोक | बौघापोखराथोक गाविसभर | तानपा १२ |
| ४२ | ५३३ | ०७२।१०।१० | श्री दायित्व कृषि सहकारी स.. लि. | तानसेन, पाल्पा | ता.न.पा. १२, १३ | तानसेन ५ |
| ४३ | ५३८ | ०७२।११।१४ | श्री सुनाखरी बचत तथा ऋण स. सं. लि. | मदनपोखरा | मदनपोखरा गा.वि.स.भर | ता. न .पा. ८,९ |
| ४४ | ५७३ | ०७४।०२।२८ | श्री सचेत महिला ब. सहकारी सं. लि. | तानसेन | तानसेन १४ | तानसेन १४ |
| ४५ | ०१ | २०७५।४।२९ | श्री जनसेवा बहुउद्देश्यीय सहकारी सं. लि. | तानसेन | | तानसेन ६ |

**(वरिष्ठ कार्यक्रम अधिकृत)**

# तानसेन नगरपालिकामा नगर सभा सञ्चालन र विपद् न्यूनीकरणबारे कार्यक्रम



- भरत आचार्य

## स्थानीय नगरसभा सञ्चालनबारे अर्न्तक्रियाः

तानसेन नगरपालिका र काठमाडौं विश्वविद्यालय स्कूल अफ ल को संयुक्त आयोजनामा भदौ ३० गते तानसेनमा **स्थानीय नगरसभा सञ्चालनका आधारभूत पक्षहरू** विषयक अर्न्तक्रिया गोष्ठी सम्पन्न भएको छ ।

तानसेन नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता, उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत र प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलको सञ्चालनमा भएको कार्यक्रममा नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्यलगायत नगरसभा सदस्यहरूको उपस्थिति रहेको थियो । विषयगत सन्दर्भमा काठमाडौं विश्व विद्यालय स्कूल अफ लका गणेशदत्त भट्टले भन्नु भयो–“लोकतन्त्र संस्थागत गराउन सबै एक हुनुपर्दछ । जनप्रतिनिधिले हामी शासक होइनौं, संविधान कार्यान्वयन गराउने सहजकर्ता हौं भन्ने ठान्नुपर्छ ।” भट्टले गाउँ तथा नगरसभाले मुख्यतः विधायिकी कार्य (ऐनकानून बनाउने) र गैर विधायिकी कार्य (जनसरोकारका विषयमा छलफल, संकल्पप्रस्ताव दर्ता) गर्ने बताउनुभयो । उहाँले जनप्रतिनिधिमा नीतिगत स्पष्टता आवश्यक छ भन्नुभयो । विश्व विद्यालय स्कूल अफ लका डिन तथा संवैधानिक ज्ञाता डा. विपिन अधिकारीले स्थानीय तहको क्षेत्र, जनसंख्या, विकास र चेतनास्तर, साधन, स्रोतअनुसार संवैधानिक तथा विकास अभ्यास परिस्कृत पार्दै लान सकिन्छ भन्ने कुरा राख्दै स्थानीय तहमा सहयोगात्मक भावनामा आधारित भएर सभा सञ्चालन गरिनुपर्दछ भन्नु भयो । उहाँले पक्ष-प्रतिपक्ष भन्दा स्थानीय तहका जनप्रतिनिधिले विकास निर्माणका सवालमा एकभएर सहकार्य गर्न सकेमात्र लोकतन्त्र संस्थागत हुन सहयोगपुग्ने बताउनुभयो । उहाँले निराश हुनुपर्ने अवस्था आफूहरूले नभेटेको बताउनु भयो ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले स्थानीय तह नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार वा जग हुनाले यसलाई बलियो बनाउन प्रदेश र संघीय सरकारले समेत आवश्यक सहयोग गर्नुपर्ने कुरामा जोड दिनुभयो । शाहीले कामलाई परिष्कृत गर्दै अगाडि बढ्नेसमेत बताउनुभयो । लेखा समिति संयोजक महेश्वर श्रेष्ठ, सामाजिक विकास समितिका संयोजक दीपक विश्वकर्मा, नगरसभा सदस्य प्रेम मल्ल लगायतले तानसेन नगरपालिकाले नगरसभा सञ्चालनमा गरेका अभ्यासका राम्रा पक्षको चर्चा गर्दै सुधार्नुपर्ने पक्षबारे आफ्ना भनाइ राख्नुभएको थियो । उक्त अवसरमा **नगरसभा सञ्चालनको झलक** श्रव्यदृश्य सामग्रीसमेत प्रस्तुत गरिएको थियो ।

## नगरपालिकामा विपद् न्यूनीकरण दिवसः

अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस असोज २७ गते तानसेनमा सम्पन्न भएको छ ।

तानसेन नगरपालिकाको आयोजना र नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा रेडक्रस जिल्ला शाखाका सभापति बुद्धिप्रसाद शर्माले कार्यक्रमको उद्देश्य राख्दै विपद् थाहा दिएर हुने नभएकोले सधैं सतर्क रहनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनालले विपद् व्यवस्थापनका सवै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक प्रकोप तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीऊज्यान र सम्पत्ति, सम्पदा एवम् संरचनाको क्षति हुनबाट बचाउँन यस्ता दिवसले महत्त्व राख्दछ भन्दै चेतना बृद्धि गर्दै अकल्पनीय घटना न्यूनीकरण गर्न सबैसधैं सतर्क रहन सवैलाई आग्रह गर्नुभयो ।

दिवसका अवसरमा पाल्पा जिल्लाका प्रहरी उपरीक्षक विश्वमणि पोखरेल, पाल्पा उद्योग वाणिज्यसंघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठ, पाल्पा व्यापार संघका अध्यक्ष चिरञ्जीवी पोखरेल, रिभरभ्याली वोर्डिङ स्कूल युवा रेडक्रस सर्कलकी सन्ध्या अर्याल लगायतले विपद् न्यूनीकरणको बारेमा गाउँगाउँमा सचेतना कार्यक्रम गर्नुपर्ने भन्दै विपद्को घट्ना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदाय स्तरबाट श्रोत साधनसहित पूर्वतयारी अवस्थामा रहनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले विपद् कुनै पनि समयमा हुनसक्ने भन्दै प्रकोप नहुने कुनै स्थान र समय नभएकोले उद्धारका लागि तालिम र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रम नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता र शाखा अधिकृत भरत आचार्यको सञ्चालनमा सम्पन्न भएको थियो ।

(शाखा अधिकृत)



# जिन्सी शाखा तथा खरिद इकाइ समितिको गतिविधि



- शिव आत्रेय

- रामजीबहादुर कार्की

यस शाखा तथा इकाइबाट चालु आ.ब.को प्रथम चौमासिकमा सार्वजनिक खरिद ऐन नियमावलीबमोजिम बोलपत्र/दरभाउपत्र/कोटेशनमार्फत् तानसेन नगरपालिका कार्यालय तथा बडा कार्यालयहरूका लागि आवश्यक कार्यालय सञ्चालनका सामान, छपाइ तथा स्टेशनरीसम्वन्धी तपसिल अनुसारको खरिद तथा छपाइका कार्य सम्पन्न गरी वडा कार्यालयहरूलाई उपलब्ध गराइएको छ ।

### स्थानीय राजपत्र प्रकाशन

नेपालको संविधानले प्रत्याभूत गरेको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाअनरूप स्थानीय सरकारले आफ्नो दैनिक तथा बार्षिक कार्य सञ्चालन गर्न आफ्नो अनुकुल हुनेगरी ऐननियम वनाई लागू गर्ने भएको हुँदा तानसेन नगरपालिकाबाट हालसम्म निम्न बमोजिमका ऐननियम बनाई स्थानीय राजपत्रमा प्रकाशन गरी सोही बमोजिम लागू गरिएको छ साथै सर्बसाधारणहरूको मागबमोजिम उपलब्ध समेत गराइएको छ ।

**स्थानीय राजपत्र**

| | |
|---|---|
| तानसेन नगरपालिकाद्वारा प्रकाशित ऐन | ११ |
| तानसेन नगरपालिकाद्वारा प्रकाशित नियमावली | ३ |
| तानसेन नगरपालिकाद्वारा प्रकाशित कार्यविधि | १६ |
| तानसेन नगरपालिकाद्वारा प्रकाशित आचारसंहिता | १ |
| **जम्मा** | ३४ |

### कार्यालय सञ्चालन सामान तथा स्टेशनरी

नगर कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरू नियमित सञ्चालनका लागि आवश्यक करिव ६० प्रकारका स्टेशनरी तथा सरसफाइसम्वन्धी सामग्री खरिदका लागि शिलबन्दी दरभाउपत्र माग गरी सवैभन्दा कम अंक कवोल गर्ने सप्लायर्सवाट सामग्री खरिद गरी वडा कार्यालयहरूमा समानुपातिक रूपमा उपलब्ध गराइएको छ ।

### छपाइ सम्वन्धी कार्य

नगर कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरू नियमित रूपमा कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न प्रकारका निवेदन, सिफारिस, लेटरप्याड तथा अन्य कागजातहरू, त्रैमासिक बुलेटिन र योजना पुस्तक समेत छपाइ गरी वडा कार्यालयहरूमा समानुपातिक रूपमा उपलब्ध गराईएको छ । बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड संशोधन २०७३ र नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६० अनुरूप भवन निर्माणको लागि आवश्यक नक्सा किताव तयार गरी छपाइको लागि पठाइएको छ ।

तत्कालै अति आवश्यक पर्ने सामानहरू स्वीकृत दरभाउपत्र दातावाट खरिद गर्न समय अभाव भएको अवस्थामा नगरपालिकामा सूचीकृत भएका फर्म तथा सप्लायर्सवाट सामान खरिद गर्ने व्यवस्था मिलाइएको छ ।

### स्थानीय तहमा सम्पत्ति हस्तान्तरण

आ.ब. ०७४।०७५ मा महिला तथा वालवालिका विकास कार्यालय, जिल्ला सहकारी कार्यालयहरू लगायतबाट जग्गा, जिन्सी तथा श्रेस्ताहरू स्थानीय तहमा हस्तान्तरण हुने क्रममा तानसेन नगरपालिका क्षेत्रभित्र रहेको सेवा कार्यालयहरूमा भएका सम्पूर्ण सामान नगरपालिकामा हस्तान्तरण भइआएको छ ।

### कार्यालय व्यवस्थापन तथा सुधार

» तानसेन नगरपालिका तथा नगर कार्यपालिका कार्यालय व्यवस्थित रूपमा सञ्चालन तथा सेवा प्रवाहलाई व्यवस्थित र मर्यादित बनाउने क्रममा

तानसेन नगरपालिकाले कार्यालय परिसर, कार्यकक्ष तथा सेवाग्राही बस्ने स्थानहरूमा सि.सि.टिभि क्यामेरा (C.C.TV Camera) जडान गरी नगर प्रमुख तथा कार्यालय प्रमुखले कार्यालय भित्र भएका गतिविधिहरूलाई प्रत्यक्ष रूपमा श्रव्यदृष्य माध्यमबाट अनुगमन गरी सुझाव दिने व्यवस्था मिलाइएको छ ।

» नगरकार्यपालिकाको बैठकलाई मर्यादित तथा व्यवस्थित रूपमा सञ्चालन गर्न कार्यपालिका हलमा Public Conference mike set जडान गरी सञ्चालनमा ल्याइएको ।

» कार्यालयमा आन्तरिक सूचना प्रवाह तथा आन्तरिक संचार कम खर्चिलो ढंगले गर्ने गरी (Intercom System) आन्तरिक फोन सेवा सञ्चालनमा ल्याइएको ।

» कार्यालयको कार्यक्रममा नियमित रूपमा योजना अनुगमन गर्न सवारी साधनमा जानुपर्ने, दैनिक कार्यालयको काममा सवारी साधन प्रयोग गर्नुपर्ने तथा प्रमुख उपप्रमुख विभिन्न कार्यक्रममा सहभागीहुन जानुपर्ने भएको र सवारी साधन १ वटा मात्र भएकोले नगरपालिकाले बोलपत्रमार्फत् एक जीप र वडा कार्यालयका लागि २ थान मोटर साइकल खरिद गरी प्रयोगमा ल्याइएको छ ।

» यस आ.ब.मा जिन्सी निरीक्षण प्रतिवेदनअनुसार कार्यालयमा दैनिक कामका लागि प्रयोगमा ल्याउन खर्च बढी लाग्ने तथा पूराना मोडेलका विग्रिएका सामानहरू लिलामविक्री गर्ने भनी उल्लेख भएका सामान लिलामविक्री प्रक्रिया अगाडि बढाइएको छ ।

## सामग्री वितरण

तानसेन नगरपालिकाबाट खरिद भएका विद्युत पोल तथा ग्यावियन जालीहरू र अन्य सामग्री नगर कार्यपालिकाको निर्णय अनुसार सामग्री वितरण समितिबाट नागरिक, टोल संस्थाको माग तथा वडा कार्यालयको सिफारिसका आधारमा वितरण गरिएको छ ।

**(कार्की - प्रमुख जिन्सी शाखा, आत्रेय - सदस्य खरिद इकाइ)**

कविता

# सुन्दर पाल्पा



**- भावना खनाल**

पाल्पाली मनका हजार रचना साहित्य, संगीत नि
स्वर्गै हो सुखको बिछट्ट छ कला, भण्डार भर्ने अनि ।।
छन् भाषा र कला बनेछ गरीमा शिक्षा र सञ्चारको
पाल्पाली रचना अमूल्य नमूना बन्दै छ संसारको ।।

फाँटैमा सुनका झुलेर गहना भर्छन् भकारी उता
यौटा सुन्दर स्वर्गभित्र सजिने सौभाग्य पाएँ मता ।।
अग्ला छन् चुचुरा, पहाड हरिया, प्रकृति मुस्काउँछ
गर्मीको अनुभुत हुदैन कहिले आनन्द दिलाउँछ ।।

चोलीमा उनियो, गुँरास बनका डाँफे, जुरेलीसित
यी पाखा पहरा र मानवियता देखेर लाएँ मित ।।
कौडे लेक उता मुसुक्क जसरी हाँसीरहेको थियो
हात्तीलेक यता रमेर वनमा बाँचीरहेको थियो ।।

रम्भा, भैरव दर्शन नै गरीबसे, राम्दी- रिडिमा गए
रानीघाट, सयौं छ मन्दिरहरु सम्झेर घुम्ने भए ।।
सल्लाका धुनले सुसाइरहने डाँडा र पाखाहरु
हेरी सुन्दर यी अमूल्य खजना थाक्दैन आँखाहरु ।।

कौडां, बालन, झ्याउरे अनि झिके सालैज भाका कति
प्यारा छन् मनका पवित्र तनका सम्मान गर्छन् कति ।।
ढाका औ करूवा अमूल्य बनिगो आहा नि कस्तो मजा
भन्छन् लौ पहरा र भूमिहरूले छोडेर कैल्यै नजा ।।

साँच्चै आयु बढाउने रहर भए हावा चिसो खाउ भो
स्वर्गैको अनुभूति गर्नु छ भने पाल्पा तिरै आउ भो ।।
ज्यूँने हो सहजै रमाइ यसमै स्वर्गीय आनन्द र
संसारै भरमा अमूल्य निधि हो पाल्पा अहा सुन्दर !!

**(शिक्षक तथा सर्जक)**

# सूचना प्रविधिको क्षेत्रमा भएका प्रगति विवरण



- प्रकाश गैरे

१. यी पंक्ति लेखिरहँदा इन्टरनेट जडान कार्य अन्तिम अवस्थामा पुगेको छ अर्थात् सम्पूर्ण वडामा इन्टरनेट जडान हुँदैछ ।

२. इन्टरनेट जडान क्रममै सम्पूर्ण वडामा Online सम्पत्ति कर सम्बन्धित वडाबाट लिने उद्देश्य अनुरूप नगरप्रमुख अशोककुमार शाहीले तानसेन नगरपालिका वडा.न ९ दमकडामा सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । पाल्पा जिल्लामा सम्पत्ति कर उठाउने पहिलो वडा बन्न सफल भएको छ तानसेन-९, दमकडा । तालिम पछि सम्पूर्ण वडामा सेवा शुरू गर्ने प्रतिबद्धताका साथ उक्त कार्यक्रम शुभारम्भ गरियो ।

३. सम्बन्धित वडाबाट Online सम्पत्तिकर, घटना दर्ता गर्ने उद्देश्यले उक्त System Software सम्बन्धी ३ दिने तालिम सम्पूर्ण वडाका सचिवहरूलाई प्रदान गरियो । उपप्रमुख लक्ष्मीदेवी पाठकद्वारा उक्त तालिम को उद्घाटन गरिएको थियो ।

४. तानसेन नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाउने उद्देश्यअनुरूप सम्पूर्ण वडा कार्यालयको OFFICIAL EMAIL साथै शाखागतको EMAIL सेवा सुचारू भएको छ ।

**तानसेन नगरपालिकाको कार्यालयमा रहेका सम्बन्धित शाखाहरूको इमेल**

| क्र.सं. | शाखा | शाखा प्रमुख | इमेल |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | कीर्तनराज पौडेल | eo@tansenmun.gov.np |
| २ | प्रशासान तथा सामाजिक विकाश शाखा | भरतप्रसाद आचार्य | so1@tansenmun.gov.np |
| ३ | लेखा शाखा | दिवाकर अर्याल | ao@tansenmun.gov.np |
| ४ | राजस्व शाखा | मधुसुदन घर्ती | so2@tansenmun.gov.np |
| ५ | योजना शाखा | विष्णुप्रसाद पौडेल | paao@tansenmun.gov.np |
| ६ | योजना तथा पूर्वाधार शाखा | रामप्रसाद श्रेष्ठ | infra.tansenmun@gmail.com |
| ७ | नक्सा शाखा | सुमन पाण्डे | maps.tansenmun@gmail.com |
| ८ | सरसफाइ शाखा | शंकर भण्डारी | swm.tansenmun@gmail.com |
| ९ | जिन्सी शाखा | रामजी कार्की | store.tansenmun@gmail.com |
| १० | IT शाखा | प्रकाश गैरे | ito.tansenmun@gmail.com |
| ११ | आ.ले. पा शाखा | यादवप्रसाद न्यौपाने | alepa.tansenmun@gmail.com |

**तानसेन नगरपालिकाको सम्बन्धित वडा कार्यालयहरूको इमेल**

| क्र.सं. | वडा कार्यालय | इमेल |
|---|---|---|
| १ | वडा न १ | tansenmun1@gmail.com |
| २ | वडा न २ | tansenmun2@gmail.com |
| ३ | वडा न ३ | tansenmun3@gmail.com |
| ४ | वडा न ४ | tansenmun4@gmail.com |
| ५ | वडा न ५ | tansenmun5@gmail.com |
| ६ | वडा न ६ | tansenmun6@gmail.com |
| ७ | वडा न ७ | tansenmun7@gmail.com |
| ८ | वडा न ८ | tansenmun8@gmail.com |
| ९ | वडा न ९ | tansenmun9@gmail.com |
| १० | वडा न १० | tansenmun10@gmail.com |
| ११ | वडा न ११ | tansenmun11@gmail.com |
| १२ | वडा न १२ | tansenmun12@gmail.com |
| १३ | वडा न १३ | tansenmun13@gmail.com |
| १४ | वडा न १४ | tansenmun14@gmail.com |

५. **अडियो नोटिस बोर्डको सुरूवात**

तानसेन नगरपालिका - १६१८०७५५२०९०९
रानी महल - १६१८०७५५२०१०९

६. Mobile Application को Data साथै API को सम्पूर्ण काम सम्पन्न भैसकेको र अब केही दिनमै MOBILE APPLICATION LUNCH हुने जानकारी गराउँन चाहान्छु ।

**(सूचना प्रविधि अधिकृत)**

# तानसेनको राजपत्र लोकार्पण, खर्च सार्वजनिक



- कृष्ण पोखरेल

तानसेन नगरपालिकाले विभिन्न समयमा राजपत्रमा प्रकाशित भएका ऐननियम संगालो लोकापर्ण गरेको छ । ऐननियम संगालोको प्रदेशसांसद डा. पुरनमान बज्राचार्य र वीरबहादुर राना तथा नगरप्रमुख अशोककुमार शाहीले संयुक्तरूपमा लोकार्पण गर्नुभयो । नगरपालिकाले हालसम्म ११ वटा ऐन र २३ वटा नियमावली पारित गरी कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाले २०७४ सालमा तानसेन नगरपालिकाको आर्थिक ऐन, तानसेन नगरपालिकाको विनियोजन ऐन, तानसेन नगरपालिकाको विनियोजन ऐन पहिलो संशोधन, तानसेन नगरपालिकाको आर्थिक कार्यविधि, तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि, तानसेन नगरपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, तानसेन नगरपालिकाको सहकारी ऐन, तानसेन नगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन लगायत ऐन जारी गरेको छ भने २०७५ मा आर्थिक ऐन, विनियोजन ऐन र स्थानीय सामाजिक विकास ऐन लगायत ऐन पारित गरेको छ ।



(हेर्नुहोस् दुर्गा थापाले लेख्नु भएको विवरण) कार्यपालिकाले तानसेन नगरपालिकाको कार्यविभाजन, कार्यसम्पादन, वैठक सञ्चालन, नगर सभा सञ्चालन, उपभोक्ता समितिमार्फत् सञ्चालन गरिने योजना कार्यान्वयन, नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि, विपन्न दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, एकीकृत सम्पत्ति कर लगत तथा असुली कार्यविधि, सम्पत्ति कर व्यबस्थापन कार्यविधि, कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्ड सम्बन्धी निर्देशिका, मर्मत सम्भार सञ्चालन कार्यविधि, करार जनशक्ति व्यबस्थापन, युवा परिषद गठन तथा सञ्चालन र उपभोक्तालाई सामग्री वितरण कार्यविधिजस्ता नियमावली जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

यसैगरी तानसेन नगरपालिकाले त्रैमासिक आम्दानी तथा खर्च सार्वजनिक गरेको छ । नगरपालिकाले चालु आर्थिक बर्षको लागि ८० करोड १३ लाख १० हजार बजेट विनियोजन गरेकोमा कार्तिक १२ गते सम्म १३ करोड ५ लाख २५ हजार ५ सय ४० रूपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत किर्तनराज पौडेलले बताउँनु भयो । चालु आर्थिक बर्षमा नगरभित्र ४ सय ५३ वटा योजना सञ्चालनको लागि स्वीकृत भएपनि कार्तिक १२ गते सम्म १६ वटा योजना सम्झौता भएको र अन्य योजना शीघ्र सम्झौतामा लैजाने प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउँनुभयो ।

कार्यक्रममा प्रदेश सांसद डा. पुरनमान बज्राचार्यले नगरपालिकाले देखिने गरी योजना तथा कार्यक्रम ल्याउन सुझाव दिनुभयो । नगरपालिकाले ल्याएको प्रभावकारी योजनालाई प्रदेश सरकारले सहयोग गर्ने सांसद बज्राचार्यले बताउँनु भयो । नगर विकासको लागि सवै पक्षको सहयोग जरूरी रहेको उहाँले बताउँनु भयो । प्रदेश सांसद वीरबहादुर रानाले ऐन नियमको सार्वजनिकीकरण, ३ महिनाको आम्दानी खर्च सार्वजनिकीकरण राम्रो काम भएको बताउँनु भयो । नगर विकासको लागि आवश्यक सहयोग गर्न आफूहरू तयार रहेको बताउँदै प्रदेशसांसद रानाले तर नगरपालिको काम गराईको शैली अल्छीलाग्दो रहेको बताउँनुभयो । सार्वजनिक कार्यक्रममा नगरका सवै किसिमका जनप्रतिनिधि नहुनु, झारा टार्ने गरी कार्यक्रम प्रस्तुत हुनु, भएका कामसमेत् सार्वजनिक गर्न नसक्नु, परेका अफ्ठेरामा छलफल नगर्नुजस्ता क्रियाकलापले नगरको विकास हुननसक्ने सांसद रानाले बताउँनु भयो । जिल्ला समन्वय समितिका प्रमुख दयाराज बस्याल, सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पन्त, बरिष्ठ पत्रकार मेघराज शर्मा, पत्रकार महासंघका अध्यक्ष राजेशकुमार अर्याल, सचिव किरण कौशल, कोषाध्यक्ष मिलन बिक लगायतले नगरपालिकाले शुरू गरेको समयमै खर्च सार्वजनिक कार्यक्रम राम्रो भए पनि आगामी दिनमा सफल, असफल दुवै क्रियाकलाप आउने गरी प्रस्तुत हुन सुझाव दिनुभएको थियो ।

कार्यक्रममा उठेका सुझाव तथा जिज्ञासाको जवाफ दिदै नगर प्रमुख अशोककुमार शाहीले असार महिनामा मात्र देखिने विकासलाई अन्त्य गर्न कार्तिक-मंसिरभित्र योजना सम्झौता गरी बैशाखभित्र काम सक्नेगरी काम गर्न खोजिएकाले सबैलाई साथ दिन आग्रह गर्नुभयो । कर बढाएको भनी गरिएको प्रचारप्रसार सही नभएको भन्दै नगरप्रमुख शाहीले नगरपालिकाले कर बृद्धि नगरी करको दायरा बढाएको बताउँनुभयो ।

नगर उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत, बरिष्ठ कार्यक्रम अधिकृत दुर्गा थापाको सञ्चालन र नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षतामा कार्यक्रम चलेको थियो ।

**(पत्रकार)**



- विद्यालय, समुदाय र पारिवारमा बालमैत्री सिर्जना गरौं।
- विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- बाल बिबाहलाई निरूत्साहित गरौं।
- बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

गीत

# पाल्पाको तानसेन



**- राम झवाली**

कति राम्रो तानसेनको बजार
दिनहुं मान्छे हिड्दछन हजार
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

स्वच्छ हावा रै' छ यो पाखैमा
तानसेन छ है श्रीनगरको काखैमा
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

शिक्षा, स्वास्थ्य, पर्यटनको पूर्वाधार
बनिराखून तानसेन चिन्ने आधार
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

सबको मनमा बसेको यो पाल्पा
पाल्पाजस्तो सुन्दर ठाउँ कम होला
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

सधैं स्वच्छ, सुन्दर होओस् बजार
मन खिचे आउँछन् पाहुना हजार
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

पहिलेजस्तो पहिचान थियो तानसेनको
अझै पहिचान थप्नुपर्छ यसको
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

कुराभन्दा काम गर्ने खाँचो छ
इतिहास जोगाई अघि बढ्ने खाँचो छ
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

तानसेन बनोस् आस्थाको धरोहर
समृद्ध बनाऔं भन्ने आओस् विचार
प्याउली पलायो
श्रीनगरको डाँडैले हाम्लाई बोलायो ।

**(शिक्षक तथा सर्जक)**

# तानसेन सरकार ! श्रीनगरमा मोनोरेल गुडाऔँ अब



- **झविन्द्र देवकोटा**

जनताले संघीयता पछिको तीनवटै सरकारको प्रत्यक्ष अनुभव गर्न थालेको १ बर्ष बितिसक्यो । यस बीच धरै सानादेखि ठूला आयोजनाहरू सम्पन्न पनि भइसके । कतिपय आयोजनाहरू निर्माणाधीन छन । अबको चार वर्षमा जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका कामहरू स्थानीय सरकारबाट भइरहेका छन् । तानसेन नगर पालिकासमेत राम्रा कामको शुरूवात गर्ने स्थानीय सरकार मध्ये अब्बल स्थानमा रहेको कुरा कतै छिपेको छैन । गतवर्ष ६५ कि.मि. भन्दा बढी सडक निर्माण, दलित अल्पसंख्यक ८५३ परिवारको निःशुल्क स्वास्थ्य बीमा, ऐनकानून निर्माण लगायतका महत्त्वपूर्ण काम भएका छन् ।




तानसेनमा सञ्चालित साना तथा ठूला आयोजनाहरूले तानसेनको भविष्य उज्ज्वल हुने सम्भावना रहदाँरहँदै पनि दिगो तथा अविस्मरणीय कार्य गर्नु यस सरकारका लागि पहिलो तथा महत्त्वपूर्ण कार्य हुन आउँछ । पहिलो जननिर्वाचित स्थानीय सरकारको पालामा पाल्पाको सबैभन्दा ठूलो पहिचान तानसेनको गौरव श्रीनगर डाँडालाई पार्कको रूपमा विकास गर्न सकेमा यो सरकारको सबैको नजर लाग्ने काम बन्न सक्छ ।

**कस्तो बन्छ त श्रीनगर ? बनाउने कसरी ?**

१. मोनोरेल गुडाऔँ – श्रीनगरलाई चक्रपथ हुनेगरी मोनोरेलको निर्माण गरी मोनोरेल निर्माण गर्न सकेमा श्रीनगर पाल्पा श्रीनगरमा रेल चढ्न पाइन्छ भन्ने हेतुले हजारौंको संख्यामा पर्यटकको बृद्धि गरी प्रशस्त आम्दानी लिन सकिन्छ । जसबाट श्रीनगर छिर्ने एकद्वार प्रणालीसमेत विकास हुन्छ ।

२. बालउद्यान निर्माण गरौँ – बालबालिकालाई रमाइलो हुने खालका विभिन्न मनोरञ्जनका सामग्री प्रशस्तै राख्न सकिन्छ जसबाट बालबालिकाको मन जितेर आकर्षण बढाउन सकिन्छ ।

३. व्यवस्थित पिकनिक स्थल बनाऔं – १ सयभन्दा बढी सुविधासम्पन्न पिकनिकस्थल निर्माण गरौं ।

४. युवा छलफलस्थल निर्माण गरौं – युवायुवतीको आकर्षणको केन्द्र बनाउनका लागि ठाउँठाउँमा युवा छलफलस्थल तोकौं ।

५. बृद्धबृद्धालाई लक्षित गरी विभिन्न स्थानमा मन्दिर तथा मूर्तिहरूको निर्माण गरौं ।

६. २० वटा जति खाजा तथा खानाघर निर्माणगरौं ।

७. श्रीनगर पर्यटन प्रा.लि. स्थानीय सरकारकै पहलमा गठन गरी उत्कृष्ट इन्जिनियरहरूबाट इन्जिनियरिङ सर्भे गराई तत्कालै कामको थालनी गरौं । सकिन्छ भने टुँडिखेल - श्रीनगर - रानीघाट केबुलकार सञ्चालन गरौं ।

८. मनोरञ्जनका हरेक स्थान र हरेक साधनको शुल्क तोकी कम्प्युटर विलिङ सिस्टम बनाऔं ।

९. पैदल यात्रीको लागि जानेआउने छुट्टाछुट्टै बाटो र सवारी साधनका लागि २ लेनको बाटो निर्माण गरी पार्किङ स्थललाई अहिलेको भन्दा ३ गुनाले बृद्धि गरौं । ठूलो प्रवेशद्वार निर्माण तथा कर्मचारीको राम्रो व्यवस्थापन गरौं ।

हालसम्म बनेका संरचनामा माथि उल्लिखित संरचनाहरूको डिजाइन तथा इष्टमेट गरी श्रीनगरलाई नेपालकै उत्कृष्ट पार्क निर्माण गरी पर्यटनको केन्द्र बनाउन सकेमा यो नै यस स्थानीय सरकारको सबैभन्दा महत्त्वपूर्ण कार्य बन्न जान्छ भन्ने मेरो विश्वास छ ।

**आर्थिक स्रोत कसरी त ?**

आर्थिक स्रोतको समस्या नै छैन । सरकारी स्तरबाटै देशभरबाट शेयर लगानीका लागि शेयर खोलौं । २ अर्ब बराबरको शेयर निष्काशन गरी कार्य अगाडि बढाऔं । जनता पैसा लगानी गर्न आतुर छन् । पार्क निर्माण गर्न पैसाको अभाव हुँदैन् । त्यसो त नगरप्रमुखले नगरबासीलाई घरघरमा शेयर दिने कुरा चुनावका बेला गर्नु भएको थियो, त्यसका लागि यो राम्रो अवसर हो ।

श्रीनगर पर्यटन प्रा.लि निर्माण गरी यी सबै कार्य अगाडि बढाउन सकेमा ५ सय बढीले प्रत्यक्ष तथा परोक्ष रोजगारीको अवसर प्राप्त गर्न सक्छन् । यो काम योजनाबद्ध ढंगले गर्नसकेमा अबको ३ वर्ष भित्र निर्माण सम्पन्न गर्न सकिन्छ । तब मात्र पाल्पाले विगत देखि जप्दै आएको पर्यटनको नारा सार्थक बन्न सक्छ । यसबारे बेलैमा सोचौं है नगरप्रमुख, उपप्रमुख लगायत सबै जनप्रतिनिधिहरूले ।

**(शिक्षक तथा पत्रकार)**

# विविध गतिविधि

## यस्तो छ पशु विकास शाखाको काम

तानसेन नगरपालिका पशु विकास शाखाका पशु चिकित्सक **हरि प्रसाद कोइराला**बाट प्राप्त विवरणअनुसार साउनदेखि कार्तिकसम्म केही काम भएका छन् । नियमनतर्फ मासुपसल, डेरी फर्म र पसल २ पटक अनुगमन गरिएको छ । २६ वटा मासुपसल र ५ वटा डेरी अनुगमनमा जिल्ला प्रशासन, पत्रकारलगायत सरोकारवाला संघसंस्थाका प्रतिनिधि सामेल थिए ।

डेरी फार्मवाला किसान, किसान समूह र पशुपालक किसानमार्फत् पशुआहारका लागि जै, भेच, वर्सिम लगायत उन्नत हिउँदे घासका बीउ वितरण गरियो । वडा नं ५ र ६ मा पशु स्वास्थ्य शिविर सम्पन्न भयो । १२५ घरपालुवा पशु लाभान्वित भए । गाई, भैंसीसमेत १५६ पशुमा नश्ल सुधार कार्यक्रमअन्तर्गत कृत्रिम गर्भाधान सहित आवश्यक तथा सम्भव सेवा उपलब्ध गराइयो । तानसेन-१ धुव्रघाटमा डाँलेघाँस नर्सरी व्यवस्थापन तथा विरूवा उत्पादन कार्यक्रमलाई निरन्तरता दिइएको छ । वडा नं ८ मा पशु उपचार र खोप, आकस्मिक रोग (खोरेत) नियन्त्रणका कार्यक्रम समेत सञ्चालन गरियो ।

## ल्याण्डफिल्ड साइड सञ्चालनबारे छलफल

तानसेन नगरपालिकामा रहेको ल्याण्डफिल्ड साइड सञ्चालनबारे साइड सञ्चालन सहजीकरण समिति र तानसेन नगरपालिकाबीच साउन २३ गते छलफल भयो ।



सहजीकरण समितिका संयोजक विष्णुबहादुर कार्कीको अध्यक्षता, सदस्य सचिव शंकर भण्डारीको सञ्चालनमा भएको बैठकमा नगरपालिकाका प्रमुख अशोककुमार शाहीले भन्नुभयो- "त्रुटि के हो सच्याउनुपर्छ भन्दै मैले सम्बन्धित पक्षलाई पटकपटक डाँकेको हुँ । हामी विगतमा भएको सम्झौता क्रमशः कार्यान्वयन गर्दछौं र स्थानीय अगुवाले पनि समुदायबीच पुलको काम गरीदिनुस् भन्ने हाम्रो आग्रह हो । होइन हामी दिदैदिन्नौं भन्नुहुन्छ भने नगरपालिकाले विकल्प खोजेर फोहर व्यवस्थापन गर्नुपर्छ ।" नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले फोहरबाट हुने असर न्यूनीकरण गर्दै फोहरलाई मोहरमा परिणत गर्ने मूल उद्देश्यले फोहर व्यवस्थापनमा सहयोग पुऱ्याउन सहजीकरण समिति गठन गरिएको बताउनुभयो । समितिका संयोजक विष्णुबहादुर कार्की, सदस्यहरु मानबहादुर कार्की, शिवबहादुर खत्री लगायतले सम्झौता अनुसार पानी, बत्ती, स्वास्थ्य सेवाको तत्काल व्यवस्था गरिनुपर्ने साथै त्यस क्षेत्रमा अवसरको सिर्जना गरिनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

## तानसेन सुन्दर बनाउनेबारे छलफल

तानसेन नगरपालिकाले बजार क्षेत्रलाई व्यवस्थित गरी सौन्दर्यकरण गर्न र पर्यटन विकासको लागि निजी क्षेत्रसँग सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसारको कार्यक्रम अगाडि सारेको छ । तानसेन नगरपालिका र पाल्पा उद्योग वाणिज्य संघका पदाधिकारीबीच भएको छलफल र अर्न्तक्रियाबाट मखनटोल, शीतलपाटी, असनटोल र दरवार परिसरको सौन्दर्यकरणका साथै समग्र पर्यटन विकासमा सार्वजनिक निजी साझेदारी मोडेलअनुसार निजी क्षेत्रलाई आकर्षित गरिने नगर प्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका पदाधिकारीहरूले तानसेनको सौन्दर्यकरण गर्नको लागि भगवती मन्दिरको पूजालाई व्यवस्थित गर्नुपर्ने, पर्यटकलाई आकर्षण हुने गरी कार्यक्रम बनाउनु पर्ने, सडकको दाँयाबाँया ढुंगा छाप्ने, पुराना ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने, पोखरा जाने पर्यटकहरूलाई तानसेन भित्र्याउनको लागि के गर्न सकिन्छ भन्नेबारे कार्यान्वयनमा ल्याउन कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने, श्रीनगरमा ठूलो बुद्धको मूर्ति स्थापना गरेर व्यवस्थित श्रीनगर बनाउनुपर्ने, रानीमहलको व्यवस्थापन लगायतका कुरा राख्नु भएको थियो ।

पछिल्लो समयमा पाल्पा जिल्लाको सदरमुकाम तानसेनको

व्यवसाय खस्केको र व्यवसायीहरू पलायन भएको अवस्था छ । अब तानसेनको स्थिति सुधार गर्न व्यवसायीहरूले ठाउँ छोड्ने होइन व्यवसायिक अवसरको खोजी गर्नुपर्ने भएको छ, यो स्थिति बढ्न गयो भने तानसेनको अवस्था झनै जटिल हुँदै जाने हुँदा समयमै ख्याल गर्नुपर्ने भन्दै अब तानसेनको व्यवसाय बृद्धि गर्ने भनेको पर्यटनसँग सम्वन्धित व्यापार भएकोले यसका लागि स्थानीय सरकार, निजीक्षेत्र, व्यवसायीहरूलगायत सबै क्षेत्रबाट ध्यान पुर्‍याउनु पर्ने पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले बताउनु भयो ।

पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघले तत्काल तानसेन नगरपालिकासँगको सहकार्यमा गर्न सकिने कार्यक्रमहरूको खाका बनाई पेश गरेपश्चात् उक्त कार्यक्रमहरु विशेषज्ञ, विषय विज्ञ वा परामर्शदाताबाट आर्थिक सर्वेक्षण गराइने र सम्भव भएसम्मका कार्यक्रमहरु तानसेन नगर सरकारले कानूनी मान्यता दिई काम अगाडि वढाउन सकिने नगरप्रमुख शाहीले प्रष्ट उक्त कार्यक्रममा प्रष्ट पार्नु भएको थियो ।

✵

## तानसेनको पार्श्व चित्र तयार हुँदै

तानसेन नगरपालिकाले नगरपालिका भित्रको विषयगत र वस्तुगत विवरण सहितको नगर प्रोफाइल तयारीको अन्तिम चरणमा पुगेको जनाएको छ ।

तानसेन नगरपालिकाको आयोजना र द एसिया फाउन्डेशन को साझेदार संस्था कमिटेड काठमाडौंको सहयोगमा सञ्चालन भएको तथ्याङ्क प्रस्तुति तथा सुझाव संकलन कार्यक्रममा नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले सहभागीहरूलाई स्वागत गर्दै नगर प्रोफाइल बनेपछि तानसेन नगरपालिकालाई वार्षिक योजना तथा आवधिक योजना निर्माण गर्न सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा नगरप्रमुख अशोककुमार शाहीले प्रोफाइल बनेपश्चात् योजना निर्माण मापदण्ड तयार गर्न सहयोग पुग्ने र यसबाट तानसेनलाई स्वास्थ्य, शिक्षा, कृषि, पर्यटनलगायतका योजनाहरूमा खाका सहितको योजना सञ्चालनका लागि सहयोगी बन्ने बताउनु भयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेल र कमिटेड काठमाडौका कार्यक्रम प्रमुख केचरनाथ आचार्यले तानसेन नगरपालिकाभित्र संकलन भएका प्राइमरी र सेकेन्डरी तथ्याङ्कहरूको विश्लेषण गरिएका तथ्याङ्क खाका प्रस्तुत गर्नु भएको थियो । विभिन्न विषयगत कार्यालय, नगरपालिकाको विभिन्न शाखाका प्रमुखहरू, वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रमका सहभागीहरूबाट तथ्याङ्क संकलनका क्रममा छुट भएका, बिग्रिएका, सुधार गर्नुपर्ने, थप्नुपर्ने, हटाउनुपर्ने तथा मिलाउनुपर्ने डाटाहरूका बारेमा आआफ्नो सुझाव राख्नु भएको थियो । प्राप्त सुझावहरूलाई समावेश गरी प्रोफाइललाई अन्तिम रूप दिई आगामी १ महिनाभित्र नगरपालिकाको सम्पत्तिको रूपमा हस्तान्तरण गरिन आचार्यले बताउनुभयो । कार्यक्रम नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

✵

## नगरपालिका संघको सदस्यमा तानसेनका नगरप्रमुख शाही

नेपाल नगरपालिका संघको हालै सम्पन्न छैटौ राष्ट्रिय अधिवेशनले धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जु अध्यक्ष रहेको ४८ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको छ । संघको उपाध्यक्षमा बेलकोटगढी नगरपालिका नुवाकोटकी उपप्रमुख कविता ढुंगाना, महासचिवमा नीकलण्ठ नगरपालिका धादिङका प्रमुख भीमप्रसाद ढुंगाना, उपमहासचिवमा जनकपुर उमनपाका प्रमुख लालकिशोर शाह, कोषाध्यक्षमा तुलसीपुर उमनपाका प्रमुख घनश्याम पाण्डे, सहकोषाध्यक्षमा काठमाडौं मनपाकी उपप्रमुख हरिप्रभा खड्गी चयन भएका छन् । तानसेन नगरप्रमुख अशोककुमार शाही सदस्यमा चयन हुनुभएको छ ।

✵

## तानसेनको विकासमा पाल्पाली समाज पोखराका कुरा

पाल्पा र तानसेनको पर्यटन विकासका लागि वस्तु तथा सेवा सूची बनाएर काम गर्नुपर्ने सुझाव सरोकारवालाले दिएका छन् । पाल्पाली समाज पोखराले तानसेनमा आयोजना गरेको पाल्पाको पर्यटन प्रवर्द्धनसम्बन्धी छलफल कार्यक्रममा पर्यटन पहिचान वस्तु उत्पादनमा जोड दिन सहभागीले आग्रह गरेका हुन् । पाल्पाली समाजले जनप्रतिनिधिसँग छलफल गरेको कार्यक्रममा तानसेनलाई पोखरा र लुम्बिनीसँग जोड्न सकिने धारणा व्यक्त भएको हो । पोखरामा बसेर उद्योग, व्यवसाय र पेशा गर्नेहरूले पाल्पाको पर्यटनका लागि निश्चित पहिचान दिने वस्तु उत्पादन गर्न सुझावदिएका छन् । कार्यक्रममा प्रदेश सांसद डा. पुरनमान बज्राचार्यले लुम्बिनी र पोखरामा आउने पर्यटकको केही हिस्सा मात्र पाल्पामा ल्याउनसके यहाँको पर्यटनमा टेवा पुग्ने विचार व्यक्त गर्नुभयो । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले पर्यटनका निम्ति सोच र कार्यक्रम अगाडि सारिएको कुनबाट शुरू गर्ने भनेर अलमलमा रहेको अवस्था रहे तापनि अब ठोस कार्यक्रम गरिन बताउनुभयो । पाल्पाली समाज पोखराकाका अध्यक्ष कुलप्रसाद घिमिरेले सिद्धबाबाको बाटो, तानसेनको पानीलाई लिएर राजनीति हुनसक्छ तर विकास अवरूद्ध हुन सक्दैन भन्नुभयो ।

तानसेन नगरपालिकाका उपप्रमुख लक्ष्मी पाठकको अध्यक्षतामा कार्यक्रम चलेको थियो । समाजले सोही दिन उद्यमीव्यवसायीहरूसँग पनि छलफल गरेको थियो ।

✵

## चीन भ्रमण उपलब्धिमूलक : मेयर शाही

छापा माध्यमका सम्पादकहरूसँगको भेटमा छिमेकी देश गणतन्त्र चीनको सिचुवान प्रान्तको लशानसँग भगिनी सम्बन्ध स्थापना तथा दुईदेशको सम्बन्ध र आपसीहित र विकासअनुभवबारे मैत्रीपूर्ण छलफल भएको चीन भ्रमणबाट फर्के लगत्तै तानसेनका नगरप्रमुख अशोककुमार शाहीले बताउनु भयो । नेपालबाट संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री रवीन्द्र अधिकारीको नेतृत्वमा तानसेन, रामग्राम परासी, लुम्विनी सांस्कृतिक नगरपालिका र लुम्विनी विकास कोषका प्रतिनिधि सम्मिलित २८ सदस्यीय टोलीले सेप्टेम्वर ७ देखि १० (भदौ २२ देखि २५) सम्म चीन भ्रमण गरेको थियो ।

चीन भ्रमणमा तानसेन नगरपालिकाबाट नगरप्रमुख अशोककुमार शाही, उपप्रमुख लक्ष्मीदेवी पाठक, प्रवक्ता दामोदरप्रसाद घिमिरे, तानसेन-६ का वडाअध्यक्ष सागरमान महर्जन, कार्यपालिका सदस्य दीपक विश्वकर्मा र योजना तथा प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेल उक्त टोलीमा सामेल हुनुभएको थियो । भ्रमणको उपलब्धिबारे नगरप्रमुख शाहीले संक्षेपमा भन्नुभयो- "चीनको ऐतिहासिक सांस्कृतिक नगर लशान र तानसेनबीच मैत्रीपूर्ण सम्बन्ध स्थापना, दुई नगरबीच पर्यटनविकास तथा आपसीहितबारे छलफल, लुम्विनी क्षेत्रको विकास र बुद्ध सन्देश, बुद्ध सर्किटबारे छलफल तथा विकासका अनुभव साटासाट लगायतका कुरा भएको छ ।"

✵

## पाल्पादेखि पोखरा पर्यटक बस सेवा

तानसेन नगरपालिकाको अग्रसरता र समन्वय, पाल्पाली समाज पोखराको पहल तथा सञ्जोग ट्राभल्सको सञ्चालनमा असोज २५ देखि पाल्पा पोखरा सिधा सुविधासम्पन्न पर्यटक बस सेवा सञ्चालन भएको छ । बस तानसेन र पोखरा बसपार्कबाट बिहान ८ बजे छुटेर ५ घण्टामा गन्तव्यमा पुग्ने छ । बससेवा सञ्चालनबारे भएको छलफलमा बोल्दै वातानुकुलित बसको प्रतियात्रु ६ सय रूपैयाँ भाडा निर्धारण गरिएको सञ्जोग ट्राभल्सका बसन्त सापकोटाले बताउनु भयो । सापकोटाले पाल्पा चिनाउने होर्डिङ् बोर्डसमेत विभिन्न ठाउँमा राखिने बताए । सुरक्षा तथा अन्य वातावरण बनाउनका लागि तानसेन नगरपालिका, प्रशासन, प्रहरी कार्यालय, मिडिया र सरोकारवाला संघसंस्थासँग उनले अनुरोध गर्नु भयो । पाल्पा पोखरा बस सेवा सञ्चालनबारे छलफलका लागि तानसेन नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै पाल्पाली समाज पोखराका अध्यक्ष कुलप्रसाद घिमिरेले पाल्पाको पर्यटन विकासका लागि आफूहरूले तानसेन नगरपालिकालगायत सरोकारवाला संघसंस्थासँग सहकार्य गर्न चाहेको प्रष्ट पार्नु भयो । नगरप्रमुख शाहीले लुम्विनी, चितवन र पोखराबीच भएर पनि तानसेन पाल्पाको पर्यटकीय विकास पछि परेकाले विकास योजना पूरा गर्न जे सकिन्छ त्यसैबाट प्रयास थाल्नुपर्ने कुरामा जोड दिनु भयो । उहाँले सबैको सहयोगमा तानसेन पाल्पाको पर्यटकीय विकास सम्भव छ भन्दै नगरपालिकाबाट सकारात्मक कामका लागि सहयोग र समन्वय हुने बताउनु भयो ।
नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत, वरिष्ठ कार्यक्रम अधिकृत दुर्गाबहादुर थापाको सञ्चालनमा भएको छलफल कार्यक्रममा बोल्दै पाल्पा उद्योग बाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले व्यवसायीहरू सहकार्य गर्न इच्छुक रहेको बताउनु भयो । पाल्पा व्यापार संघका उपाध्यक्ष बामदेव बस्यालले सेवा स्तरीय र दिगो हुनुपर्छ भन्नुभयो । सहायक प्रमुख जिल्ला अधिकारी हुमबहादुर पाण्डे र जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक बिनोद घिमिरेले आवश्यक सुरक्षाका लागि सहयोग गर्ने बताउनु भयो । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले सुरक्षाको प्रत्याभूति प्रहरी प्रशासनबाट हुनुपर्छ, सेवा स्तरीय हुनुपर्छ, मूल्य र समय निश्चित हुनुपर्छ, हामी पनि सहयोग गर्न तयार छौं भन्नुभयो । होटल व्यवसायी कमल कार्की, तानसेन वडा नं ६ का अध्यक्ष सागरमान महर्जन, नागरिक समाजका चित्रवलीराम सुवाल, नेपाली कांग्रेसकी अम्विका पौड्याल, उद्यमी मधुदयाल सैंजू, राप्रपाका रेवन्तबहादुर विष्ट, राष्ट्रिय जनमोर्चाका टीकाराम पौडेल, तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेल, पाल्पाली समाज पोखराका सल्लाहकार चिरञ्जीवी श्रेष्ठ लगायतले सेवा दिगो हुनुपर्छ भन्दै आआफ्ना सुझाव राख्नुभएको थियो ।

असोज २५ गते बिहान तानसेनमा पाल्पा पोखरा बस सेवाको शुभारम्भ गर्दै प्रदेश सभा सदस्य डा. पुरनमान बज्राचार्यले पाल्पा तानसेनको पर्यटन विकासका लागि सिधा बस सेवाबाट टेवा पुग्ने बताउनुभयो । नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता, बरिष्ठ कार्यक्रम अधिकृत दुर्गाबहादुर थापाको सञ्चालनमा भएको शुभारम्भ कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनालले बस सेवालाई निरन्तरता दिनका लागि सबैले सघाउनुपर्ने बताउनुभयो । नगरप्रमुख शाहीले सबैले सहयोग गरेमा तानसेनको पर्यटन विकासका लागि पाल्पा पोखरा पर्यटक बस सेवा बलियो आधार बन्नसक्छ भन्नुभयो । उक्त अवसरमा पहिलो बस सेवाका यात्रुहरू लगायत स्टाफलाई समेत सम्मान गरिएको थियो ।

✵

# तानसेनमा जेष्ठ नागरिक दिवस

**जेष्ठ नागरिक मानव अधिकार अभियन्ताहरूको अभिनन्दन गरौ** भन्ने नाराका साथ २८ औं अन्तर्राष्टिय जेष्ठ नागरिक दिवस तानसेन नगरपालिकाको साविक वडा नं. १३ हाल वडा नं. ५ स्थित चौनवारीमा सम्पन्न भयो । तानसेन नगरपालिकाको आयोजना र परमानन्द बालबृद्ध कल्याण संघको समन्वयमा सम्पन्न भएको कार्यक्रममा तानसेन नगरपालिकाकी महिला विकास शाखाअधिकृत शारदा भट्टराईले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत गर्नुभयो ।

विर्सने रोग अल्जाइमर्स र जेष्ठ नागरिकहरूको रोगको समस्याको वारेमा जानकारी गराउदै पाल्पा अस्पतालका मेडिकल प्रमुख डा. पुष्पराज ज्ञवालीले उमेर ढल्केपछि देखिने समस्याहरू र रोगले आक्रमण गर्नसक्ने अवस्था त्यसबाट बँच्ने उपायबारे जानकारी गराउनु भयो । कार्यक्रममा परमानन्द बालबृद्ध कल्याण संघका अध्यक्ष हीराधर आचार्यले संस्थाले धेरै जेष्ठ नागरिकहरूलाई सम्मान गरेको भन्दै बृद्ध बुबाआमाहरूलाई संरक्षकले स्नेह र मायामा संरक्षण दिई राख्नुपर्ने बताउनुभयो । यसैगरी वडासदस्य विष्णु कार्कीले जेष्ठ नागरिक जिउँदा देवता भएकाले सँधै पुजेर राख्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा जेष्ठ नागरिक गोविन्दबहादुर बोहोराले सवैलाई शुभकामना सहित आशिर्वाद दिनुभयो । २४ जना वृद्धवृद्धालाई दोसल्ला ओढाएर सम्मान गर्दै कार्यक्रमकी अध्यक्ष तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले तानसेन नगरपालिकाले जेष्ठ नागरिकहरूको स्वास्थ्य जाँच गर्न बजेटसहित कार्यक्रम तय भएकाले तत्कालै कार्यक्रम शुरू गरिन भन्दै माया र सद्भाव साथै दिर्घायुको कामना गर्नुभयो । कार्यक्रम उपप्रमुख लक्ष्मी पाठकको अध्यक्षतामा सम्पन्न भएको थियो ।

✵

# तानसेन अमरनारायण फूलबारीमा सरसफाइ

जेष्ठ नागरिक दिवस तथा विश्व बसोबास दिवस र गणतन्त्र दिवसको अवसरमा पटकपटक तानसेन नगरपालिकाले अमरनारायण मन्दिर परिसरमा सरसफाइ गरेको छ । तानसेन नगरपालिका प्रमुख अशोककुमार शाही, प्रदेश सांसदहरू डा. पुरनमान बज्राचार्य र वीरवहादुर राना, प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनाल, नगर उपप्रमुख लक्ष्मीदेवी पाठक लगायतले हँसिया, कुटो, कोदालो लिएर नगरबासीसँगै सरसफाइमा जुट्नुभयो ।



फोटो: कृष्ण पोखरेल

तानसेन नगरपालिका वडा नं २ का वडा अध्यक्ष वरूणप्रसाद रेग्मी तथा वडा सदस्यहरू, वडा नं २ का टोल विकास संस्थाका सदस्यहरू, तानसेन नगरपालिका सरसफाइ शाखाका कर्मचारी, नेपाल प्रहरी, नेपाली सेना, नारायण युवा क्लवका पदाधिकारी तथा सदस्य, पत्रकार र सर्वसाधारणसमेत फूलवारी सरसफाइमा जुट्नुभएको थियो । नगरबासीमा सरसफाइको भावना जागृत गराउन, नगरको सवै विकासमा जनसहभागिताको अपनत्व जगाउन, विकासमा सामूहिकताको भावना पैदा गर्न यो सरसफाइ अभियानलाई निरन्तरता दिइएको नगर प्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

मेहलधारा, बडिङ्गानटोल, असनटोल, नारायणस्थानका टोल विकास संस्थाहरू सरसफाइमा सक्रिय भएर लाग्नुभएको थियो । नारायणस्थान फूलवारीलाई १२ महिना खुला गरी नियमित रूपमा सरसफाइ गरी तानसेनकै नमूना फूलवारीको रूपमा विकास गर्न सकिने सरसफाइमा जुटेका सहभागीहरूले बताउनुभयो । सरसफाइमा सहभागी प्रदेश सांसद वीरबहादुर रानाले विकास पैसाले मात्र हुँदैन । सामूहिक भावना, सामूहिक एकताबाट गरिएको विकास प्रभावकारी र दिगो हुने बताउनु भयो । एक्लै सरसफाइ गर्न महिनौं लाग्नसक्थ्यो तर सामूहिक रूपमा काम गर्दा एक विहानमै काम पूरा भएको सांसद रानाले बताउनुभयो । तानसेन हामी आफै सफा गर्नुपर्छ, आफ्नो टोलबस्तीलाई आफै सफा गर्नुपर्छ, आफ्नो घरको फोहोर आफै व्यबस्थापन गर्नुपर्छ भन्ने अभियानका साथ 'सफा तानसेन, सुन्दर तानसेन' बनाउन सरसफाइ शाखा जुटेको नगरपालिकाका सरसफाइ शाखाप्रमुख शंकर भण्डारीले बताउनुभयो । अमरनारायण फूलवारी नगरपालिकाका कर्मचारीले मात्र सफा गर्न सक्दथे होला तर स्थानीय जनतालाई अपनत्व हुने गरी सामूहिक सरसफाइको अभियान बढी प्रभावकारी भएको शाखाप्रमुख भण्डारीले भन्नु भयो । कार्यक्रममा पत्रकार महासंघका सचिव किरण कौशलले नगरको सरसफाइमा नगरवासी नै सक्रिय भएर लाग्नुपर्दछ भन्नुभयो ।



फोटो: कृष्ण पोखरेल

सरसफाइपछि आयोजित कार्यक्रममा नगरको सरसफाइमा सघाउने सरकारी तथा निजी विद्यालय, टोलविकास संस्था, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूलाई सम्मान गरिएको थियो । प्रदेश सांसदहरू डा. पुरनमान बज्राचार्य र वीरबहादुर राना, प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनाल तथा नगरप्रमुख अशोककुमार शाही लगायतले प्रमाणपत्र र टीका लगाएर सम्मान गर्नु भयो । कार्यक्रममा उत्साहजनक सहभागिता रहेको थियो ।

✵

## तानसेनमा प्राथमिक उपचार बक्स वितरण

प्राथमिक उपचारमा सहयोग होस् भन्ने उद्देश्यले पाल्पाका विद्यालय, स्वास्थ्य स्वयसेविकाहरूलाई प्राथमिक उपचार बक्स (फस्ट एड किट) वितरण गरिएको छ । सिंगापुर रेडक्रस र प्रारम्भ संस्था काठमाडौँको सहयोगमा तानसेनका विद्यालय, स्वास्थ्य स्वयसेविका र स्थानीय तहलाई उक्त बक्स प्रदान गरिएको हो ।




असोज १८ गते प्राथमिक उपचार बक्स हस्तान्तरण गर्दै नेकपाका केन्द्रीय सदस्य ठाकुर गैरेले फस्ट एड किट प्राथमिक उपचारमा सहयोगी बन्ने बताउनुभयो । उहाँले कोही पनि व्यक्ति घाइते भए पहिलो प्राथमिकतामा सामान्य उपचार नै हो भन्दै प्राथमिक उपचारले थप उपचारमा सहयोग पुग्ने र व्यक्तिको जीवन स्वस्थ बन्ने उल्लेख गर्नुभयो । उहाँले पाल्पाको स्वास्थ्यक्षेत्र सुधार गर्न सहयोग गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो । कार्यक्रममा तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठक, बगनासकाली गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीले प्राथमिक उपचार बक्स प्रदान गरेर स्वास्थ्य उपचारमा सहयोग गर्ने संस्थालाई धन्यवाद दिनुभयो । फस्ट एड किट तानसेन र रामपुर नगरपालिका, बगनासकाली, रैनादेवीछहरा, रिब्दीकोट, पूर्वखोला गाउँपालिकालाई समेत प्रदान गरिएको थियो । कार्यक्रममा प्रारम्भ संस्थाका प्रोग्राम डाइरेक्टर बद्रीराज तिमिल्सिनाले पाल्पामा १३ सयवटा फस्ट एड किट प्रदान गरिएको बताउनुभयो । उहाँले भूकम्प प्रभावित क्षेत्रमा आफूहरूले काम गरेको जानकारी दिँदै पाल्पाका विद्यालयका बालबालिका, महिला स्वास्थ्य स्वयमसेविकालाई केन्द्रित गरेर कार्यक्रम गरिएको जानकारी गराउनुभयो । प्राथमिक उपचार बक्स सिंगापुर रेडक्रसका प्रतिनिधि कल्पना क्षेत्रीको अध्यक्षता र तानसेन नगरपालिकाका शाखा अधिकृत भरत आचार्यको सञ्चालनमा सम्पन्न भएको थियो ।

✵

## हाम्रो तानसेन दोश्रो अंकको समीक्षा

तानसेन नगरपालिकाको प्रकाशन त्रैमासिक बुलेटिन **'हाम्रो तानसेन'** प्रकाशन समितिको बैठक नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षतामा असोज १८ गते तानसेन नगरपालिकामा सम्पन्न भयो । बैठकमा दोस्रो अंक बुलेटिनको समीक्षा गरियो । आगामी अंकहरू तानसेनको इतिहास, कला, संस्कृति, पर्यटनलगायतका विषयमा उपयोगी लेख तथा नगर गतिविधिलाई समेटेर प्रकाशनलाई अझ प्रभावकारी र समावेशी बनाउनुपर्ने समितिका सदस्यहरूबाट सुझाव प्राप्त भएको थियो ।

✵

## फोहर व्यवस्थापन तत्काललाई सुचारु

व्यवस्थापनको कुरामा असहमत हुँदै स्थानीय बासिन्दाले तानसेन नगरपालिकाको फोहर फाल्न केही दिनदेखि रोक लगाएकोमा सरोकारवालाहरूसँगको वार्तापछि तत्काल फोहर फाल्न दिने सहमति भएको तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले जानकारी गराउनुभयो । असोज २४ गते तानसेन नगरपालिकाले प्रभावित क्षेत्रका वासिन्दासँग वार्ता गरेपछि नियमित अनुगमनका लागि नगरपालिकाका सरसफाइदूत राजेन्द्र अधिकारीको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरिएको छ । तत्काल फोहर व्यवस्थापन सुचारू गर्ने र अव्यवस्थित फोहरलाई व्यवस्थित गर्दै तिहार लगत्तै कार्यसमीक्षा गरेर निष्कर्ष कार्यान्वयन गर्ने सहमति भएको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

✵

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जिल्ला पाल्पा
५ नम्बर प्रदेश, नेपाल

# २०७५।०७६ कार्तिक मसान्त सम्मको आम्दानी खर्च विवरण

| आय शीर्षक | आम्दानी रकम | रकम रू. | व्यय शीर्षक | खर्च रकम | स्वीकृत बजेट रू. | वास्तविक रकम रू. |
|---|---|---|---|---|---|---|
| गत वर्षको अ.ल्या. | ७६,२३१,०५७।०० | ४८,६००,००० | प्रशासनिक खर्च | १८,१२९,६०९ | ६८,३२९,२१३ | ५०,१९९,६०४ |
| राजश्व आम्दानी | ११,८८७,३०५।०० | ५४,८४०,००० | वडास्तरीय खर्च | १,६६२,१५९ | ६७,९०३,००८ | ६६,२४०,८४९ |
| समानीकरण आम्दानी | ३६,६५०,०००।०० | १४६,६००,००० | नगर विकास कोष | - | ३,६५०,००० | ३,६५०,००० |
| सशर्त अनुदान आय प्रदेश सरकार | - | ८७,८१२,००० | ६०।४० कार्यक्रम | १,८९९,६१० | ३२,५२८,००० | ३०,६२८,३९० |
| राजश्व बाँडफाँड | | ४,८००,००० | जगेडाकोष लगायत कार्यक्रम | - | १०,६००,००० | १०,६००,००० |
| प्रदेश सरकारबाट राजश्व बाँडफाँड | - | ९,७०८,००० | नगर गौरव आयोजना तथा साझेदारी योजना | - | ३१,०००,००० | ३१,०००,००० |
| प्रदेश सरकारबाट राजश्व बाँडफाँड | ११,५२१,२७२।०२ | १५,०००,००० | सडक बोर्ड | - | २,१५०,००० | २,१५०,००० |
| अनुदान तथा ऋण | - | | भारतीय दुतावास शित भण्डार | - | ४,०००,००० | ४,०००,००० |
| एल.जि.सि.डि.पि. कार्यक्रम | - | ५५०,००० | संघ, प्रदेश सरकारसँग साझेदारीमा गरिने कार्यक्रम | - | १०,०००,००० | १०,०००,००० |
| सडकबोर्ड | - | ५,०००,००० | अन्तर्राष्ट्रिय सम्बन्ध साझेदारी | ३६०,५०० | २,०००,००० | १,६३९,५०० |
| भारतीय दुतावास | - | ३०,०००,००० | प्रवर्द्धनात्मक कार्यक्रम | १,९६१,६०६ | १०१,६३५,७७९ | ९९,६७४,१७३ |
| जनसहभागिता | - | १३,४००,००० | नगरस्तरीय कार्यक्रम | १,१००,००० | २८,०००,००० | २६,९००,००० |
| सशर्त अनुदान आय प्रदेश सरकार | - | ७,५००,००० | विपत् व्यवस्थापन कोष | - | १,५००,००० | १,५००,००० |
| | | | मर्मतसम्भार कोष | ८०९,३१३ | ३,५००,००० | २,६९०,६८७ |
| | | | वातावरण संरक्षण कोष | - | २६४,००० | २६४,००० |
| | | | हितकारी कोष | - | ३००,००० | ३००,००० |
| | | | कुल सशर्त कार्यक्म पूँजीगत | | ५२,४४४,५९३ | ५२,४४४,५९३ |
| | | | नगर कार्यपालिकाबाट निर्णय भएका योजनाहरू | ३,३०२,९०७ | ३,३०२,९०७ | - |
| | | | एल.जि.सि.डि.पि. कार्यक्रम | १५२,५०० | १५२,५०० | - |
| | | | सामाजिक सुरक्षा अनुदान | २५,९३१,००० | ७५,५५०,००० | ४९,६१९,००० |
| सशर्त आम्दानी | १०२,२८३,९०० | ३७७,५००,००० | स्वास्थ्य तर्फको | १३,६०२,६१२ | ५८,३१५,००० | ४४,७१२,३८८ |
| | | | शिक्षा तर्फको | ७१,२५९,४२४ | २३७,४११,००० | १६६,१५१,५७६ |
| | | | कृषि तर्फको | ५५२,४५० | ३,८०९,००० | ३,२५६,५५० |
| | | | खानेपानी तथा सरसफाई | | ३५०,००० | ३५०,००० |
| | | | लैङ्गिक समानता तथा समावेशीकरण | ८१,००० | १,१४९,००० | १,०६८,००० |
| | | | उर्जा | - | १,१६६,००० | १,१६६,००० |
| | | | वन तथा भूसंरक्षण | - | ३००,००० | ३००,००० |
| जम्मा | २३,८५,७३,५३४।० | ८०,१३,१०,०००।० | जम्मा | १४०,८०४,६९०।१६ | ८०,१३,१०,००० | ६६०,५०५,३१०।२४ |

**श्रोतः लेखा शाखा**

# तानसेन नगरपालिकाको आ.व.२०७४/०७५ को शीर्षकगत यथार्थ आन्तरिक आय विवरण



- मधुसुदन घर्ती

तानसेन नगरपालिकाको विकास निर्माणका लागि टेवा पुऱ्याउने बलियो स्रोत मध्ये आन्तरिक आय पनि हो । आन्तरिक आय विवरणबारे जानकारी दिने उद्देश्यले यस पटक हामीले आ.व. २०७४/०७५ को विवरण प्रस्तुत गरेका छौं । उद्यमी, व्यवसायी, व्यापारी लगायत सम्पूर्ण नगरबासीले तानसेनको विकासका लागि समयमै आफूले तिर्नुपर्ने सेवाशुल्क भुक्तानीका लागि समेत हामी सादर अनुरोध गर्दछौं ।

| सि.नं. | विवरण | यथार्थ आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | मालपोत कर/बक्यौता | ७,१०,४६१।२६ | |
| २ | २% / १०% बहाल कर | ८,९५,१०१।३२ | |
| ३ | विटौरी कर | ३,६३,३५९।३२ | |
| ४ | व्यवसाय कर चालु | २२,६५,९५३ | |
| ५ | एकीकृत सम्पत्ति कर | ५६,३३,६८२।९२ | |
| ६ | पटके सवारी कर | १३,२०,६९५ | |
| ७ | मनोरञ्जन कर | २६,०३९।९६ | |
| ८ | विज्ञापन कर | ३,५५,००० | |
| ९ | सवारी पार्किङ शुल्क | १,५०,००० | |
| १० | पर्यटन सेवा शुल्क | ३,००,००० | |
| ११ | ढल शुल्क चालु | ३,०४,२२० | |
| १२ | ढल शुल्क ब. | ९३,३३५ | |
| १३ | सरसफाई शुल्क | १५,६४,१३४ | |
| १४ | अचल सम्पत्ति म. | ८,७१,६९५।११ | |
| १५ | अन्य सेवा शुल्क | ९,९९१ | |
| १६ | १५% सेवा शुल्क | ५,५३,०४९।२९ | |
| १७ | सर्जमिन दस्तुर | ४,५१,२३७ | |
| १८ | निवेदन दस्तुर | १,११,७५० | |
| १९ | नक्सापास दस्तुर | ४४,०३,५१६।८८ | |
| २० | सिफारिस दस्तुर | ४०,४०,७२८।१४ | |
| २१ | नाता प्रमाणित | १,९६,७८० | |
| २२ | अन्य दस्तुर | २५,५४५ | |
| २३ | लिलाम विक्री | ४,२३० | |
| २४ | फारम विक्री | ७,३५,०९० | |
| २५ | दण्ड जरिवाना | १०,२३,४१६।७३ | |
| २६ | ता.न.पा घर/सटर भाडा | २५,१३,५७०।५ | |
| २७ | सभाकक्ष भाडा | १,५६,१२० | |
| २८ | धरौटी फिर्ता (कट्टा) | २३९ | |
| २९ | अन्य विविध आय फोटोकपि, सूचीकृत | ४०,२२५ | |
| ३० | रोयल्टी | ८,०२,२८२।९ | |
| ३१ | १३ प्रतिशत भ्याट | ४,६५,८४।३२ | |
| ३२ | वडाबाट प्राप्त आम्दानी | २,८६,५४० | |
| | जम्मा | ३,०२,५४,५७२।६५ | |

(प्रमुख, आन्तरिक राजस्व कार्यालय)

# तानसेन नगरपालिका

## तानसेन नगर कार्यपालिकाको कार्यालय

## योजना कार्यान्वयन अवस्था (२०७५ कार्तिक मसान्तसम्म)

## आ.व. २०७५।२०७६

| वडा नं. | स्वीकृत योजना संख्या | लगत अनुमान तयार भइसकेको तर सम्झौता हुन बाँकी योजना | सम्झौता भई निर्माणाधीन योजना | तालिम प्राप्त उपभोक्ता समिति | प्रथम किस्ता भुक्तानी भएको योजना | अन्तिम किस्ता भुक्तानी भएको योजना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३० | १५ | १४ | ९ | ० | ० | |
| २ | २७ | २ | २ | २ | ० | १ | |
| ३ | ३४ | ५ | २ | २ | ० | ० | |
| ४ | २४ | ६ | ४ | ३ | ० | ० | |
| ५ | ३७ | १३ | ८ | ० | ० | ० | |
| ६ | ४१ | १५ | १४ | ११ | ० | ० | |
| ७ | २८ | ८ | ५ | ४ | ० | १ | |
| ८ | ३५ | ११ | ९ | ७ | ० | ० | |
| ९ | ३६ | ५ | २ | २ | ० | ० | |
| १० | ३६ | १० | ५ | ३ | ० | ० | |
| ११ | ३० | ५ | ४ | ३ | ० | ० | |
| १२ | ३२ | ४ | ४ | ३ | ० | ० | |
| १३ | ३४ | ८ | ६ | ६ | ० | ० | |
| १४ | २९ | ४ | ४ | ४ | ० | ० | |
| कूल | ४५३ | १११ | ८३ | ५९ | ० | २ | |

(स्रोतः योजना शाखा)

# वडा गतिविधि

(यस पटक वडा गतिविधि न्यूनमात्रामा प्राप्त भएकाले आगामी अंकमा समेट्ने छौं । - प्रधान सम्पादक)

## तानसेन-१ का केही काम



- रामप्रसाद बस्याल

तानसेन नगरपालिका वडा नं. १ स्थित आँपटारीको तीनधारा खोल्सादेखि जैसी चौपारी जोड्ने मोटरबाटोको बाँकी ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । वडा नं. १ का वडा सदस्य श्री शिव थापाले चिलाङ्दीभञ्याङदेखि ध्रुवघाट आँपटारीबाट यसै नगरपालिकाको वडा नं. ६ को जैसीचौपारी हुँदै सिद्धार्थ राजमार्गको बर्तुङसम्म पुग्न सहज हुने बताउनुभयो । उक्त बाटोको निर्माण गर्न दुईलाख खर्च भएकोमा नगरपालिकाबाट रू १,२५,०००।- अनुदान प्राप्त भएको र बाँकी रकम उपभोक्ताबाट व्यहोरिएको उपभोक्ता समितिका अध्यक्ष विजयप्रकाश आलेले बताउनुभयो ।




साविक वराङदी ६ हाल ता.न.पा. १ नारायणडाँडामा पर्ने शिवालय मन्दिरको भुइँ ढलानको कार्य सम्पन्न भएको छ । नगरपालिकाबाट रू दुईलाख बजेट विनियोजन भएकोमा सो बजेटबाट मन्दिरको एक साईडमा फलामको रेलिङसहित कुर्सी र भुइँ ढलानको निर्माणकार्य सम्पन्न भएको वडा अध्यक्ष रामप्रसाद वस्यालले बताउनुभयो । भुइँ ढलानबाट मन्दिरमा आयोजना हुने विभिन्न किसिमका पूजाआजामा भक्तजनलाई सहज हुने उपभोक्ता समितिका अध्यक्ष हुमप्रसाद बस्यालले बताउँनु भयो ।

तानसेन नगरपालिका वडा नं. १ मा लागुपदार्थ दुर्ब्यसन तथा मदिरा नियन्त्रणसम्बन्धी अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।





वडा कार्यालयको आयोजनामा वडा अध्यक्ष रामप्रसाद वस्यालको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा करीब १०० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनाल, नगरप्रमुख अशोककुमार शाही, प्रहरी उपरिक्षक विश्वमणि पोखरेल लगायतका अतिथिहरूको सहभागिता रहेको थियो । मिसन अस्पताल तथा वराङदी क्षेत्रमा लागु पदार्थ तथा मदिराको अनियमित व्यापार तथा प्रयोग भई यस क्षेत्रमा घटना समेत बेलाबखत घटेको अवस्थामा यस्ता किसिमका अन्तक्रिया कार्यक्रमले स्थानीय जनतामा सचेतना बढाउने कुरा प्रमुख जिल्ला अधिकारीले बताउनु भयो । कार्यक्रममा नगरप्रमुख अशोककुमार शाही, प्रहरी उपरीक्षक विश्वमणि पोखरेल, समाजसेवी नन्दलाल भुसाल, जयराम सापकोटा लगायतले मन्तव्य राख्नुभएको थियो । कार्यक्रम नगरपालिकाका शाखा अधिकृत भरत आचार्यले सञ्चालन गर्नुभएको थियो ।

**(वडासचिव चुरामणि मरासिनीको सहयोगमा)**

# तानसेन-२ का केही काम



- वरूणप्रसाद रेग्मी

अमरनारायण मन्दिर परिसरमा तानसेन-२ वडा कार्यालयको आयोजना तथा सरसफाइ शाखाको समन्वयमा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रदेश सभासद वीरबहादुर राना, प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनाल, सुरक्षा निकायका प्रमुखहरू, नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधि र कर्मचारीहरू, टोलविकास संस्थाका सदस्य लगायत सर्वसाधारणको सहभागिता रहेको थियो ।



अमरनारायण परिसर सरसफाइ लागत रू ५०,०००.००

तानसेन-२ का १० वटा टोल विकास संस्था मार्फत वडाभरका नागरिकलाई प्लाष्टिक ब्यागको विकल्पमा प्रयोग गर्न कपडाको ब्याग निःशुल्क उपलब्ध गराइएको छ । हाल त्यही ब्याग नगर बासीले प्रयोग गर्ने गरेका छन् ।



फोहरमैला तथा सरसफाइ योजना अन्तर्गत झोला बितरण
लागत रू १,५०,०००.००

(नगरसभा सदस्य महेश्वर श्रेष्ठ र वडा सचिव राधा न्यौपानेको सहयोगमा)

गजल

## पाल्पाको विकास र समृद्धि सम्बन्धी



- भोजराज भट्टराई

भवन आचारसंहिताको पालना गरौं
भूकम्प प्रतिरोधी निर्माणमा अघि सरौं । १ ।

मनन् गरीकन मापदण्ड सडकको
दुर्घटना न्यूनीकरणमा चेतना छरौं । २ ।

सफा राखौं घर, आँगन अनि टोल सधैं
नगर विकासमा मिलेर अगाडि बढौं । ३ ।

जन्म, मृत्यु, विवाहजस्ता घट्ना दर्ता गरी
ढिलासुस्ती र अन्याय विरूद्ध लागि परौं । ४ ।

शिक्षा, स्वास्थ्य र पर्यटन पाल्पाको गौरव
हेर्न पुर्खाको पौरख रानीमहल भरौं ! ५ !

(सर्जक तथा सम्पादक, परेवा पाक्षिक)



- रामबहादुर रावल

# तानसेन -५ का केही काम

ऐतिहासिक भगवती जात्राको अवसरमा यस वडाभित्र पर्ने करीव २ किलोमिटर सडकमा खाल्टाखुल्टी पुर्ने तथा सडक मर्मतसम्हार गर्ने कार्य सम्पनन भएको छ । होटल श्रीनगरदेखि कैलाशनगर हुंदै सेण्ट कपितानियो स्कूलसम्म २१०० मिटर पिच गर्ने काम सम्पन्न भएको छ ।

विजया दशमी, दीपावली, छडको उपलक्ष्यमा ३५ किलोमिटर सडक सरसफाइ तथा बाटो सोहोर्ने काम गरियो । सम्पूर्ण टोल बस्तीमा सडक बत्ती राख्ने काम भएको छ भने देउराली टोल, कैलाशनगर टोल विकास संस्थामार्फत् टोल बस्तीहरूमा सरसफाइको काम गरियो । साविक बराङ्दी हाल तानसेन -५ अन्तर्गत टोलबस्तीमा सामाजिक सुरक्षा भत्ता घरघरमा गएर वितरण गरियो ।

वडावासीलाई सेवासुविधा प्रवाह गर्न सहज होस्भन्ने उद्देश्यले साविक तानसेन-७ हाल वडा नं. ५ कैलाशनगरस्थित पुरानो बालकल्याण समितिको कार्यालयमा वडा कार्यालय स्थापना गर्ने काम सम्पन्न गरी सेवाप्रवाह शुरू गरिएको छ । साविक तानसेन १२ र १३ मा पर्ने नूमा बस्ती विकासका लागि नक्साङ्कन कार्य अन्तिम चरणमा पुगेको र वनदेवीमा निर्माण गर्न लागिएको वातावरणमैत्री बस टर्मिनल कार्य प्रक्रिया अगाडि बढेको छ ।

वडास्तरीय तथा नगरस्तरीय योजनाहरूको उपभोक्ता समति गठन भई सम्झौतासमेत भई योजनाहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

**(वडा सचिव जीवन बस्यालको सहयोगमा)**

## आ.व.२०७५/२०७६ को प्रथम चौमासिकमा यस ता.न.पा. ६ नं. वडा कार्यालयबाट सम्पादन भएका कामको विवरण



- सागरमान महर्जन

तानसेन-६ मा यस अवधिमा भएगरेका कामलाई हामीले निम्नानुसार प्रस्तुत गरेका छौं ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | घरबाटो प्रमाणित सिफारिस | ३४ |
| २ | चार किल्ला प्रमाणित | ५० |
| ३ | नाता प्रमाणित | ३० |
| ४ | जिल्ला प्रशासन कार्यालय संग सम्बन्धित सिफारिस | ३३ |
| ५ | बिद्युतसम्बन्धी सिफारिस | १३ |
| ६ | ता.न.पा.सँग सम्बन्धित | ५६ |
| ७ | व्यवसाय दर्ता सिफारिस | २ |
| ८ | मालपोत कार्यालयसँग सम्बधित सिफारिस | १३ |
| ९ | तानसेन खा.पा. उ.स.सँग सम्बन्धित सिफारिस | ११ |
| १० | अन्य सिफारिस | ६१ |
| ११ | आयोजना/कार्यक्रम फरफारक सिफारिस | १ |
| १२ | आयोजना/कार्यक्रम सम्झौता सिफारिस | २७ |
| | जम्मा | ३३१ |

**बैठक संख्या** ८

राजश्व न.पा. कोष दाखिला रू २३६०६३। (दुई लाख छत्तीस हजार त्रिसट्ठी मात्र)

**(वडा सचिव जयदीप पन्थीको सहयोगमा)**

# तानसेन नगरपालिका वडा नं १० मा भएका काम



\- लोचनप्रसाद तिमिल्सिना

१. प्रभास सह लगानी खानेपानी आयोजना तेल्घा सिस्टमको तानसेन नगरपालिकाका प्रमूख अशोककुमार शाहीको प्रमूख आतिथ्यमा शुभारम्भ कार्यक्रम मिति २०७५।०४।०८ सम्पन्न भएको छ ।

२. तानसेनको ऐतिहासिक भगवती जात्रामा मिति २०७५।०५।१८ आ आफ्नो पहिचान सहित यस वडाका आमा समूह, टोल विकास संस्था, सामुदायिक संस्थाहरूको सक्रिय सहभागिता रहेको थियो ।

**३. उपभोक्ता समिति गठन :**

तानसेन नगरपालिकाबाट आ.व. २०७५/७६को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसारका आयोजनाहरूको उपभोक्ता समिति गठन कार्य सम्पन्न भएको छ ।

**४. आयोजनाहरूको सम्झौता :**

तानसेन नगरपालिकाबाट आ.व. २०७५/७६ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसारका आयोजनाहरूको उपभोक्ता समिति गठन, लागत स्टेमेट समेत भई निम्नानुसारका आयोजनाहरूको तानसेन नगरपाकिमा योजना सम्झौता गर्ने कार्य सम्पन्न भएको छ ।

» बेसारे खा.पा. योजना
» ठूलोधारा खानेपानी योजना
» वर्रे खानेपानी योजना
» नयाँपाटी खनेपानी योजना

**५. बाटो सरसफाइ तथा मर्मत संभार कार्य सम्पन्न :**

तानसेन नगरपालिकाबाट बाटो सरसफाइ तथा मर्मत संभारको लागि प्राप्त रकमबाट यस वडाका गाडी चल्ने सबै मोटरबाटोहरू मिति २०७५/०६/२७ देखि सरसफाइ तथा मर्मत संभार र पैह्रो सफा गर्ने कार्य सम्पन्न भएको छ ।

**६. पोषण तथा खाद्य सुरक्षा समिति गठन :**

वडाअध्यक्ष लोचनप्रसाद तिमिल्सिनाको संयोजकत्वमा तपसिल अनुसारको वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समिति मिति २०७५।०५।१४ गठन गरिएको छ ।

संयोजक : लोचनप्रसाद तिमिल्सिना
सदस्य : बुद्धिसरा सुनार
सदस्य : धनकुमारी विष्ट
सदस्य : हरिप्रसाद कोईराला
सदस्य : कृषि संयोजक
सदस्य : रमानाथ कंडेल
सदस्य : जया कार्की
सदस्य : शिवबहादुर लम्तरी
सदस्य सचिव : टंकप्रसाद भण्डारी

**७. मेलमिलापकर्ता छनौट :**

तानसेन नगरपालिका स्तरीय न्यायिक समितिको अनुरोधमा यस वडा समितिको मिति २०७५।०५।३१ को बैठकको निर्णय अनुसार तपसिल अनुसारका मेलमिलापकर्ता छनौट गरिएको छ ।

» देवीबहादुर कार्की
» रूद्रनाथ घिमिरे
» केशरी राना

**८. तारजाली तथा विद्युत पोल वितरण :**

यस वडाको माग बमोजिम तानसेन नगरपालिकाबाट प्राप्त तारजाली १० थान र विद्युत पोल ३४ थान यस वडाको विभिन्न स्थानका पोलहरूको अवलोकन एवम् अनुगमनका आधारमा वितरण गरिदै छ ।

९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको भत्ता वितरण बैंक मार्फत वितरण गरिने भएकोले तानसेनमा रहेको हिमालयन बैंक तानसेन पाल्पाको टोली आई यस वडा कार्यालयमा मिति २०७५।०८। ०७ र ८ गते, युवा प्रा.वि. आमडाँडामा १० गते, सुनडाँडामा ११ गते र भयरस्थान प्रा.वि. तेल्घामा १२ सबै लाभग्राहीहरूको बैंक खाता खोल्ने काम सम्पन्न भएको छ ।

**१०. गणेश यात्राका लागि वडा स्तरीय समिति गठन :**

यस वडाको पहिचानको रूपमा रहेको गुफाचौरमा गणेश मूर्ति स्थापनाको लागि तानसेनको टुँडिखेलबाट गुफाचौरसम्म गणेश यात्रा गर्नको लागि कृष्णबहादुर रानाको संयोजकत्वमा समिति गठन भएको छ ।

**११. समुदाय वडा प्रहरी समिति गठन :**

यस १० नं. वडा स्तरीय समुदाय वडा प्रहरी समिति वडा

अध्यक्ष लोचनप्रसाद तिमिल्सिना को संयोजकत्वमा १६ सदस्यीय समिति गठन भएको छ ।

**१२. सामाजिक सुरक्षा भत्ता वितरण :**

नेपाल सरकार सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत तपसिल अनुसारका व्यक्तिहरूका लागि भत्ता वितरण कार्य यस वडाको वडा कार्यालयमा मिति २०७५।०७।०७ र ०८ गते वडा समिति र कर्मचारीहरूको रोहबरमा वितरण गरियो ।

| | |
|---|---|
| जेष्ठ नागरिक (अन्य) १४१ जना रकम | रू. ११,२८,०००/- |
| जेष्ठ नागरिक (दलित) ३४ जना रकम | रू. १,४८,०००/- |
| विधवा महिला १११ जना रकम | रू. ४,६८,०००/- |
| पूर्ण अपांग २ जना रकम | रू. १६,०००/- |
| आंशिक अपांग १० जना रकम | रू. २३,४००/- |
| दलित बालबालिका ६९ जना रकम | रू. १,१०,००/- |
| जम्मा ३६७ जना रकम | रू. १८,९३,४००/- |

बर्षा र चाडपर्वको कारण योजनाले यस अवधिमा अपेक्षित गति लिन सकेन । अब कामले गति लिनेछ । गणेश मूर्ति फागुनभरमा गुफाचौरमा प्रतिस्थापन गर्ने योजना अनुसार काममा लागेका छौं ।

**(वडा सचिव टंक भण्डारीको सहयोगमा)**

- समय मै कर तिरौं, गौरवान्वित बनौं र जरिवानाबाट बचौं।
- व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
- समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेन नगर सरसफाइमा बेथल स्कूलका विद्यार्थी

बेथल इङ्लिस बोर्डिङ सेकेण्डरी स्कूल तानसेनमा सञ्चालित ४४ औं र ४५ औं व्याच NCC जुनियर डिभिजन तालिम लिएका ७२ जना NCC क्याडेट विद्यार्थीहरू, प्रशिक्षक र शिक्षकहरूले तानसेनस्थित श्री ७ रणउजीरेश्वरी भगवती रथयात्राको २०० औं विजयोत्सव २०७५ को अवसर पारेर २०७५ भाद्र ८ गते शुक्रवार तानसेनको नारायणस्थान चोकदेखि गैरागाउँ बगनासकाली चोकसम्म र भाद्र ९ गते शनिवार मेहल्धारास्थित कदमधारादेखि पोलधारासम्म बाटो सरसफाइ गरेका छन् ।




तानसेनस्थित भगवती मन्दिरको भगवतीको रथ यात्राको २०० औं विजयोत्सवलाई राष्ट्रिय महत्त्वको रूपमा एकता र स्वाभिमानको सन्देश प्रभाव गर्ने रथयात्राको दिनलाई विशेष महत्त्वदिन तानसेन नगरपालिकाले शैक्षिक तथा अन्य संघ संस्थाहरूलाई आआफ्नो पायक पर्ने क्षेत्रमा सरसफाइ गर्न आह्वान गरेअनुरूप विद्यार्थीहरूले मोटरबाटो वरपर सरसफाइ कार्यक्रममा सहभागी भएका हुन् ।

फोहर सरसफाइसँगै आआफ्नो टोल, छिमेक सफा राख्नु प्रत्येक नगरबासीहरूको कर्तव्य हो भन्ने जनचेतना फैलाउनुको साथै नगर सफा भएमात्र सभ्य नागरिकको परिचय दिने भएकाले यो अभियानमा सहभागी भएको बेथल स्कूलका सामाजिक क्रियाकलाप विभागप्रमुख रमेश सारूले बताउनुभयो । सो अवसरमा हाम्रो शहर सफा नगर अभियानमा बेथल स्कूल निरन्तर सहभागी हुने कुरा विद्यालयका प्रिन्सिपल खेमबहादुर सारूले प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । स्वाभिमान, देशभक्त युवा जनशक्ति उत्पादन गर्ने पवित्र उद्देश्यका साथ स्थापित नेपाल सरकार रक्षा मन्त्रालयअन्तर्गत श्री राष्ट्रिय सेवा दलद्वारा सञ्चालित जुनियर डिभिजन तालिममा सहभागी भएका यस विद्यालयका NCC क्याडेट विद्यार्थीहरूले नगर सरसफाइजस्तो सामाजिक क्रियाकलापमा सहभागी भएकोमा टोलबासीहरूबाट प्रशंसा गरिएको थियो ।

**(नगर सरसफाइमा सहयोग गरेका विद्यालयहरूलाई प्रकाशनका लागि सामग्री पठाउन अनुरोध छ । - प्रधान सम्पादक)**

# तानसेन-११ मा कुलोबन्दै



**- दामोदरप्रसाद घिमिर**

तानसेन - ११ बाँझामा तानसेन नगरपालिकाको आर्थिक सहयोग तथा उपभोक्ताको जनश्रमदानमा निर्माणाधीन बाँझा नयाँ ठुलो कुलो को झलक प्रस्तुत छ -





वडाका गतिविधि आगामी अंकमा पस्तुत गर्नेछौं ।

# तानसेन-१२ मा भएका गतिविधि



**- देवेन्द्रबहादुर राना**

तानसेन नगरपालिका वडा नं. १२, बौघापोखराथोकले आर्थिक वर्ष २०७५/०७६ को लागि योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, सामाजिक विकास, वन तथा वातावरण विकास र पूर्वाधार विकास गरी ४ शीर्षकमा बस्ती/ टोलमा गई छलफल गरी योजना तथा कार्यक्रम संकलन गरिएको थियो । टोल बस्तीबाट संकलित योजना तथा कार्यक्रमलाई वडास्तरमा वडा समिति, टोल संयोजकहरू, राजनैतिक दलका प्रतिनिधिहरू, लक्षित समूहका प्रतिनिधिहरू, वडाका विषयगत कर्मचारीहरू र समाजका लब्धप्रतिस्ठित व्यक्तित्वहरूको उपस्थितिमा छलफल गरी निर्णय भएका योजना तथा कार्यक्रमहरू तेस्रो नगर सभाबाट पारित भएको छ । उक्त पारित भएका सबै योजना तथा कार्यक्रमहरू कार्यान्वन गर्न उपभोक्ता समिति गठन तथा पूनर्गठन गर्ने कार्य सम्पन्न भएको छ ।

यस प्रथम त्रैमासिक अवधिमा आर्थिक विकास तथा सामाजिक विकास तर्फका योजना तथा कार्यक्रमहरू सम्झौता भई कार्यान्वयन चरणमा गएको छ भने भौतिक पूर्वाधार तथा वन वातावरणसम्बन्धी योजना तथा कार्यक्रमहरू प्राविधिक कर्मचारी कम भएको कारणले केही योजनाको सर्वे इष्टिमेट भएको र केही योजनाको सर्वे तथा इष्टिमेट अर्को त्रैमासिकमा गर्ने लक्ष्य रहेको छ । योजनाहरूलाई छिटोछरितो गर्नकालागि उपभोक्ता समितिका पदाधिकारीहरूलाई तालिम दिने कार्यक्रम रहेको छ ।

तानसेन नगरपालिका १२ नं. वडा कार्यालयबाट यस त्रैमासिक अवधिमा वडाबासीहरूलाई सेवासुविधा प्रदान गरेवापत् निम्न अनुसार राजश्व संकलन भएको छ । सिफारिस दस्तुरबाट रू. ४२,५००/, निवेदन दस्तुरबाट रू. १,२६५/, सर्जमिन दस्तुरबाट रू. ४,५००/, नाताप्रमाणित दस्तुरबाट रू. ३,३००/, सम्पत्ति मूल्याङ्कन दस्तुरबाट रू. ८,४६०/ र घटना दस्तुरबाट रू. २,१००/ गरी जम्मा रकम रू. ६२,१२५/ राजश्व जम्मा भएको छ । चाडपर्व र खेतीको मौसम भएकाले यस अवधिमा विकास निर्माणका काम सुचारू हुन सकेन ।

**(वडा सचिव मञ्जु आचार्यको सहयोगमा)**

# तस्बिरमा तानसेन




पाल्पा पोखरा पर्यटकीय बस सेवा शुरू समारोह



उपभोक्ता समिति पदाधिकारीहरूलाई सहजीकरण गर्दै इन्जिनियर रामप्रसाद श्रेष्ठ




मध्यपुर ठिमीका पाहुनाहरूसँग तानसेन नगरप्रमुख, उपप्रमुख लगायत



आन्तरिक राजश्व शाखामा सेवाग्राहीलाई सेवा प्रदान गर्दै




पाल्पाली करूवा अगाडि फोटो खिच्दै आन्तरिक पर्यटक



टुँडिखेल तल तीनधारा जानेबाटो सफा गर्दै सरसफाइकर्मीहरू

## “सफा सुन्दर तानसेन शहर; हामी सबैको रहर !”






### तानसेन नगरकार्यपालिकामा कार्यरत नगरप्रहरीहरू

१, नगरप्रहरी कमाण्डर - जयप्रकाश उप्रेती
२, नगरप्रहरी - शंकरबहादुर रावल
३, नगरप्रहरी - बद्रीविक्रम खपाङ्गी मगर
४, नगरप्रहरी - लोकेन्द्र न्यौपाने
५, नगरप्रहरी - कृष्ण बस्याल
६, नगरप्रहरी - विनोद विष्ट
७, नगरप्रहरी - सम्झना बि.क
८, नगरप्रहरी - सावित्रा सोमै

